सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ माघ २०८२, बिहीबार (29 Jan 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २८० ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



भक्तपुरमा तात्यो चुनावी माहोल

विरासत जोगाउन र किल्ला भत्काउन प्रतिस्पर्धा

(विस्तृत पृष्ठ ३)

इरानमा किन यति बलिया छन् खामेनी ?



हजारौँ धर्मगुरु, सुरक्षा अधिकारी र टेक्नोक्रेटहरू दिनरात सैन्य, गुप्तचर, आर्थिक, न्यायिक र सांस्कृतिक क्षेत्रमा खामेनीको भूमिका बढाउन सक्रिय

(पृष्ठ ६)

काठमाडौं-तराई द्रुतमार्गमा ६ महिनामा ३% मात्रै काम

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नयाँ सरकारका लागि बन्दै छ सुशासन मार्गचित्र

मार्गचित्र तयारीको चरणमा मुख्यसचिव, सचिव, सहसचिव र तीनैवटा सुरक्षा निकायका प्रमुखसहित पाँच सय उच्चपदस्थको संयुक्त मन्थन



बुधबार काठमाडौंमा भएको कार्यशालामा सहभागी सरकारी उच्च अधिकारीहरू

■ यस्ता छन् सुशासन मार्गचित्र तयार गर्न उच्चस्तरीय समितिलाई दिइएका ६बुँदे कार्यादेश

१ तीनै तहका सरकारी निकाय र सार्वजनिक संस्थानमा भ्रष्टाचार हुन सक्ने क्रियाकलाप, क्षेत्र, कारण आदिको पहिचान गर्ने

२ सार्वजनिक सेवा प्रवाह गर्ने तीनै तहका सार्वजनिक निकायसँग सम्बन्धित कानुनी, नीतिगत, संस्थागत, जनशक्ति, प्रक्रियागत व्यवस्था, सोको कार्यान्वयनको अवस्था र समस्या पहिल्याउने

३ भ्रष्टाचार रोकथाम र नियन्त्रणका लागि राष्ट्रसेवक कर्मचारीको व्यवस्थापन, आचरण, तालिम, दण्ड तथा उत्प्रेरणाका लागि प्रभावकारी सुधार गर्ने

४ सेवा प्रवाहमा सरलीकरण एकद्वार सेवा केन्द्र, विद्युतीय सुशासनको अवलम्बन, खुला सरकार, कार्यप्रक्रियाको पुनः इन्जिनियरिङलगायतबाट सेवाको लागत र समय घटाउने, सार्वजनिक सेवालाई अनुमानयोग्य बनाउने र सेवाको गुणस्तर अभिवृद्धिका लागि गर्नुपर्ने क्रियाकलाप औंल्याउने

५ सार्वजनिक निकायमा हुने भ्रष्टाचार नियन्त्रण र सार्वजनिक सेवालाई चुस्त, मितव्ययी, जवाफदेही, प्रभावकारी बनाई जनविश्वास कायम गर्न र सुशासनको प्रत्याभूति दिन गर्नुपर्ने कानुनी, नीतिगत, संस्थागत/संरचनागत र प्रक्रियागत सुधारको खाका बनाउने

६ सार्वजनिक प्रशासनमा हुने भ्रष्टाचारको नियन्त्रण र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा सुधारका उपाय पहिल्याउने

● सचिव र सहसचिवहरूलाई मुख्यसचिव सुमनराज अर्यालको सुझावसहितको निर्देशन-



निजामती कर्मचारीमा व्यक्तिवादी सोच हाबी भयो। समाजले हामीलाई राम्रो किसिमबाट हेर्दैन। व्यक्तिगत स्वार्थलाई किनारामा राखेर हामी राष्ट्रिय स्वार्थमा केन्द्रित होऔं। अब हाम्रो सुशासनको प्रस्थानविन्दु भनेको २३ र २४ भदौ नै हो। आउने सरकारलाई हामीले त्यसको मार्गचित्र दिन सकेनौं भने निकम्मा ठहरिन्छौं, यसमा हामी सबै स्पष्ट हुनुपर्छ।

● सुशासन मार्गचित्र बनाउन गठित उच्चस्तरीय समितिका संयोजक गोविन्दबहादुर कार्की भन्छन्-



चुनावपछि आउने नयाँ सरकारलाई पहिलो दिनमै सुशासनको मार्गचित्र दिने गरी तयारी गरिएको छ। छलफलबाट प्राप्त रायलाई पनि समेटेर मार्गचित्रलाई अन्तिम रूप दिन्छौं।

सुवास भट्ट/नयाँ पत्रिका

जेन-जी आन्दोलनको मूल एजेन्डा थियो भ्रष्टाचार नियन्त्रण र सुशासन कायम। त्यही आन्दोलनको जगमा बनेको सुशीला कार्की नेतृत्वको चुनावी सरकार २१ फागुनमा निर्वाचन गराउन केन्द्रित छ। तर, यो प्रमुख अभिभारासँगै अर्को महत्त्वपूर्ण काम पनि गर्दै छ, अर्थात् आगामी सरकारका लागि सुशासनको मार्गचित्र

» पृष्ठ ९ मा क्रमशः

आचारसंहिता उल्लंघनमा १० दिनमै आयोगले काट्यो २१ स्पष्टीकरण पत्र


बालेन्द्र शाह


महेश बस्नेत


सिके राउत


शक्ति बस्नेत


हिक्मत कार्की


हर्क साम्पाङ


जगदीश खरेल


इस्राइल मन्सुरी


खगेन्द्र सुनार


निशा अधिकारी



● **सुमन घिमिरे,** सूचना अधिकारी, निर्वाचन आयोग

कुनै उजुरी आयो वा आयोग स्वयंले थाहा पाएपछि आयोगमा रहेको उच्चस्तरीय आचारसंहिता समितिले स्पष्टीकरण सोध्ने निर्णय गर्छ। अनि सम्बन्धित शाखाले चिठी पठाउँछ। पत्र प्राप्त गरेको तीन दिनभित्र स्पष्टीकरण पेस गर्न भनिएको छ। तर, बुधबारसम्म कसैले पनि जवाफ बुझाएका छैनन्।

■ कसलाई कुन कसुरमा स्पष्टीकरण ?

कमलराज भट्ट, शिवहरि घिमिरे

प्राप्त उजुरी र स्वयंकै अनुगमनलाई आधार मानेर निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघनमा दल, उम्मेदवार, व्यक्ति र संस्था गरी २१ वटा स्पष्टीकरण पत्र काटेको छ। आचारसंहिता लागेको १० दिनमै आयोगले धमाधम स्पष्टीकरण पत्र काटेको हो। प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनका लागि आयोगले ५ माघदेखि निर्वाचन

» पृष्ठ ९ मा क्रमशः

फोटोसहितको मतदाता नामावली छपाइ सकियो

पहिलो चरणमा एक करोड ८९ लाख तीन हजार ६९९ जनाको रंगीन फोटोसहितको नामावली ७७ वटै जिल्ला पुगिसक्यो, अब त्यति नै संख्यामा फोटोसहितको नामावली पठाइने

०७९ यता थपिएका मतदातालाई मात्रै मतदाता परिचयपत्र

(विस्तृत पृष्ठ ९)

www.laminartiles.com

#LAMINAR
is
VITRIFIED
now
N.S. CERTIFIED
#LiveBetter



Laminar Tiles | Laminar Tiles | Laminar Tiles | laminartiles | laminartiles | laminartiles | laminar.tiles

N.S. 617

Factory & Exhibition Center
Gulariya Nagarpalika-8, Bardiya
Google Map Code: 59Q3+9V Gulariya

Experience Center
1st Floor, Uttar Dhoka Road, Kathmandu
Google Map Code: P89F+2MQ Kathmandu

Customer Care No.
+977 9802364639
info@laminartiles.com

FOR MORE INFO

निगमका पूर्वअध्यक्ष चतुर्वेदीको एक रोपनी चार आना जग्गा जफत

नयाँ पत्रिका

नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष दिवंगत रामाज्ञाप्रसाद चतुर्वेदीको काठमाडौंको पेप्सिकोलास्थित एक रोपनी चार आना जग्गा जफत गरी सरकारले आफ्नो नाममा ल्याएको छ। भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतबाट जफतको फैसला भएअनुसार गृह मन्त्रालयअर्न्तगतको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले जग्गा आफ्नो नाममा ल्याएर खाली गराएको हो।

सर्वोच्च अदालतबाट फैसला भएको १४ वर्षपछि बल्ल सरकारले सो जग्गा जफत गरेको हो। २१ भदौ ०६८ मै सर्वोच्च अदालतले उनलाई गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको थियो। सो जग्गा भाडामा लगाएर फुटसल सञ्चालन गरिएको थियो।



जग्गा जफत भएसँगै खाली गराइएको र त्यहाँ गोदाम बनाउन लागिएको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका उपसचिव सुभाष न्यौपानेले बताए। 'सर्वोच्च अदालतको फैसलाअनुसार जग्गा विभागको नाममा आएको छ,' उनले भने, 'त्यहाँ हामीले गोदाम बनाउने तयारी गरिरहेका छौं।' सर्वोच्च अदालतले काठमाडौं महानगरपालिका- ३३ पेप्सिकोलामा रहेको दुई रोपनी ११ आना जग्गा र सँगैको दुई आना एक पैसा जग्गा चतुर्वेदीले भ्रष्टाचारबाट आर्जित धनले खरिद गरेको ठहर गर्दै त्यसको आधा हिस्सा जफत गर्न आदेश दिएपछि सकारको नाममा आएको हो। कित्ता नम्बर ६५ र ७९१ को मा पर्ने सो जग्गा भाडामा लगाएर 'इजी फुटसल' सञ्चालन हुँदै आएको थियो। गत चैतमै गृह मन्त्रालयले जफत गर्ने निर्णय गरेकोमा हालै मालपोत कार्यालयबाट पुरानो दाखिला खारेज भई विभागको नाममा आएको हो।

सर्वोच्चको फैसलाअनुसार चतुर्वेदीको परिवारका सदस्यका नाममा पर्सा जिल्लाको साबिक रामगढवा- ४ (हाल वीरगन्ज महानगरपालिका- २४) मा रहेको पाँच कट्ठा जग्गा पनि जफत गरेर सरकारको नाममा ल्याइएको विभागले जनाएको छ। त्यस्तै, विभागले भन्सारका पूर्वनायब सुब्बा केदारनाथ ढुंगानाको चितवनको भरतपुरस्थित एक कट्ठा जग्गा तथा त्यसमा बनेको घर जफत गरी आफ्नो नाममा ल्याएको छ। नेसनल कन्स्ट्रक्सन कम्पनी लिमिटेडको प्रबन्धक रहेकै बेला नेवानि अध्यक्ष नियुक्त चतुर्वेदीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २ ९ माघ ०५९ मा ६ करोड ९१ लाख ८२ हजार ५३५ गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

निर्णय भएका कतिपय व्यक्तिका घरजग्गा भने अझै सरकारको नाममा आएनन्

गृह मन्त्रालयबाट जफत हुने भनेर निर्णय भइसकेका पूर्वगृहमन्त्री खुमबहादुर खड्काको सानेपास्थित जग्गा, पूर्वसहसचिव अजितकुमार मिश्रको लाजिम्पाटस्थित घरजग्गा र पूर्वउपसचिव मुरारी कार्कीको सिनामंगलस्थित घरजग्गा सरकारको नाममा आउन सकेको छैन। उनीहरूले मूल्यांकन समयको बराबरको पैसा तिरेर घरजग्गा फिर्ता लिने प्रयास गरेपछि विवाद भएको हो। जसलाई विशेष अदालतले अस्वीकार गरेको थियो। त्यसविरुद्ध उनीहरू अदालत गएका हुन्। केही मुद्दा सर्वोच्च त केही विशेषमा विचाराधीन छन्। नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी 'ग्रे लिस्ट'मा पर्नुको एउटा कारण कसुरजन्य सम्पत्ति व्यवस्थापनमा भइरहेको ढिलाइ पनि हो।

पोखरा फाइनान्स लिमिटेड
POKHARA FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
Since 2053 B.S.
Head Office : Newroad, Pokhara-9, Kaski
Phone : 061-544135, 544136
Email: info@pokharafinance.com.np
URL : www.pokharafinance.com.np

Unaudited Financial Statements (Quarterly)
2nd Quarter (As on 30/09/2082) of the Fiscal Year 2082/83

Unaudited Condensed Statement of Financial Position
As on 30 Poush 2082

Amount in NPR

Particulars	Current Year	Immediate Previous Year Ending (Audited)
Assets		
Cash and Cash Equivalents	1,174,295,073	1,005,162,738
Due from Nepal Rastra Bank	342,363,039	674,005,708
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to BFIs	2,875,395	14,773,739
Loans and Advances to Customers	4,046,463,527	4,990,012,435
Investment Securities	1,505,739,039	201,535,723
Current Tax Assets	60,969,518	52,847,033
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investment Property	431,467,348	481,667,312
Property and Equipment	238,044,827	162,866,073
Goodwill and Intangible Assets	1,077,118	1,322,162
Deferred Tax Assets	359,557,565	347,779,218
Other Assets	95,290,633	125,242,355
Total Assets	**8,258,143,081**	**8,057,214,496**
Particulars	**Current Year**	**Immediate Previous Year Ending (Audited)**
Liabilities		
Due to Bank and Financial Institutions	15,648,130	25,211,921
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	7,389,071,078	7,129,270,596
Borrowings	-	92,953,461
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	210,995,362	190,592,950
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**7,615,714,570**	**7,438,028,927**
Equity		
Share Capital	1,082,556,605	1,082,556,605
Share Premium	-	-
Retained Earnings	(1,446,673,964)	(1,489,146,434)
Reserves	1,006,545,870	1,025,775,398
Total Equity Attributable to Equity Holders	**642,428,511**	**619,185,569**
Non Controlling Interest		
Total Equity	**642,428,511**	**619,185,569**
Total Liabilities and Equity	**8,258,143,081**	**8,057,214,496**
Contingent Liabilities and Commitments	149,788,942	168,393,603

Unaudited Condensed Statement of Profit or Loss
For the Period Ending 30 Poush 2082

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter(YTD)	This Quarter	Upto This Quarter(YTD)
Interest Income	130,814,687	279,965,874	251,554,467	559,443,658
Interest Expense	97,281,997	212,591,814	183,296,429	416,363,006
Net Interest Income	**33,532,690**	**67,374,061**	**68,258,038**	**143,080,653**
Fee and Commission Income	1,485,474	2,378,547	2,104,206	4,167,924
Fee and Commission Expense	391,721	719,219	329,023	592,169
Net Fee and Commission Income	**1,093,753**	**1,659,328**	**1,775,182**	**3,575,754**
Net Interest, Fee and Commisson Income	**34,626,444**	**69,033,389**	**70,033,220**	**146,656,407**
Net Trading Income	-	-	-	-
Other Operating Income	341,958	1,700,328	8,612,340	14,047,503
Total Operating Income	**34,968,402**	**70,733,717**	**78,645,560**	**160,703,910**
Impairment Charge/ (Reversal) for Loans and Other Lossess	(123,241,905)	(64,916,904)	907,599,250	1,005,269,539
Net Operating Income	**158,210,306**	**135,650,621**	**(828,953,689)**	**(844,565,630)**
Operating Expense				
Personnel Expenses	35,010,702	72,008,657	32,680,894	73,529,897
Other Operating Expenses	17,720,441	35,173,753	15,997,210	33,115,570
Depreciation & Amortisation	3,081,907	5,831,797	3,273,439	6,710,969
Operating Profit	**102,397,256**	**22,636,413**	**(880,905,233)**	**(957,922,066)**
Non Operating Income	5,709,945	6,109,945	-	-
Non Operating Expense	-	144,128	-	-
Profit Before Income Tax	**108,107,200**	**28,602,229**	**(880,905,233)**	**(957,922,066)**
Income Tax Expense				
Current Tax	8,222,327	8,222,327	(14,608,776)	-
Deferred Tax	5,855,809	(9,125,483)	(277,333,474)	(319,957,738)
Profit for the Period	**94,029,065**	**29,505,385**	**(588,962,983)**	**(637,964,328)**
Condensed Statement of Comprehensive income				
Profit/Loss for the Period	94,029,065	29,505,385	(588,962,983)	(637,964,328)
Other Comprehensive Income	3,807,620	(6,190,016)	(6,190,016)	(12,067,185)
Total Comprehensive income for the Period	**97,836,685**	**23,315,369**	**(595,152,999)**	**(650,031,513)**
Profit Attributable to:				
Equity-holders of the Bank	97,836,685	23,315,369	(595,152,999)	(650,031,513)
Non-Controlling Interest				
Profit for the Period	**97,836,685**	**23,315,369**	**(595,152,999)**	**(650,031,513)**
Earnings per Share				
Basic Earnings per Share		2.73		(58.93)
Annualized Basic Earnings Per Share		5.45		(117.86)
Diluted Earnings per Share		5.45		(117.86)

Ratios as per NRB Directive

Particulars	Current Year	Previous Year Corresponding
Capital Fund to RWA	-1.67%	-3.08%
Tier 1 Capital to RWA	-1.67%	-3.08%
CET 1 Capital to RWA	-1.67%	-3.08%
Return on Equity	9.35%	-33.21%
Return on Assets	0.72%	-2.44%
Non-Performing Loan(NPL) to Total Loan	32.77%	33.44%
Net Non-Performing Loan (NPL) Ratio	7.07%	10.59%
Total Loan Loss Provision to Total NPL	82.93%	72.01%
Cost of Funds	5.32%	6.28%
Credit to Deposit Ratio	70.21%	75.23%
Base Rate	8.22%	8.23%
Interest Rate Spread	3.69%	4.26%

The cost of fund, base rate and interest rate spread represents average figures of three months of this quarter.

Statement of Distributable Profit or Loss
For the Period Ending 30 Poush 2082 (As per NRB Regulation)

Amount in NPR

Particulars	Current Year
Profit/Loss for the Period	**29,505,385**
Appropriations:	
a. General reserve	(5,901,077)
b. Foreign exchange fluctuation fund	-
c. Capital redemption reserve	-
d. Corporate social responsibility fund	(295,054)
e. Employees' training fund	-
f. Other	
> CSR Reserve Write Back	76,065
> Fair Value Gain from Disposal of Shares recognized in equity	-
> Prior Period Adjustments	(72,427)
Profit or (loss) before regulatory adjustment	**23,312,892**
Regulatory adjustment :	
Transfer to Regulatory Reserve	(9,125,483)
Transfer from Regulatory reserve	28,285,061
Distributable profit or (loss)	**42,472,470**
Opening Retained Earning as on Shrawan 1, 2082	**(1,489,146,434)**
Adjustments	
Distribution	-
Total Distributable profit or (loss) as on Poush 30, 2082	**(1,446,673,964)**
Annualised Distributable Profit/Loss per share	*-133.63%*

Note:
1. The above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and NRB Guideline. The unaudited financial figure may change if directed by statutory auditor and regulators.
2. The Finance has adopted NFRS 9 for Expected Credit Loss Model and presented in the financial statement as per the Expected Credit Loss Related guidelines 2024 issued by NRB.
3. Interest Income Recognition for exposure classified under Non-Performing Loan has been considered on an actual receipt basis.
4. Loan and advances are presented net of impairment charges and includes interest receivables and staff loans.
5. Previous Year quarter ending figures are reclassified and regrouped wherever necessary to make the same comparable with the current year's figure and updated based on latest changes.
6. Detail interim financial report has been published in our Finance's website www.pokharafinance.com.np

धितोपत्र दर्ता तथा निष्काशन नियमावली
२०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)
आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक विवरण

१. **वित्तीय विवरण :**

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान हिसाव सम्बन्धी विवरण:** वित्तीय संस्थाको यस त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाव सम्बन्धी विवरण यसै साथ संलग्न रहेको छ र यस वित्तीय संस्थाको वेभसाईट www.pokharafinance.com.np मा समेत जानकारीको लागि राखिएको छ।

ख) **प्रमुख वित्तीय परिसूचकहरु :**

प्रति शेयर आम्दानीर(घाटा) रु.	५.४५	प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.	७६२.८४
मूल्य आम्दानी अनुपात	-		
प्रति शेयर नेटवर्थ रु.	५९.३४	तरलता अनुपात	३९.७७

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको कारण सम्बन्धी विवरण:** उल्लेखित अवधिमा यस वित्तीय सस्थाले आवश्यक तरलता व्यवस्थापन सहज रुपमा गरेको छ। व्यापार व्यवसायहरुमा देखिएको संकुचनलाई भाद्र महिनामा भएको आन्दोलन र यसले निम्त्याएको राजनीतिक अस्थिरताले केही हदसम्म भएपनि अझै खुम्च्याउँदै गरेको प्रतित भएको छ। देशमा छाएको आर्थिक मन्दी समेतका कारणले वित्तीय संस्थाको निष्कृय कर्जामा भएको वृद्धि एवं सोबाट पुँजीकोषमा पर्न गएको भार तथा नयाँ कर्जा प्रवाहमा संकुचन आदिले संस्थाको नाफामा प्रतिकुल असर पारेको देखिन्छ। यस किसिमका समस्याका बाबजुद त्रयमासको अन्तिम महिनामा आन्तरिक पर्यटन अप्रत्यासित तवरले वृद्धि भएकाले अर्थतन्त्रमा केही सुधार सहित आगामी त्रयमासमा ग्राहकको कर्जा तथा व्याज भुक्तानी गर्ने क्षमतामा सुधार भई ऋण असुली प्रभावकारी हुनेमा यस संस्था आशावादी रहेको छ तथा संस्थाको व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्त गर्ने र साथै यसको प्रभावबाट संस्थालाई क्रमशः माथि उकास्नेमा व्यवस्थापन आशावादी रहेको छ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:** व्यवसायमा अन्तर जोखिमको प्रभावकारी व्यवस्थापन गरी निक्षेपकर्ता, ऋणी, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको सर्वोत्तम हित संरक्षण गर्दै सबै पक्षलाई लाभान्वित हुने गरी वित्तीय संस्थाले कारोबार गर्दै आइरहेको छ। निष्कृय कर्जाको कमशः व्यवस्थापन गर्दै जाने, वृहत्तर व्यवसायिक योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, पुँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने, छिटो छरितो गुणस्तरीय एवं भरपर्दो ग्राहकमैत्री बैंकिङ सेवा सुलभ तरिकाले सर्वसाधारणको पहुँच भित्र पुऱ्याउने तथा समृद्धि फाइनान्स कं. लि. संगको मर्जरको कार्यलाई यथाशीघ्र टुङ्गयाउने वित्तीय संस्थाको योजना रहेको छ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:** गत २०८२ भाद्र महिनामा भएको आन्दोलन र यसले निम्त्याएको राजनीतिक अस्थिरताबाट सुस्ताएको आर्थिक गतिविधिबाट अधिकतम् व्यवसायका साथै यस संस्था र यस संस्थाका ऋणीहरुमा समेत प्रतिकूल असर पर्न गई आय अवस्था तथा खुद नगद प्रवाह कमजोर रहन गएकाले संस्थाको वित्तीय प्रगति समेत ऋणात्मक देखिएता पनि संस्थाको मौज्दात वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था भएको छैन र संस्थाको बिगतदेखिको प्रगति कायम राख्न अझ बढी संवेदनशील भई कार्य गरिनेमा व्यवस्थापन कटिबद्ध रहेको छ। संस्थाले समृद्धि फाइनान्स कम्पनी लिमिटेड संग मर्जरको लागि सम्झौता गरेकोमा नियमनकारी निकायबाट प्रारम्भिक सहमति प्राप्त भएको र २०८२ फागुन महिना भित्रै मर्जर सम्बन्धी कार्य सम्पन्न गरिने योजना रहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) **यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :** वित्तीय संस्थाको कर्जा असुलीसँग सम्बन्धित बाहेक अन्य कुनै मुद्दा नरहेको।

ख) **वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :** संस्थाको जानकारीमा नआएको।

ग) **वित्तीय संस्थाको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :** संस्थाको जानकारीमा नआएको।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) **धितोपत्र बजारमा संगठित संस्थाको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :** शेयर कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य, मान्यता अनुरुप हुने गरेको छ।

ख) समीक्षा अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन :

अधिकतम मूल्य रु.	४०५.००	कारोवार भएको कुल दिन	५५
न्यूनतम मूल्य रु.	३५५.००	कारोवार भएको कित्ता संख्या	५०२,४२२
अन्तिम मूल्य रु.	३५९.९०	कारोबार संख्या	४,४००

(श्रोत : नेपाल स्टक एक्स्चेन्ज लिमिटेड)

५. **समस्या तथा चुनौती :**

आन्तरिक: जोखिम व्यहोर्ने क्षमतामा परेको भार, घट्दो व्यवसायिक आम्दानी, बढ्दो सञ्चालन खर्च, दक्ष जनशक्तिको अभाव एवं सञ्चालन जोखिम आदि रहेका छन्।

बाह्य : प्रतिस्पर्धी बैंकिङ्ग क्षेत्र, सूचना प्रविधिका क्षेत्रमा देखा परेका सुरक्षा जोखिम, नियामक निकायबाट समय समयमा हुने नीतिगत व्यवस्थामा परिवर्तन, अस्थिर राजनीति, संस्थाको साखमा पर्न गएको धक्का, कर्जा गुणस्तरीयतामा आएको कमी, व्यवसायीहरुको मनोबलमा आएको कमी आदि रहेका छन्।

रणनीति: देशको अर्थतन्त्रमा छाएको मन्दीका कारण व्यापार, व्यवसाय आशातीत रुपले चलायमान नभएको परिप्रेक्ष्यमा व्यवसायिक गतिविधि निरन्तरताका लागि आवश्यक वित्तीय सहजीकरण, उपलब्ध स्रोत तथा साधनको अधिकतम परिचालन गरी लक्ष्य अनुसार खराब कर्जा व्यवस्थापनमा जोड दिएसँगै पुँजीकोषमा सुधार, तरलता व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली र सूचना प्रविधि सबलीकरण, आधुनिक बैंकिङ प्रविधिको सुरक्षित तथा अधिकतम प्रयोग गर्ने, कर्मचारीको कार्यक्षमता अभिवृद्धिको लागि आन्तरिक तथा बाह्य तालिमको व्यवस्था गर्दै बाह्य चुनौतीका कारण उत्पन्न हुन सक्ने जोखिमको पूर्वानुमान गरी समाधानका लागि आवश्यक रणनीति तयार गरी कार्यान्वयन गर्दै जाने रणनीति वित्तीय संस्थाले लिएको छ भने समृद्धि फाइनान्स कं. लि. सँग मर्जरको निम्ति सम्झौता भएको अवस्थामा हरसम्भव आगामी तीन (३) महिनाभित्र नै एकीकृत कारोवार सञ्चालन गर्ने रणनीति लिईएको छ।

६. **संस्थागत सुशासन :**

यस वित्तीय संस्थाका सञ्चालक तथा सम्पूर्ण कर्मचारीहरु नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनले निर्दिष्ट गरेका संस्थागत सुशासनको अक्षरशः पालनामा सदा प्रतिवद्ध रहेका छन्। संस्थाको दैनिक कार्यहरु पारदर्शी एवं नियमसंगत तवरले सम्पादनका लागि संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति एवं कर्मचारी सेवा शर्त तथा सुविधा समिति नियमित रुपमा क्रियाशील रहेको छ। बैंकिङ कारोवारलाई नियमित रुपमा सुव्यवस्थित तरिकाबाट सञ्चालनको निमित्त आन्तरिक नीति, नियमको अलावा नियमन निकाय, लेखापरीक्षकहरुको निर्देशन, सुझावको परिपालना एवं व्यवस्थापनद्वारा नियमित तवरले तोकिए बमोजिमका सूचना विवरणको प्रकाशन, सम्प्रेषण समेत गर्दै आएको छ। साथै वित्तीय सस्थाका शेयरधनीहरु, ग्राहकहरु तथा सरोकार वालाहरु सबैको हित संरक्षण गर्नको लागि व्यवस्थापनपक्ष सदैव प्रतिवद्ध रहेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोष :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुले सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन।

निर्वाचन परिचालनका लागि प्रदेश, जिल्ला र क्षेत्रमा कांग्रेसको परिपत्र

विजय अभियानका लागि समिति बनाउन निर्देशन

नयाँ पत्रिका



कांग्रेसले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि विजय अभियान व्यवस्थित बनाउन केन्द्रदेखि प्रदेशसम्म समिति र संरचना गठन गर्न क्षेत्रसम्म परिपत्र जारी गरेको छ। चुनाव परिचालन समिति गठन नभएका ठाउँमा अविलम्ब गठन गर्न अनुरोध गर्दै कांग्रेस केन्द्रीय कार्यालयले बुधबार प्रदेश, जिल्ला र क्षेत्रीय समितिलाई पठाएको परिपत्रमा सचिवालयदेखि समिति गठनको ढाँचा पठाएको छ।

पार्टी उपसभापति एवं केन्द्रीय निर्वाचन परिचालन समितिका संयोजक विश्वप्रकाश शर्माले हस्ताक्षर गरेर पठाएको परिपत्रमा कांग्रेसले १८ वर्षमाथि र ३० वर्षमुनिका नवयुवालाई सहभागी गराएर १८-३० विशेष अभियान सञ्चालन गर्न पनि निर्देशन दिएको छ। सातै प्रदेश, ७७ जिल्ला र १६५ निर्वाचन क्षेत्रका पार्टी सभापतिका नाममा कांग्रेसले परिपत्र जारी गरेको छ। कांग्रेसले १२ बुँदामा पठाएको परिपत्रको पहिलो बुँदामा निर्वाचन अभियान व्यवस्थित गर्न पाँचदेखि सातजनाको सानो संख्यामा सचिवालय गठन गर्न भनेको छ। सचिवालयले निर्वाचनमा पार्टी कार्यालय, आन्तरिक व्यवस्थापनदेखि सार्वजनिक प्रस्तुतिसम्मको समन्वय र निर्णय लिने भनिएको छ।

निर्वाचन परिचालन मूल समितिअन्तर्गत सार्वजनिक कार्यक्रम व्यवस्थापन उपसमिति, महिला समन्वय उपसमिति, तरुण स्वयंसेवक समन्वय र व्यवस्थापन, श्रमिक क्षेत्र समन्वय र परिचालन, कृषि क्षेत्र र कृषक समन्वय र परिचालन, भ्रातृसंस्था समन्वय र परिचालन, शुभेच्छुक संस्था समन्वय र परिचालन उपसमिति गठन गर्न केन्द्रीय कार्यालयले निर्देशन दिएको छ।

प्रचारप्रसार मूल समितिअन्तर्गत मिडिया समन्वय उपसमिति तथा सामाजिक सञ्जाल समन्वय उपसमिति गठन गर्न र सामाजिक सञ्जालको थिममा नवयुवालाई अग्रसर गराउन पनि कांग्रेसले परिपत्र गरेको छ। स्थानीय तह समन्वय समिति, बौद्धिक क्षेत्र समन्वय समिति, सामाजिक संघसंस्था समन्वय समिति, धार्मिक संघसंस्था समन्वय समिति, निजी क्षेत्र समन्वय समिति गठन गर्न पनि कांग्रेस केन्द्रले परिपत्र गरेको छ। कांग्रेसले पूर्वआप्रवासी समन्वय समिति, स्थानीय प्रशासन समन्वय समिति र अनुगमन समिति गठन गर्न पनि निर्देशन दिएको छ।

■ नलिन्चोक हेलिपोर्ट निर्माणमा भ्रष्टाचार मुद्दा

विशेषको आदेशविरुद्ध सर्वोच्च पुग्यो अख्तियार

नयाँ पत्रिका

नलिन्चोकको हेलिपोर्ट निर्माणमा भएको अनियमितितासम्बन्धी भ्रष्टाचार मुद्दामा विशेष अदालतको आदेशमा असन्तुष्टि जनाई अख्तियार सर्वोच्च अदालत गएको छ। मुद्दाका प्रतिवादीहरू नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन निर्देशक मुरारी भण्डारी र उपप्रबन्धक नलविक्रम थापालाई न्यूनतम धरौटीमा छाडेको भन्दै अख्तियारले बुधबार त्यसविरुद्ध सर्वोच्च अदालतमा बेरितको निवेदन दर्ता गरेको छ।

विशेषले भण्डारीलाई पाँच लाख तथा थापालाई दुई लाख ५० हजार रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो। १३ करोड ५७ लाख ४६ हजार रुपैयाँ बिगो रहेको मुद्दामा न्यून धरौटी माग भएपछि अख्तियार विशेषको थुनछेक आदेशप्रति असन्तुष्ट भएको हो। सोही भ्रष्टाचार मुद्दामा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महाप्रबन्धक प्रदीप अधिकारीलाई भने विशेष अदालतले पुर्पक्षका लागि थुनामा पठाइको थियो। सम्भाव्यतासमेत अध्ययन नगरी नलिन्चोकमा हेलिपोर्टको निर्माण गरिएको दाबीसहित अख्तियारले गत १७ मंसिरमा सातजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो। उता, नलिन्चोक हेलिपोर्ट भ्रष्टाचार मुद्दाका प्रतिवादी रहेका परामर्शदाता गुरुदत्त अधिकारी साधारण तारेखमै रिहा भएका छन्। बुधबार विशेष अदालतमा उपस्थित भएका उनलाई न्यायाधीशहरू सुदर्शनदेव भट्ट, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले साधारण तारेखमा राख्ने आदेश दिएको थियो। अधिकारीलाई आयोगले १३ करोड बिगोदाबी गरी मुद्दा दायर गरेकोमा उनी साधरण तारेखमै छुटेका हुन्।

२२ जनालाई विशेष अदालतबाट सफाइ

विशेष अदालतले गलत लिखत तयार गरेकोसम्बन्धी भ्रष्टाचार मुद्दामा सफाइ दिने फैसला गरेको छ। जसमा २२ जना प्रतिवादीले सफाइ पाएका छन्। भारतीय नागरिकलाई नागरिकता दिएकोसम्बन्धी भ्रष्टाचार मुद्दामा विशेष अदालतले फैसला सुनाएको हो। पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका- ५ का तत्कालीन वडाध्यक्ष ओमप्रकाश तेलीलगायत १७ जनाले सफाइ पाएका हुन्।

भारतीय नागरिक अनुप मेहरालाई प्रेमशरण खत्रीको छोरा अनुपकुमार खत्री भनेर सिफारिस गरी नागरिकता दिएको अभियोग अख्तियार दुरुपयोग अनुसन्धान आयोगको थियो। वडासदस्य नरेशप्रसाद बढई, तर भारतीय नागरिकलाई आफ्नो भाइ बताउने रविकुमार खत्रीको गलत सर्जमिनमा हस्ताक्षर गर्ने मजिद जोलाहा, पूर्णमासी अहिर, प्रेमसागर चौधरी, वृजभूषणनाथ योगी, नारद कुर्मी, कपिलदेव कुर्मी, राधेश्याम बनियाँ, पशुपति बनियाँ पनि प्रतिवादी रहेकोमा उनीहरूले पनि सफाइ पाएका हुन्।

बसोबास प्रमाणित गर्ने सम्बन्धमा खडा भएको मुचुल्कामा सहीछाप गर्ने पाल्हीनन्दन गाउँपालिका- ५ बस्ने सोमै कहार, भगौती चमार, पूर्णमासी अहिर, प्रेमसागर चौधरी, मजिद जोलाहाल पनि प्रतिवादी रहेकोमा सफाइ पाएका हुन्। गलत स्थलगत सर्जमिन मुचुल्कामा सहीछाप गर्ने सेतवाध यादव, रमेश सहनी, संघर्षकुमार खत्री, भगौती चमार र हरिशंकर बनियाँलाई पनि मतियार बनाइएको थियो। विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल र विदुर कोइरालाको इजलासले बुधबार सफाइ दिएको हो। अख्तियारले २० भदौ ०८१ मा उनीहरूविरुद्ध मुद्दा दायर गरेको थियो।

टेलिकमको बिलिङसम्बन्धी मुद्दामा आज सुनुवाइ हुँदै

नेपाल टेलिकमको बिलिङसम्बन्धी ठेक्कामा भएको भ्रष्टाचार मुद्दामा विशेष अदालतमा बिहीबार सुनुवाइ हुने भएको छ। टेलिकमका पूर्वप्रबन्ध निर्देशकहरू सुनील पौडेल र संगीता पहाडीसहित १८ जना प्रतिवादी रहेको यो मुद्दामा ३३ करोड ४८ लाख रुपैयाँ बिगो कायम गरिएको छ। चीनको एसियाइन्फो लिंकेज टेक्नोलोजीलाई बदनियत राखी ठेक्का दिएर टेलिकमलाई घाटा पुऱ्याएको भन्दै गत २५ जेठमा आयोगले मुद्दा दायर गरेको थियो। यस मुद्दामा बिहीबारका लागि पेसी तोकिएको छ। बिहीबार नै फैसलाको सम्भावना रहेको अदालत स्रोत बताउँछ।

भक्तपुरमा तात्यो चुनावी माहोल

विरासत जोगाउने र किल्ला भत्काउने प्रतिस्पर्धा

शुरोजंग पण्डे/नयाँ पत्रिका

भक्तपुरमा चुनावी चहलपहल ह्वात्तै बढेको छ। ०४८ पछि लगातार नेमकिपाले चुनाव जित्दै आएको जिल्लाका रूपमा मात्र होइन, एमाले अध्यक्ष केपी ओलीको बसोबाससमेत रहेकाले २१ फागुनमा हुने भक्तपुरको चुनावी सरगर्मीलाई चासोका नजरले हेर्न थालिएको छ।

नेमकिपासहित प्रमुख दल कांग्रेस, एमाले, नेकपा, रास्वपा, राप्रपासहित स्वतन्त्र उम्मेदवार पहिलो चरणको आन्तरिक योजना र तयारी सकेर मतदाता भेटघाटतिर लागेका छन्। एमाले, नेमकिपा, कांग्रेस, रास्वपा सबै दल दुवै क्षेत्रमा जितको योजना बनाएर विभिन्न रणनीतिसहित चुनावी प्रचारमा व्यस्त हुन थालेका छन्।


०४८ देखि नै भक्तपुर १ नेमकिपाले निरन्तर जित्दै आएको क्षेत्र हो। यो क्षेत्रमा १६ राजनीतिक दल र स्वतन्त्र उम्मेदवार प्रतिस्पर्धामा छन्। नेमकिपाले निवर्तमान सांसद प्रेम सुवाललाई नै पुनः उम्मेदवार बनाएर प्रतिस्पर्धामा उतारेको छ। ०७९ को निर्वाचनको प्रतिद्वन्द्वी एमालेले पार्टीका पूर्वकेन्द्रीय सदस्य तथा चाँगुनारायण नगरपालिकाका पूर्वमेयर सोम मिश्रलाई उम्मेदवार बनाएको छ। कांग्रेसले जिल्ला नेता किरण न्यौपानेलाई उम्मेदवार बनाएको छ। अघिल्लो निर्वाचनमा कांग्रेससहितको समर्थनमा उम्मेदवार बनेका तत्कालीन माओवादी चौथो र राष्ट्रिय प्रजातन्त्र पार्टी तेस्रो भएको थियो। यसपटक एकीकृत समाजवादीसँगको एकीकरणपछि बनेको नेकपाले हरिराम लबजूलाई उठाएको छ। राप्रपाले भने यसअघिकै उम्मेदवार भरतबहादुर खड्कालाई दोहोऱ्याएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले रुकेश रञ्जितलाई उठाएको छ।

अन्य पार्टीहरू आम जनता पार्टीका देवेन्द्र ठाकुर, उज्यालो नेपाल पार्टीका रमेश मल्ल, राष्ट्रिय जनमोर्चाका ईश्वरीप्रसाद पैयानी, जसपा नेपालका श्यामसुन्दर शिल्पकार, नेकपा (माओवादी)का चन्द्रमान कोजू, श्रम संस्कृति पार्टीका विष्णुहरि न्हिसुतू, नेकपा संयुक्तका दामोदर काफ्ले, प्रगतिशील लोकतान्त्रिक पार्टीका रवि खाइजूलगायत उम्मेदवार छन्।

यो क्षेत्रमा नेमकिपा परम्परागत बिरासत जोगाएर मत थप्ने योजनामा छ भने अघिल्लो चुनावको प्रतिद्वन्द्वी एमाले सशक्त ढंगले जित्ने दाउमा लागेको छ। ०७४ सम्म नेमकिपापछिको शक्ति ठान्ने कांग्रेस यसपटक अघिल्लोपटक पार्टीको उम्मेदवार नहुँदा माओवादीलाई दिएको र तितरबितर मत संगठित गरेर मत थपेर संगठन बलियो बनाउने योजनामा छ। कांग्रेसको साथ पाएर गठबन्धन गर्दासमेत चौथो पोजिसनमा देखिएको नेकपाले जितका लागि प्राथमिकता दिएको छैन। राप्रपा मत जोगाउँदै थप्ने योजनामा छ। अघिल्लोपटक उपस्थिति मात्रै जनाएको रास्वपा भने अहिले माहोल देखिएको भन्दै उत्साहित छ।

भक्तपुर २ मा १७ राजनीतिक दल तथा १५ स्वतन्त्र गरी ३२ जना उम्मेदवार छन्। जसअनुसार अघिल्लो निर्वाचनमा झिनो मतान्तरमा कांग्रेसका दुर्लभ थापा विजयी भएको यस क्षेत्रमा उसले कबिर राणालाई नयाँ उम्मेदवारका रूपमा उतारेको छ। एमालेले पार्टी सचिवसमेत रहेका महेश बस्नेतलाई नै उम्मेदवार बनाएको छ। उनी ०७४ का विजेता तथा ०७९ मा थापाका प्रतिद्वन्द्वी उम्मेदवार पनि हुन्।

कति छन् मतदाता र मतदान केन्द्र ?



भक्तपुर १ : मतदाता १,००,७५४
महिला : ५४,९८८
पुरुष : ५२,०६६
मतदानस्थल : ३७
मतदान केन्द्र : ११९

भक्तपुर २ : मतदाता ९८,३५६
महिला : ५०,२७७
पुरुष : ४८,०७४
अन्य : ५
मतदानस्थल : ३९
मतदान केन्द्र : ११४

अघिल्लो निर्वाचनमा तेस्रो मत ल्याएको नेपाल मजदुर किसान पार्टीले रमेश वैद्य, चौथो मत ल्याएको रास्वपाले राजीव खत्री, पाँचौं स्थानको मत ल्याएको राप्रपाले विक्रम थापालाई उम्मेदवार बनाएको छ। नेकपाले भने केन्द्रीय सदस्य तथा वाइसिएलका पूर्वअध्यक्ष रामप्रसाद सापकोटालाई उम्मेदवार बनाएको छ। आम जनता पार्टीकी देवकुमारी साह, उज्यालो नेपाल पार्टीका जितराम लामा, नेपाली पार्टीका राजेश बाडे, मंगोल नेसनल अर्गनाइजेसनका पेम्बा घले, श्रम संस्कृति पार्टीका अर्जुन वासु, जसपा नेपालका नवीन श्रेष्ठ, नेकपा (माओवादी)का प्रकाशराज ढुंगेल, त्रिमूल नेपालका राकेश श्रेष्ठ, नेकपा संयुक्तका लोककृष्ण दाहाललगायतले उम्मेदवारी दिएका छन्।

भक्तपुर २ मा कांग्रेस आन्तरिक पक्ष सुदृढ बनाएर अघिल्लो निर्वाचनको जितलाई निरन्तरता दिने गरी चुनावी परिचालनमा अघि बढेको छ। बस्नेत भने अघिल्लोपटकको पराजयबाट पाठ सिकेर पुनः 'कम ब्याक' गर्ने रणनीति बनाएर प्रचारमा अघि बढेका छन्। नेमकिपा भने भक्तपुर १ मा गरेको विकास निर्माणलाई प्रचार गरेर जितको प्रयत्नमा देखिन्छ। रास्वपा अघिल्लो निर्वाचनको मत रक्षा गर्दै माहोल सकारात्मक रहेको मूल्यांकनसहित जित्ने योजनामा अघि बढेको छ। यसअघि सञ्चार क्षेत्रमा युट्युबरका रूपमा सक्रिय खत्रीका लागि क्षेत्र नयाँ भए पनि जितका लागि पार्टीले नै योजना बनाएर कोसिस गरेको छ। नेकपाले युवा क्षेत्रमा क्रियाशील नयाँ अनुहारका रूपमा अघि सारेको उम्मेदवार सापकोटाप्रति आकर्षण बढाएर जित्ने गरी रणनीति बनाएको छ।

भक्तपुरमा दुई लाख पाँच हजार ४१० मतदाता छन्। तीमध्ये एक लाख पाँच हजार २६५ महिला र एक लाख १४० पुरुष तथा पाँचजना अन्य मतदाता छन्। भक्तपुर १ अन्तर्गत चाँगुनारायण र भक्तपुर नगरपालिका पर्दछन्। यी क्षेत्रमा ५२ हजार ६६ पुरुष र ५४ हजार ९८८ महिला मतदाता गरी एक लाख सात हजार ५४ मतदाता छन्। यो क्षेत्रमा ३७ मतदानस्थल र ११९ मतदान केन्द्र छ।

भक्तपुर २ मा मध्यपुर थिमि र सूर्यविनायक नगरपालिकाभित्र ४८ हजार ७४ पुरुष, ५० हजार २७७ महिला र पाँचजना अन्य मतदाता गरी ९८ हजार ३५६ मतदाता छन्। यो क्षेत्रमा ३९ मतदानस्थल र ११४ मतदान केन्द्र गरी जिल्लामा कुल ७६ मतदानस्थल र २३३ मतदान छन्।

प्रत्यक्ष र समानुपातिकतर्फ अघिल्लो निर्वाचनको परिणाम

भक्तपुरमा १ मा ४२ हजार ७६१ मत ल्याई नेमकिपाका प्रेम सुवाल विजयी भएका थिए। प्रतिद्वन्द्वी एमालेका नवराज गेलालले ११ हजार ९६८ मत ल्याएका थिए भने तेस्रो स्थानमा राप्रपाका भरतबहादुर खड्काले नौ हजार २२२ मत तथा चौथो स्थानमा तत्कालीन माओवादी केन्द्रका सुनील गोठेले पाँच हजार १६५ मत पाएका थिए। अन्य उम्मेदवारले ६ सयभन्दा कम ल्याएका थिए।

२ मा कांग्रेसका दुर्लभ थापा क्षेत्री २४ हजार २३९ मत पाई विजयी भएका थिए भने एमालेका महेश बस्नेतले २३ हजार २८२ पाएका थिए। नेमकिपाकी अनुराधा थापा सात हजार १२७ र रास्वपाका साजन विकले चार हजार ९८ मत ल्याएका थिए।

समानुपातिकतर्फ क्षेत्र नम्बर १ मा नेमकिपाले ३२ हजार ९०४ र २ मा सात हजार ८६३ मत प्राप्त गर्दै कुल ४० हजार ७६७ मत पाएको थियो। प्रदेश सभा २ (२) जितेको एमाले समानुपातिकतर्फ २६ हजार ७० मत प्राप्त गरी जिल्लामा दोस्रो ठुलो दल बनेको थियो। उसले १ बाट आठ हजार १९४ र २ बाट १७ हजार ८७६ मत पाएको थियो।

त्यस्तै, कांग्रेस २३ हजार ७६९ र राष्ट्रिय स्वतन्त्र पार्टी २३ हजार ६ मत ल्याई क्रमशः तेस्रो र चौथो दल बनेका थिए। कांग्रेसले १ बाट आठ हजार ८७५ र २ बाट १४ हजार ८९४ मत प्राप्त गरेको थियो। त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले १ बाट ११ हजार ११० र २ बाट ११ हजार ८९६ मत प्राप्त गरेको थियो।

त्यस्तै, राप्रपा ११ हजार ३९२ मतका साथ पाँचौं ठुलो दल बनेकोमा १ बाट पाँच हजार ९०३ र र २ बाट पाँच हजार ४८९ मत प्राप्त गरेको थियो। तत्कालीन माओवादी १ बाट एक हजार ३६७ र २ बाट ५ हजार ४८९ सहित कुल चार हजार ९८ मत प्राप्त गरी छैटौं दल बनेको थियो तत्कालीन एकीकृत समाजवादीले कुल दुई हजार १५२ मत प्राप्त गरेको थियो।



जनताले फेरि जिताउँछन् भन्नेमा विश्वस्त छौं

● **सरोजराज गोसाईं**, नेमकिपा केन्द्रीय सदस्य

पार्टीको ५२औं स्थापना दिवससँगै परिचालन समिति, घोषणापत्र तयारी, उम्मेदवारको प्रचार सामग्री बनाउने काम भएको छ। नेमकिपालाई नै विजयी बनाउनुपर्ने कारणबारे प्रशिक्षण, अन्तर्क्रिया चलिरहेको छ। पार्टीले विगतदेखि गर्दै आएको काम, संसद्मा सशक्त प्रतिपक्षीको भूमिका, भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्र बनाएर सुसंस्कृत समाज निर्माण गर्नेलगायत थुप्रै विषय प्रस्ट्याउँदै अन्तर्क्रिया, प्रशिक्षण, घरदैलो चलिरहेको छ। जनताले दुवै क्षेत्रमा मत दिएर विजयी बनाउँछन् भन्नेमा विश्वस्त छौं, तर त्योभन्दा पनि हामीले के गर्‍यौं र के गर्दै छौं भन्ने कुरा बुझाउने, एजेन्डाहरू प्रस्ट्याउने कुरालाई नै प्राथमिकतामा राखेका छौं।



धेरै मतान्तरले जित्ने योजनामा छौं

● **वचन देउजा**, एमाले जिल्ला अध्यक्ष

भक्तपुर १ मा विगतमा भन्दा बलियो उपस्थिति जनाएर प्रतिस्पर्धा गर्दै जित्ने योजनामा छौं। २ नम्बर क्षेत्र आफूनै आन्तरिक व्यवस्थापनको कमजोरी र गठबन्धनसँगको प्रतिस्पर्धाले गर्दा अघिल्लोपटक हाऱ्यौं, तर यसपटक धेरै मतान्तरले जित्ने रणनीतिसहित अगाडि बढेका छौं। क्षेत्रले अपनत्वबोध नगर्ने, नयाँ च्याँखेदाउ थापेर आएका उम्मेदवारसँग होइन, हाम्रो प्रतिस्पर्धा कांग्रेससँगै हुन्छ। तयारीकै सिलसिलामा मैरे संयोजकत्वमा परिचालन समिति बनेको छ, बिहीबार जिल्लास्तरीय भेला हुँदै छ। मतदाता भेटघाटलगायत कार्यक्रम चलिरहेका छन्।



जितलाई निरन्तरता दिँदै छौं

● **सुशील बस्नेत**, कांग्रेस जिल्ला सचिव

१ नम्बर क्षेत्रमा १८ हजारसम्म मत ल्याए पनि पछिल्लोपटक गठबन्धन गर्दा जनता रुष्ट भएर मत हराएकाले जित्न सकिएन भने पनि त्यसलाई संगठित गरेर सम्मानजनक कमब्याक गर्ने र जित्ने योजना छ। २ नम्बर क्षेत्रमा जितलाई निरन्तरता दिने गरी योजना बनाएर परिचालित भएका छौं। त्यस क्रममा प्रदेश र नगरको बैठक बसेर नगरस्तरीय समिति पनि बनेका छन्। बदलिएको परिस्थितिमा आन्तरिक पक्ष कमजोर छैन, बलियो बनाएर अघि बढेका छौं। पूर्वसांसद तथा नेता दुर्लभ थापाले बिरामीका बाबजुद पनि फिल्डमा सक्रिय भएर उत्साह भरिरहनुभएको छ।



दुवै क्षेत्र रास्वपाले जित्दै छ

● **उपेन्द्र केसी**, रास्वपा जिल्ला नेता

आन्तरिक बैठक बसेर जिल्ला अध्यक्ष रामेश्वर बस्नेतको संयोजकत्वमा ५०१ सदस्यीय चुनाव परिचालन समिति बनेको छ। उम्मेदवारलाई आन्तरिक भेटघाट, मतदाता भेटघाटमा केन्द्रित गरिएको छ। हामी उत्साहजनक रेस्पोन्स पाएर माहोल निर्माण गर्दै बढिरहेका छौं। १ नम्बरमा नेमकिपा र २ नम्बरमा एमालेसँग प्रतिस्पर्धाको आकलन भए पनि दुवै क्षेत्र जित्दै छौं।



जितका लागि रास्वपासँग प्रतिस्पर्धा छ

● **दिलीप प्रजापति**, संयोजक, नेकपा चुनावी परिचालन समिति

२ नम्बर क्षेत्रमा ०७४ मा एमालेसँग सहकार्य गर्दा महेश बस्नेतको जित सम्भव भयो। ०७९ मा गठबन्धनबाट कांग्रेसका दुर्लभ थापा विजयी बन्नुभो। दुवै जित हाम्रै कारणले भए पनि अहिले एक्लै लड्दै छौं, तर कांग्रेसभित्र अन्तर्घातको सम्भावना र एमालेभित्र पनि त्यस्तै अवस्था रहेको परिस्थितिमा हामी एकढिक्का भएर चुनाव लड्दै छौं। त्यसैले बाहिर उहाँहरूको अवस्था राम्रोजस्तो देखिए पनि पार्टीको आन्तरिक रिपोर्टमा हाम्रो प्रतिस्पर्धा रास्वपासँग हुँदै छ। चारपक्षीय प्रतिस्पर्धामा जित्ने योजनामा छौं। क्षेत्र नम्बर १ नेमकिपाले जित्दै आए पनि जनसेवामा संलग्न उम्मेदवारका कारण त्यहाँ पनि राम्रो गर्दै छौं।

राष्ट्र बैंकको सहायक निर्देशक पदको विज्ञापनविरुद्ध सर्वोच्चमा रिट

काठमाडौं/ नेपाल राष्ट्र बैंकको सहायक निर्देशक पदमा कर्मचारी नियुक्तिका लागि लोकसेवा आयोगले खुलाएको विज्ञापनविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ। तोकिएको शैक्षिक योग्यता र विवरण खुलाएर फाराम भरे पनि आयोगले अस्वीकार गरेको भन्दै महोत्तरीका निरञ्जनकुमार दासले उत्प्रेषणको आदेश माग गर्दै बुधबार रिट दायर गरेका हुन्। सो रिटविरुद्धको सुनुवाइ गर्न सर्वोच्चले बिहीबारका लागि पेसी तोकेको छ।

गत वर्ष सहायक निर्देशक पदमा आवेदन दिएर परीक्षामा समेत सामेल भए पनि यस वर्ष आवेदन नै लिन अस्वीकार गरेको रिटमा उल्लेख छ। राष्ट्र बैंकको सहायक निर्देशक पदको विज्ञापन नम्बर १५-०८२ मा आवेदन दिन अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था छ। दासले पोखरा विश्वविद्यालयबाट व्यवस्थापन संकायअन्तर्गत 'कम्प्युटर इन्फर्मेसन सिस्टम'मा स्नातकोत्तर उत्तीर्ण गरेको कागजात निवेदनसाथ पेस गरेको बताए। 'मैले व्यवस्थापन संकायमा रहेर मास्टर्स गरेको छु र सोही योग्यताका आधारमा गत वर्ष परीक्षामा सामेल पनि भएको छु,' उनले भने, 'यो वर्ष सोही पदमा खुलाएको विज्ञापनमा गत वर्षकै जस्तो शैक्षिक योग्यता तोकिएको छ। तैपनि मेरो आवेदन अस्वीकार भएकाले न्यायका लागि अदालत पुगेको हुँ।' राष्ट्र बैंकका अधिकारीहरूले व्यवस्थापन नभई आइटीतर्फको शैक्षिक योग्यता रहेकाले यसपटकको आवेदन अस्वीकार गरेको मौखिक जानकारी दिएको दासले बताए।

राष्ट्रिय जनमोर्चाले सार्वजनिक गऱ्यो चुनावी घोषणापत्र

बुटवल/ राष्ट्रिय जनमोर्चाले संघीयता खारेजीको मुद्दालाई उठान गर्दै चुनावी घोषणापत्र जारी गरेको छ। बुधबार बुटवलमा जारी गरिएको घोषणापत्रमा 'गणतन्त्र र राष्ट्रियताको रक्षा गरौं, संघीयता खारेज गरौं' भन्ने नारालाई उठान गर्दै विभिन्न विषय समावेश गरिएको छ। घोषणापत्रमा भ्रष्टाचार, बेथितिका मुद्दादेखि मुलुकको समृद्धिका लागि उद्योग, कृषि, पर्यटनदेखि विभिन्न क्षेत्रको विकासका सवाल उठाएको छ।

राजमोले 'निर्वाचन घोषणापत्र २०८२' लाई तीन भागमा बाँडेको छ। पहिलो भागमा अध्यक्ष चित्रबहादुर केसीको अपिल समावेश गरेको छ। भाग २ मा जेन-जी आन्दोलनपछि घटेका राजनीतिक घटनाक्रमहरूको विश्लेषण गरेको छ भने अर्कोमा राजमोको प्रतिबद्धता समावेश गरिएको छ।

भ्रष्टाचारको अन्त्य र देशको विकासका लागि संसद्मा संघर्ष गर्ने, उद्योग व्यवसायको हितमा भूमिका खेल्नेदेखि कृषि, पर्यावरण, पर्यटन विकास, सहकारी, विकेन्द्रित र सन्तुलित विकास नीति अवलम्बन गर्ने राजमोले जनाएको छ। त्यस्तै, बौद्ध पुरातात्त्विक सहर, यातायात विकास, जलस्रोत, विदेश नीति, राष्ट्रियता, मजदुरको हकहित र रोजगारीको व्यवस्था, रोजगारीको पुनर्स्थापनाजस्ता विषय पनि उठान गरिएको छ। राजमोले घोषणापत्रमा देशको स्वास्थ्य नीतिको परिवर्तनका लागि भूमिका खेल्ने, खेलकुद, शिक्षा, सामाजिक सुरक्षा, ज्येष्ठ नागरिकहरूको संरक्षणको विषय, महिलाका हक-अधिकारका विषय, बालबालिकाका हक-अधिकारका विषय, दलितका हक-अधिकारका विषय, अपांगताका हक-अधिकारका विषय, आरक्षित निर्वाचन क्षेत्रको विषय पनि घोषणापत्रमा उल्लेख गरेको छ।

आरक्षित निर्वाचन क्षेत्रको व्यवस्थामा महिला र दलितका लागि बेग्लै निर्वाचन क्षेत्रको व्यवस्था उल्लेख छ। ग्रामीण विकास तथा एकीकृत बस्ती विकासको विषयदेखि दुर्गम पहाडी, हिमाली तथा पिछडिएको क्षेत्रको विकास, पहाडबाट बसाइँसराइ न्यूनीकरणका सवाल पनि समेटिएको छ। सहकारी आन्दोलन, प्रवासी नेपालीको मताधिकार र विदेशी ऋणका सवाल पनि राजमोले उठाएको छ।

घोषणापत्र सार्वजनिक गर्दै अध्यक्ष चित्रबहादुर केसीले गल्ती-कमजोरी गर्नेलाई पनि बारम्बार सिफारिस गरेका कारण मतदाताहरू पनि जिम्मेवार रहेको भन्दै विगतका गल्तीबाट जनताले पनि पाठ सिक्नुपर्ने बताए। 'अहिले गणतन्त्रमाथि हमला भएको छ, राष्ट्रियतामाथि हमला भएको छ, संघीयताको आवरणमा जनतालाई भ्रम पार्ने काम भइराख्या छ,' केसीले भने, 'त्यसकारण राष्ट्रिय जनमोर्चाले संघीयता खारेज हुनुपर्छ र देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षा हुनुपर्छ भन्ने विषयका साथ यो घोषणापत्र सार्वजनिक गरेका छौं।' कार्यक्रममा उपाध्यक्ष दुर्गा पौडेल, महासचिव मनोज भट्टले घोषणापत्रबारे तथा चुनावी चर्चा गरेका थिए।

निर्वाचन प्रहरी छनोट प्रक्रिया निष्पक्ष नभएको भन्दै प्रदर्शन गर्ने चारजना पक्राउ

बर्दिया/ निर्वाचन प्रहरी छनोट प्रक्रिया निष्पक्ष नभएको भन्दै प्रदर्शन गर्ने चारजना पक्राउ परेका छन्। निर्वाचन प्रहरीको नतिजा प्रकाशन गर्दा असन्तुष्ट केही युवाले मंगलबार जिल्ला प्रशासन कार्यालयभित्र नारा-जुलुस गरेका थिए। त्यसमध्ये चारजनालाई प्रहरीले पक्राउ गरेको हो। मंगलबार दिउँसो जिल्ला प्रशासन कार्यालयभित्र युवाहरूले प्रदर्शन गरेपछि प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले निर्वाचन प्रहरीमा चित्त नबुझेका उम्मेदवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिने गरी मौखिक सहमति भएको थियो। निर्वाचन प्रहरीको छनोटमा चित्त नबुझेर निवेदन दिन आएकामध्ये चारजनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ। पक्राउ परेकामध्ये एक महिला र तीनजना पुरुष रहेको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक देवेन्द्रकुमार मल्लले बताए।

MetLife

सूचना !

आदरणीय ग्राहकवर्गलाई आफ्नो बीमालेख आंशिक/पूर्ण परिपक्व भए नभएको यकिन गरी बीमालेख परिपक्व भईसकेका ग्राहकहरूलाई आफ्नो आंशिक/पूर्ण परिपक्वता लाभ (Partial/Full Maturity Benefit) भुक्तानी लिनका लागि आफुलाई पायक पर्ने कम्पनीको कार्यालय वा Online (Email, Website, Customer App) मार्फत सम्पर्क राख्न अनुरोध गर्दछौं। परिपक्व भए नभएको यकिन गर्नको लागि कम्पनीको वेबसाइट www.metlife.com.np को Search Box मा Maturity टाइप गरी प्राप्त सूचीमा आफ्नो बीमालेख नम्बर खोजी गर्नहुन अनुरोध गर्दछौं।

ग्राहकहरूलाई आफ्नो बीमालेखको बीमाशुल्क समयमा भुक्तानी गरी आफ्नो बीमालाई निरन्तर राखी बीमाबाट प्राप्त हुने लाभलाई सुनिश्चित गर्न तथा कम्पनीले यहाँ संग निरन्तर सम्पर्कमा रहनको लागि आफ्नो ग्राहक पहिचान विवरण (KYC) अद्यावधिक गर्नुहुन समेत अनुरोध गर्दछौं।

साथै केहि पूर्व बीमा अभिकर्ताहरूको कमिशन रकम भुक्तानीमा आवश्यक कागजात पेश नभएकोले समस्या भएको हुँदा सम्बन्धित अभिकर्तालि आफ्नो बैंक खाताको विवरण, स्थायी लेखा प्रमाण पत्र, राष्ट्रिय परिचय पत्र वा नागरिकताको छाँयाप्रतिका साथ यस कम्पनीको निम्न लिखित ठेगानामा सम्पर्क राख्न अनुरोध गर्दछौं।

कमिशन रकम बाँकि भए नभएको यकिन गर्नको लागि कम्पनीको बेवसाइट metlife.com.np को Search बक्समा "Unpaid Commission" टाईप गरि प्राप्त सूचीमा आफ्नो नाम र अभिकर्ता कोड खोजी गर्नुहुन समेत अनुरोध गर्दछौं।

अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनी
सिग्नेचर प्लाटिनम टावर, पुल्चोक, ललितपुर
पो.ब.नं. ११५९०, सम्पर्क नं: ०१-५९७१७९९, कल सेन्टर नं: ०१-५९७०१६६
इमेल: service-nepal@metlife.com.np, वेबसाईट: www.metlife.com.np

Download & Register on one by MetLife
Google Play App Store
24 YEARS IN NEPAL
Great Place To Work. Certified JUN 2025-JUN 2026 NEPAL

आठ वर्षको दौडधुपपछि ७८ वर्षीया कपलेश्वरीले पाइन् नागरिकता

अंश कायमसहित सबै प्रमाण, तर वडाध्यक्षको बदनियत

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको नवराजपुर गाउँपालिका- ४ की ७८ वर्षीया कपलेश्वरी यादवले आठ वर्षको दौडधुपपछि बुधबार नागरिकता पाएकी छिन्। नागरिकताका कागजात जुटाउन घरनजिकै रहेको वडा कार्यालयदेखि जिल्ला प्रशासन कार्यालय धाउन थालेको आठ वर्षपछि गाउँपालिकाको विशेष पहलमा जिल्ला प्रशासन कार्यालय सिराहाबाट नागरिकता वितरण गरिएको हो। नागरिकता प्राप्त गरेपछि भावुक हुँदै उनले भनिन्, 'छोराछोरी छैनन्, श्रीमान् बितिसके, नागरिकता बनेपछि सरकारले दिने सामाजिक सुरक्षा भत्ताले थोरै भए पनि भरथेग हुने भयो।'

नवराजपुर गाउँका बौवेलाल यादवको ०२१ माघमा निधन भएपछि कान्छी श्रीमतीका रूपमा रहेकी कपलेश्वरीको नागरिकता बनाउन चाहिने सिफारिसका लागि सबै कागजात जुटाए पनि कार्यवाहक वडाध्यक्ष देवराम यादवले सिफारिस रोक्नेदेखि अदालतमा स्थानीय बासिन्दा नै नरहेको जस्ता किर्ते मुद्दा हालेर आलटाल गर्दै आएका थिए। राजनीतिक पूर्वाग्रहका कारण यादवले सिफारिससमेत नदिने बताएपछि गाउँपालिका अध्यक्ष शिवउद्गार यादवको पहलमा वडाबाट सिफारिस लिएपछि प्रशासनबाट नागरिकता बनेको नाति रामपरीक्षण यादवले बताए। नयाँ पत्रिकाको गत १२ मंसिरको अंकमा '७८ वर्षको उमेरमा पनि अनागरिक : आठ वर्षदेखि प्रशासन कार्यालयको ढोका धाउँदै कपलेश्वरी' शीर्षकमा समाचार प्रकाशित गरेपछि गाउँपालिका अध्यक्षले चासो देखाउनुका साथै वडादेखि प्रशासन कार्यालयसम्म नागरिकताका लागि सहजीकरण गरेका हुन्।



श्रीमान्को ०२१ मै निधन भएपछि कपिलेश्वरीले सिराहा जिल्ला अदालतमा हालेको अंश मुद्दामा अदालतले पक्षमा फैसला गरी तीन कित्ताको साढे ११ धुर जग्गा हक कायम गरिदिएको थियो। घर, माइती सबैतिर वंशजको नागरिकता, जग्गाको लालपुर्जा, माइतीतर्फको नाता प्रमाणित सिफारिस हुँदाहुँदै वडाध्यक्षले बदनियतपूर्वक नागरिकताको सिफारिस रोक्दै आएका थिए। परिवारमा देवरपट्टिका भतिज उपेन्दर, उनका तीन छोरा र बुहारीहरू, एक नातिनी तथा माइतीपट्टि ठुलोबा र काकाका छोराहरू सत्यनारायण, रामकुमार, घुरन, आफ्नी कान्छी बहिनी सुजानवतीको समेत वंशजको नागरिकता रहेको प्रमाणसमेत बुझाएकी थिइन्। औरही गाउँपालिका- ३ पिपरास्थित वडा कार्यालयले माइतीपट्टिका दाजुभाइ, बहिनीहरूको नाता प्रमाणित सिफारिस, जन्म प्रमाणित गरिदिएको कागजातलाई गाउँका कार्यवाहक वडाध्यक्षले अस्वीकार गर्दै नागरिकताको सिफारिस रोकेका थिए।

पछिल्लो आठ वर्षदेखि वडा कार्यालय हुँदै जिल्ला प्रशासनको चक्कर काट्दा पनि वडाध्यक्षले सिफारिस दिन इन्कार गरेपछि नाति रामपरीक्षणले तत्कालीन प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेसहित जिल्ला प्रशासन कार्यालय सिराहा, वडाध्यक्ष र वडा कार्यालयलाई विपक्षी बनाएर १० भदौ ०८१ मा उच्च अदालत जनकपुर, राजविराज इजलासमा परमादेश जारीको माग गर्दै निवेदन दिएका थिए। न्यायाधीशद्वय सरलाकुमारी पाण्डे र कोशलचन्द्र सुवेदीको संयुक्त इजलासले ३ वैशाख ०८२ मा 'निवेदकलाई नेपाली नागरिकताको सिफारिस गर्दासमेत सिफारिस रोकिएको थियो।

२१ फागुनमा नयाँ पुस्तालाई छानौँ

आगामी चुनावमा शिक्षित, भिजन भएका, इमानदार, संविधान, संसदीय व्यवस्था, आन्तरिक तथा विश्व राजनीति बुझेका नैतिकवान् युवा छानौँ



● बलराम केसी

अग्रलेख

भदौको जेन-जी आन्दोलनको बलमा कांग्रेस-एमालेको सरकार ढल्यो । संसद् विघटन भयो । २१ फागुनमा आमचुनाव हुने भयो । कांग्रेसको विशेष महाधिवेशनबाट नयाँ युवा नेतृत्व चुनियो । कांग्रेसको नयाँ पुस्ता, जेन-जी, बालेन र रास्वपा चुनावमा उत्रिए । कांग्रेस एमालेसँग मिलेर चुनाव नलड्ने भयो । कांग्रेसले कार्यकर्तालाई 'दास र लास' बन्नबाट मुक्त गर्ने दाबी गऱ्यो । यी सबै महत्त्वपूर्ण घटना हुन् । अब एमालेमा पनि यस्तै भयो भने अर्को उपलब्धि हुनेछ ।

कांग्रेस-एमाले गठबन्धन देशको हितका लागि नभई पालैपालो प्रधानमन्त्री निश्चित गर्नका लागि थियो । एउटाले अर्काको बुई चढेर सिंहदरबार कब्जा गरिरहनका लागि थियो । सबै निकाय भर्तीकेन्द्र बनाउनका लागि थियो । जेन-जीको आन्दोलनले योजना भत्कायो । दुई दिनको आन्दोलनमा सरकारी सम्पत्ति जलेकामा समाजले दुःख मनाए पनि नेताहरूको सम्पत्ति जलेकामा दुःख मनाएनन् । सो सम्पत्ति गैरकानुनी हो भन्ने समाजले बुझेको थियो । अब चुनावमा शिक्षित, भिजन भएको, इमानदार, संविधान, संसदीय व्यवस्था, राजनीति र विश्व राजनीति बुझेका नैतिकवान् युवा छानौँ ।

व्यवस्था फेरियो, संविधान फेरियो तर सिंहदरबार रचनात्मक र सकारात्मक सोच र भिजन भएका युवा पुस्ताको हातमा पुग्न सकेन । जहिले पनि पुरानैको हातमा रह्यो । त्यसैले विकास भएन । राणाकालीन श्री ३ प्राइममिनिस्टरहरू कानुनभन्दा माथि हुन्थे । हाम्रा गणतन्त्रकालीन प्रधानमन्त्रीले आफूलाई कानुनभन्दा माथि राखेर कानुनले नछुने बनाए । रोजगारी सिर्जना गर्ने योजना बनाउन सकेनन् । विकास र सुधारका काम सुरु भएको जनताले महसुस गर्नुपर्छ भन्ने बुझेनन् । प्रचार खुब गरे । पानीचहाज, चुच्चे रेलको कथा सुनाएर कहिल्यै थाकेनन् । विनायोजनाको 'भ्यु टावर', पूरा गर्ने नसकिने योजनाको शिलान्यास गरेर समय बिताए । गणतन्त्रको १० वर्ष जनतालाई झुक्याउँदैमा बित्यो । मिडिया र विरोध सरकारका कान र आँखा दुवै हुन् । तर, उनीहरूले मिडिया र विरोधलाई दुस्मन ठाने । गठबन्धनका कारण बहुमत छ, सरकार ढल्दैन भनेर ढुक्क भए । ससंद् मा १३८ को अंकगणितभन्दा सडकमा युवाको विरोध शक्तिशाली हुन्छ भन्ने बुझेनन् । पत्रकारले प्रश्न गऱ्यो भने ओठे जवाफ दिएर टालटुल र प्रतिप्रश्न गरेर टार्न खोजे । आफ्ना कार्यकर्तालाई 'दास र लास' बनाइएकै छ, कांग्रेसभित्र देउवाले तह लगाउँछन् भन्ने भ्रम पालियो । राम्रै भयो, ढिलै भए पनि सरकार ढल्यो ।

०७२ को महाभूकम्प र ०७६ को कोभिडबाहेक देश सामान्य थियो । हातहतियारमा थाम्न नसक्ने गरी खर्च गर्नुपरेको थिएन । जनतालाई निचोरेर प्रशस्त कर लगाइएकै थियो । विदेशी सहायता र रेमिट्यान्स आएकै थियो । भारतका डा. मनमोहन सिंह, मलेसियाका महाथिर र सिंगापुरका ली क्वान यूले जस्तै हाम्रो पनि देश बनाउने प्रधानमन्त्रीले नै हो । हाम्रोमा पनि पञ्चायतकालमा आर्थिक विकास र पूर्वाधार बनेको थियो । तर, किन हामी असफल भयौँ भन्ने कहिल्यै सोच आएन । ध्यानजति भ्रष्टाचारमै केन्द्रित भयो । गठबन्धनले गर्दा सरकार नढल्ने भ्रम भयो । 'पावर करप्ट्स, एब्सोल्युट पावर करप्ट्स एब्सेल्युट्ली' 'सिन्ड्रोम'ले छोयो । हालै स्पेनमा रेल दुर्घटना भएर दर्जनौँ मानिस मरे । प्रधानमन्त्रीले शोक मनाए । म जिम्मा लिन्छु भने । तर, हाम्रोमा ७६ युवाको नरसंहार हुँदा जिम्मा लिन्नँ भने । सो दोष मेटाउन संसदीय व्यवस्थामा हुनै नसक्ने मिडियाबाट डिबेट गर्नुपऱ्यो भनिरहेका छन् । बालेनले सहभागी नहुने भनेर ठिक गरे । ढिलो या चाँडो 'डाउन फल' हुनैपर्ने थियो ।

देशले युवा प्रधानमन्त्री चाहन्छ भन्ने 'पुराना नेता'ले बुझेनन् । युवासँग म्याराथुन दौडमा भाग लिन हुँदैन भन्ने बुझेनन् । युवा गहना र ऊर्जा दुवै हुन् । युवा सिर्जनशील हुन्छन् । इमानदार हुन्छन् । नैतिकवान् हुन्छन् । सत्यवादी हुन्छन् । तिनले शपथ र संविधान उल्लंघन गर्दैनन् । नैतिकताले निर्देशित हुन्छन् । पद र इमानदारीको दुरुपयोग गर्दैनन् । भ्रष्टाचारीलाई जेल हाल्छन् । राजीनामा खल्तीमा हुन्छ । अक्षमता देखियो, काम गर्न सकिएन, विवादित बनियो भने त्यसको असर जनता र राष्ट्रमा नपरोस्, सरकारी ढुकुटीमा क्षति नपुगोस् भनेर खल्तीबाट झिकेर राजीनामा गर्छन् । नैतिकता तिनको मन र मस्तिष्कमा दृढ रहन्छ । सरकारी गाडी र सुविधा छाडेर राष्ट्रका नाममा सम्बोधन गरेर अफ्नो निवास फर्किन्छन् । फर्केर राजनीति धमिल्याउँदैनन् । पुनः चुनाव लड्दैनन् । हामीले नवयुवासँग प्रतिस्पर्धा गर्न हुँदैन भन्ने बुझ्छन् ।

युवाले भोट किन्दैनन् । झुटा आश्वासन दिँदैनन् । मलाई जिताऊ भ्युटावर, रंगशाला बनाइदिन्छु भन्दैनन् । समग्र देशलाई नै चुनाव क्षेत्र मान्छन् । पूरा गर्न सकिने कुरा मात्र बोल्छन् । घोषणापत्रमा झुटा कुरा लेख्दैनन् । असम्भव, महत्त्वाकांक्षी योजना घोषणापत्रमा राख्दैनन् । आफू उम्मेदवार बनेको चुनाव क्षेत्र मात्र होइन, सिंगो देशकै विकास हुनुपर्ने मान्यता राख्छन् । युवामा भिजन हुनाले समग्र नेपालको विकास गर्दा आफ्नो चुनाव क्षेत्र स्वतः विकसित हुन्छ भन्ने बुझाइ हुन्छ । अब सिंहदरबारबाट तलब होइन, वडाबाट वृद्धभत्ता लिनुपर्छ भन्ने सोच पुराना नेतालाई कहिल्यै आएन ।



व्यवस्था फेरियो, संविधान फेरियो, तर सिंहदरबार रचनात्मक र सकारात्मक सोच र भिजन भएका युवा पुस्ताको हातमा पुग्न सकेन ।

०४६ सालमा प्रजातन्त्र प्राप्त भएदेखि नै युवालाई सिंहदरबार पुऱ्याएको भए देश आज सम्पन्न हुने बाटोमा बढिसकेको हुने थियो ।

आगामी चुनावमा पनि हामी मतदाताले बुद्धि पुऱ्याएनौँ भने दुःख दोहोरिनेछ । पुराना र नयाँ सफल र असफल, इमानदार भिजन भएका र नभएका, 'गभरनेन्स' बुझेका र नबुझेका, झुटा घोषणापत्र तयार गर्नेमध्ये छान्ने अवसर पाँच वर्षमा एक दिन आउँछ । त्यो दिन आगामी २१ फागुन हो । सो दिनको सदुपयोग गरौँ । नेताहरूलाई सिंहदरबार छिराउने हामी १८ वर्ष पुगेका मतदाताले नै हो । बिचैमा चुनाव गर्नुपर्ने अकल्पनीय, असामान्य अवस्था सिर्जना गराउने हामीले नै पठाएका यिनै हुन् । संसद् भताभुंग गरेर २७ अर्ब खर्चेर चुनाव गर्नुपर्ने अवस्थाका कारण माग्ने र जान्ने हाम्रो अधिकार हो । तर, न हामीले माग्यौँ ? न तिनलाई दण्डित गऱ्यौँ ? देश चुनावी 'मुड'मा गइसक्यो । चुनावले नयाँ ऊर्जा दिन्छ । तर, चुनाव रोक्न सक्दो प्रयास गर्दै छन् । रोक्न चाहनेले सर्वोच्च अदालत गुहारेका छन् । झापाबाट 'प्रोभोकेटिभ' बोलेर चुनाव बिथोल्न खोजेको हो कि जस्तो महसुस हुन्छ । बालेन साह झापाबाट लड्दै छन् । तसर्थ, झापा चुनाव भाँड्ने 'इपिसेन्टर' बन्ने प्रबल सम्भावना छ । निर्वाचन आयोगले कञ्जुस्याइँ नगरी झापाका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय मिडिया र मानव अधिकारवादी एनजिओ, आइएनजिओलाई पर्यवेक्षक बोलाएर तैनाथ गर्नुपर्छ ।

तीन वर्षअघिको चुनावदेखि 'हंग पार्लियामेन्ट' बन्यो । माओवादी-एमाले, माओवादी-कांग्रेस पुनः माओवादी-एमाले र त्यसपछि कांग्रेस-एमालेको सरकार बन्यो । तर, ती सबै सरकार फेल भए । संसद् प्रधानमन्त्री बन्ने र बनाउने प्रयोगशाला मात्र नभई मन्त्री र प्रधानमन्त्री उत्पादन गर्ने कारखानासमेत बन्यो । देश बनाउने होइन, सत्तामा टिकिरहने षड्यन्त्रमा समय बिताए नेताहरूले ।

त्यसैले, आउँदो चुनावको सदुपयोग गरौँ । भोट सही मानिसमा नपरेकाले देश र जनताले दुःख पाएका हुन् । पुराना र नयाँको क्षमता र भिजनको फरक बुझौँ र युवालाई छानौँ । तीन वर्षअगाडि युवा उम्मेदवार छानेको भए २१ फागुनसम्ममा खर्च हुने २७ अर्ब हाललाई बच्ने थियो । अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा बढ्थ्यो । सिंगापुर हामीभन्दा धेरै नयाँ र कान्छो देश हो । त्यहाँ नै संसदीय प्रजातन्त्र छ । सिंगापुर बन्नुको कारण निर्वाचनमा सही नेता छान्नाले हो । हामीकहाँ प्रजातन्त्र आएको ३६ वर्ष भयो । ३६ वर्षभित्र तीन आन्दोलन भए । सिंगापुरमा कुनै आन्दोलन भएन । शान्तिपूर्वक चुनाव भयो । ०४६ सालमा प्रजातन्त्र प्राप्त भएदेखि नै युवालाई सिंहदरबार पुऱ्याएको भए देश आज सम्पन्न हुने बाटोमा बढिसकेको हुने थियो ।

मत ठिक दल र व्यक्तिलाई नपर्नाले ५० डिग्री तापक्रममा हाम्रा छोराछोरी, नातिनातिना, दाजुभाइ दिदीबहिनी विदेशमा काम गर्न बाध्य भइरहेका छन् । तिनले पठाएको रेमिट्यान्सले हामी बाँचेका छौँ । तर, उनीहरूले नै यहाँको निर्वाचनमा मत हाल्न पाउँदैनन् । ५० डिग्रीमा बाध्यतावश काम गर्नुपर्नेलगायत विश्वका जुनसुकै देशमा रहेका नेपालीको चाहना हामी नेपालमा बस्नेले पुरानालाई फालेर नयाँ युवालाई सिंहदरबार पुऱ्याएको देख्ने चाहना छ । जनमत लिन सम्भव भए तिनले हामीलाई यसरी देशबाहिर काम गर्नुपर्ने अवस्था सिर्जना गर्ने ती पुरानालाई फालेर तिनलाई सिंहदरबारबाट तलब होइन, वडाबाट वृद्धभत्ता खाने बनाऊ, नयाँ युवालाई सिंहदरबारमा पठाऊ भन्ने थिए । त्यसैले, आगामी २१ फागुनको चुनावलाई पुरानालाई तलब होइन, वडाबाट वृद्धभत्ता खुवाएर सम्मान गर्ने गरी मतदान गरौँ ।

२१ फागुनलाई महत्त्वपूर्ण उत्सव र अवसर बनाऔँ । २१ फागुनलाई दलका कार्यकर्तालाई 'दास र लास' बन्नबाट जोगाउने दिन पनि बनाऔँ । कांग्रेसको नेतृत्व गगन थापा र विश्वप्रकाश शर्माजस्ता युवाको हातमा आयो । तिनले कार्यकर्तालाई 'दास र लास' बन्नबाट बचाए । बालेन र रवि छामिलछानेको रास्वपा प्रजातान्त्रिक छँदै छ । अब एमालेका कार्यकर्ताले आफूहरू पनि 'दास र लास' नबन्न आन्तरिक आन्दोलन छेड्नुपऱ्यो । एमालेको हालैको महाधिवेशनमा त्यस्तो सम्भावना देखिएन ।

अन्त्यमा, आगामी २१ फागुनमा पुराना र परीक्षित भइसकेका नेतालाई मत पऱ्यो भने नेपाल कता जान्छ भन्न सकिन्न । युवालाई रोजियो भने समय लाग्ला, तर देश एक न एक दिन 'सिंगापुर' बन्न सक्छ । १७ असार ०८१ को मध्यरातमा कांग्रेस र एमालेले गरेको सातबुँदे सहमति र २९ पुस ०८२ मा सार्वजनिक गरिएको कांग्रेस महामन्त्रीद्वयको १४ बुँदे प्रस्ताव पढौँ । पहिलोमा दुई ठुला दलको गठबन्धन प्रधानमन्त्री पद निश्चित गर्न गरिएको थियो । दोस्रोमा दुईपटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने प्रावधान पारित गरिएको थियो । त्यसैले अब पुराना होइन, नयाँ युवा रोजौँ ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

सरुवारोग विशेषज्ञ
डा. शेरबहादुर पुनलाई



सर्लाहीमा देखिएको दादुराको 'आउट ब्रेक'ले के संकेत गर्छ ?

यसबाट कतै हाम्रो खोप कार्यक्रम नै छुटेको या छुटाइएको त थिएन भन्ने प्रश्न उठेको छ । कुनै परिवार या समुदायले विशेष कारणवश खोप लगाउन नचाहेर छुटाएको पनि हुन सक्छ । दादुरालाई सामान्य रोग ठानेर खोप किन लगाइरहनुपऱ्यो र भन्ने सोचले पनि काम गरेको हुन सक्छ । फेरि राज्यले नै समुदायसम्म खोप र त्यससम्बन्धी शिक्षा पुऱ्याउन नसकेको पनि हुन सक्छ । बिचमा दादुराका निकै कम 'केस' देखिए । त्यसले गर्दा दादुराको गम्भीर प्रभाव नदेखेको पुस्ताले 'जेनेरेसन ग्याप'का कारण पनि खोप आवश्यक नदेख्दा छुटेको पनि हुन सक्छ । कारण जेसुकै भए पनि यसरी 'आउट ब्रेक' भइसकेपछि अब यसको रोकथाममा राज्य, स्थानीय तह र समुदायले सक्रिय र प्रभावकारी भूमिका खेल्नुपर्छ । यसरी आउट ब्रेक हुनुमा कहाँनेर चुकियो, त्यसको खोजी गरी गल्ती, कमजोरी भएको भेटिए सुधार्नुपर्छ । अन्यथा, भोलि पोलियोलगायत अन्य रोगका हकमा पनि यही अवस्था नदोहोरिएला भन्न सकिन्न ।

यसले सन् २०३० सम्ममा दादुरा उन्मूलन गर्ने लक्ष्यमा कस्तो असर पार्ला ?

केही न केही असर त परी नै हाल्छ । तर, त्यसो भन्दैमा निराश भइहाल्नुपर्ने अवस्था भने छैन । सर्लाहीको आउट ब्रेकका सम्भावित कारणको खोजी गरी तिनको रोकथाममा प्रभावकारी कदम चाल्ने हो भने उन्मूलनको लक्ष्य भेट्टाउने नसकिने भन्ने नहोला ।

उन्मूलनको लक्ष्य प्राप्तिका लागि सरकारले आगामी दिनमा के गर्नुपर्ला ?

यसका लागि सबैभन्दा पहिले सर्लाहीमा किन दादुरा देखियो, त्यसको कारण पहिचान गर्नु जरुरी छ । 'स्पेसिफिक' कारण पहिल्याएर त्यसको रोकथामका लागि सरकारले प्रभावकारी योजना बनाई कार्यान्वयनमा जानुपर्छ । जेनेरेसन ग्यापका कारण खोप छुटेको या छुटाइएको रहेछ भने सचेतना बढाउनुपर्ने हुन्छ । दादुरालाई हल्का रूपमा लिने प्रवृत्तिलाई निरुत्साहित गर्न पनि त्यति नै जरुरी छ ।

प्रेरक प्रसंग

आमाको मार्गदर्शन

कुनै वेला अमेरिकामा दासदासी राख्न पाउने चलन थियो । त्यहाँका धनीमानीले बजारबाट दासदासी किनेर राख्न पाउने व्यवस्था कायम थियो । त्यसै समयमा एकजना धनी मानिसले बेन्कर नामको एउटा अत्यन्त मेहिनेती दास किनेर घरमा ल्याए । बेन्कर निकै परिश्रमी थिए । उनी काममा कहिल्यै ढिलासुस्ती गर्दैनथे । मालिकको सेवा गर्नुलाई आफ्नो धर्म मान्थे । त्यसैले, उनका यस्ता गुणबाट मालिक पनि सन्तुष्ट थिए ।



एक दिन बेन्कर आफ्नो मालिकसँगै त्यो स्थानमा गए, जहाँ गरिब मानिस जनावरसरी दासका रूपमा बिक्थे । त्यहाँ दासदासी खरिद-बिक्री गर्ने हाटबजार नै लाग्थ्यो । त्यहाँ पुगेपछि बेन्करले एउटा बुढो दासलाई देखाउँदै तिनलाई किन्न आफ्ना मालिकलाई अनुरोध गरे । उनको कामबाट अत्यन्तै प्रभावित मालिकले सो आग्रह टार्न नसकी त्यो दास किनेर घर लगे ।

त्यो बुढो दास पाएपछि बेन्कर पनि अत्यन्तै प्रसन्न भए । उनी ती बुढा दासको मन लगाएर सेवा गर्थे । उनका हरेक क्रियाकलापमा चासो दिइरहेका मालिकलाई उनको व्यवहार देख्दा निकै अचम्म लाग्यो । एक दिन यसबारे बेन्करलाई सोधे । हैन बेन्कर, तिमीले ती बुढा दासको मालिकलाई जस्तै गरी सेवा गर्नुको कारण के हो ? कतै ती दास तिम्रा आफन्त त होइनन् ?

मालिकको प्रश्न सुनेपछि बेन्करले जवाफ दिए, 'यी बुढा दास मेरा कुनै नातेदार होइनन्, न त कुनै साथी नै हुन् । बरु यिनी मेरा सबैभन्दा ठुला शत्रु हुन् । बाल्यकालमा यिनैले मलाई दासका रूपमा बेचेका थिए । पछि आफैँ समातिए र दास बनाइए । मैले उनलाई एक दिन बजार जाँदा चिनेको थिएँ । मेरी आमाले मलाई भन्नुभएको थियो, यदि शत्रु नांगो छ भने उसलाई लुगा देऊ, भोको छ भने खाना खुवाऊ, प्यासी छ भने पानी पिलाऊ । यसैकारण, म उनको सेवा गर्दै छु । म आफ्नी आमाले दिएको शिक्षा र मार्गदर्शनमा अघि बढिरहेको छु हजुर ।' बेन्करको यस्तो जवाफ सुनेपछि ती मालिकले बेन्करलाई अँगालो हाले र तत्काल उनलाई स्वतन्त्र गरिदिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पूरा नहुने वाचा किन गर्छौं ?

मिठा सपना, आकर्षक नारा र महत्त्वाकांक्षी योजनासहित दलहरूले आफ्ना चुनावी घोषणापत्र ल्याउने तर सत्तामा पुगेपछि त्यसमा के लेखिएको छ, कस्ता-कस्ता सुधारका वाचा गरिएका छन्, त्यसको सायद दल र तिनका नेतालाई कुनै हेक्का हुँदैन । त्यसैले, उनीहरू घोषणापत्रमा उडन्ते गफ भरिदिन्छन् र कार्यान्वयन गर्ने ठाउँमा पुग्दा भने तिनै घोषणापत्रलाई 'टिस्यु पेपर' बनाएर फालिदिन्छन् । त्यसैले, यसपटक घोषणापत्र ल्याउँदा दलहरूले कार्यान्वयनयोग्य योजना ल्याऊन् ।

● **सुदीप्ता कोइराला**, सरस्वतीनगर, काठमाडौं

दादुरा नियन्त्रणमा ध्यान देऊ

सर्लाहीको मलंगवामा २३ बालबालिकामा एकसाथ दादुरा देखिएपछि तीन हजार ५४५ बाललिकालाई दादुराविरुद्धको खोप लगाइएको र थप आठ हजारलाई खोप लगाउने तयारी गरिएको समाचार पढियो । यसअघि सन् २०२३ भित्रै दादुरा र रुबेला उन्मूलन गर्ने सरकारको तयारी भए पनि त्यतिखेर दादुराका केही केस देखिएपछि पुनः यसलाई सन् २०२६ हुँदै २०३० सम्म पुऱ्याइएको थियो । तर, अब त त्यही पनि कठिन देखिँदै छ ।

● **सुरञ्जन कायस्थ**, गल्कोपाखा, काठमाडौं

किन हुन्छन् यस्ता गल्ती ?

शवगृहबाट शव अदलबदल भएको घटनासम्बन्धी समाचार पढ्दा दुःख लाग्यो । आफ्नो परिवारका कुनै सदस्य गुमाएका आफन्तले अस्पतालको शवगृहमा सुरक्षित राखिएको आफन्तको शवसमेत पाउँदैनन् भने त्यस्ता अस्पतालले कसरी विश्वास गर्ने ? यसरी शव नै साटफेर हुँदा आफन्त गुमाएको पीडामा कति थप कति पीडा भयो होला ? त्यसैले, सम्बन्धित जिम्मेवार निकायले यस्ता गल्ती भविष्यमा फेरि नदोहोऱ्याउने प्रतिबद्धता जाहेर गरून् ।

● **बलराम साह**, लाहान, सिराहा

आत्मपरीक्षणको समय

नेपाल फेरि एकपटक निर्णायक राजनीतिक मोडमा उभिएको छ । पछिल्लो चरणको जनआन्दोलनपछि सार्वजनिक रूपमा अभिव्यक्त भएको युवा पुस्ताको असन्तोष कुनै क्षणिक प्रतिक्रिया होइन, यो लामो समयदेखि सत्तामा बसेका राजनीतिक शक्तिप्रतिको गहिरो निराशाको परिणाम हो । भ्रष्टाचारको अन्त्य, सुशासनको स्थापना र राजनीतिमा नैतिक जिम्मेवारीको माग आज केवल नारामा सीमित छैन, यो राष्ट्रको भविष्यसँग प्रत्यक्ष जोडिएको विषय बनेको छ । तीन दशकभन्दा बढी समयदेखि मुलुकको शासनसत्तामा निर्णायक भूमिका खेलेका दलले जनताबाट बारम्बार अवसर पाए । तर, ती अवसरलाई संस्थागत सुधार, सुशासन र दीर्घकालीन विकासमा रूपान्तरण गर्न सकेनन् । चुनावअघि एक-अर्कालाई तीव्र आलोचना गर्ने दलहरू चुनावपछि सत्ता साझेदारीका लागि सहजै एक ठाउँमा उभिनु आज असम्भव रहेन । नीति, सिद्धान्त र प्रतिबद्धताभन्दा सत्ता गणित प्राथमिकतामा पर्दा लोकतन्त्र प्रक्रिया मात्र बाँकी रहँदै यसको आत्मा क्रमशः कमजोर हुँदै गएको छ ।

यसै सन्दर्भमा युवा पुस्ताले गम्भीर प्रश्न उठाइरहेको छ । सरकार फेरिँदा पनि शासन संस्कार किन फेरिँदैन ? नेतृत्व परिवर्तन हुँदासमेत भ्रष्टाचार, बेरोजगारी, वैदेशिक पलायन र संस्थागत अविश्वास किन भनै गहिरिँदै गएको छ ? स्पष्ट छ, समस्या सरकार परिवर्तन नहुनुको होइन, राजनीतिक संस्कृति परिवर्तन नहुनुको हो । राजनीतिलाई सेवाभन्दा सत्ता प्राप्तिको माध्यम बनाइँदा राज्य र नागरिकबिचको विश्वास कमजोर हुँदै जानु स्वाभाविक हो । आजको आवश्यकता सबै नेपालीले पार्टीभन्दा माथि उठेर देशबारे सोच्नु हो । मतभेद स्वाभाविक हुनु, विचार फरक-फरक हुन सक्छन्, तर देश सबैको साझा घर हो । हामी साँच्चै 'वसुधैव कुटुम्बकम्'को मूल्यमा विश्वास गर्छौं भने यो घरलाई लुट्ने प्रवृत्तिलाई होइन, सुधार गर्न खोज्ने प्रयासलाई अवसर दिनुपर्छ । यही आत्मपरीक्षण र सचेत निर्णयले मात्र नेपाललाई निराशाबाट आशातर्फ डोऱ्याउन सक्छ ।

● **मनोहर धिताल**, हाल : बोस्टन, अमेरिका

बालबालिकाको तस्करी रोक्न के गर्ने ?

तस्करबाट बालबालिकालाई सुरक्षित राख्न अभिभावकले मौनता तोड्नुपर्छ, किनकि मौनता नै तस्करको सबैभन्दा ठुलो सहयोगी हो



देश / विदेश

● लरेन बुक

जनवरी मानव बेचबिखनविरुद्ध रोकथाम अभियानको महिना हो र जेफ्री एपस्टाइन फेरि एकपटक समाचारको शीर्षकमा हाबी हुँदा समाजले एउटा महत्त्वपूर्ण सत्य गुमाउने जोखिम छ । एपस्टाइन कुनै विसंगति थिएनन् । उनका कार्य यस देशभरका समुदायमा फैलिरहेको बृहत् संकटका अंश थिए । अमेरिकाका प्रत्येक अभिभावकले मानव बेचबिखनबारे चिन्ता गर्नुपर्छ ।

बाल्यकालको यौन दुर्व्यवहार र अनलाइन शोषणबाट बचेको व्यक्तिका रूपमा तथा दुर्व्यवहारबाट बचेकाहरूको समर्थनमा दशकौँ समय बिताएको मानिसका रूपमा मलाई यो थाहा छ- दुर्व्यवहार, शोषण र मानव बेचबिखन मौनता र कलंकमा फस्टाउँछ । जब वयस्कहरूले 'यहाँ हुन सक्दैन' भनेर सोच्छन्, जब चेतावनी संकेतलाई बेवास्ता गरिन्छ र जब प्रणालीहरूले हानि भइसकेपछि मात्र प्रतिक्रिया दिन्छन्, तब दुर्व्यवहारका घटना बढ्छन् । मानव बेचबिखन त्यस्तो विषय होइन, जुन 'अन्य कतै' हुन्छ । यो एपस्टाइनको टापु वा अपमानित च्याप स्टारले आयोजना गर्ने कुख्यात पार्टीमा सीमित छैन । संयुक्त राज्य अमेरिकाका हरेक जिप कोडमा बेचबिखन हुन्छ- घर, विद्यालय, मल र बढ्दो रूपमा फोन र ल्यापटपमा । यी घटना स्पष्ट दृष्टिमा लुकेका हुन्छन् ।

हामीले विगत एक वर्षका समाचार हेर्‍यौँ भने वयस्क र उनीहरूलाई सुरक्षा दिने प्रणाली असफल भएका कारण निर्दोष बालबालिका 'हेडलाइन'मा रहेको देख्न सकिन्छ । प्रायः पीडित बालबालिका र किशोरकिशोरीले एप, गेम र सामाजिक सञ्जालमार्फत अनलाइनमा आफ्ना तस्करलाई भेट्छन् । तर, तिनका अभिभावकलाई बालबालिकाको जीवनमा वास्तवमा के भइरहेको छ भन्ने कुनै जानकारी हुँदैन । डिजिटल संसारमा पहुँचले विद्यमान समस्यालाई बढाएको छ, त्यसैले अमेरिकाका प्रत्येक अभिभावकले यो सन्देश सुन्नु महत्त्वपूर्ण छ, चरम वा सनसनीपूर्ण घटनामा मात्र तस्करलाई खोजी गरिरहँर्यौं भने हामी हाम्रो अगाडि के भइरहेको छ भन्ने यथार्थबाट टाढा रहन्छौं ।

२०२३ मा मात्र 'नेसनल मिसिङ एन्ड एक्सप्लोइटेड चिल्ड्रेन सेन्टरले आफ्नो साइबरटिपलाइनमार्फत अनलाइन बाल यौन शोषणको शंकास्पद तीन करोड ६० लाखभन्दा बढी रिपोर्ट प्राप्त गऱ्यो । त्यो संख्याले हामीले पहिले कहिल्यै नदेखेको स्तरमा पहुँच र अवसरलाई प्रतिनिधित्व गर्छ । हामी आफैँलाई भन्छौँ, 'मेरो बच्चा होइन ।' तर, एकपटक आफ्नो बाल्यकाल र किशोरावस्थालाई फर्केर सोच्नुहोस्- निर्दोषता, जिज्ञासा र सीमा नाघ्ने प्राकृतिक प्रवृत्ति । बच्चाहरू कसरी अकल्पनीय अपराधमा फसिरहेका छन् ? अपराधीलाई अभूतपूर्व पहुँच दिने अनलाइन संसारमा स्वाभाविक जिज्ञासाबाटै शोषण सुरु हुन्छ । राम्रोसँग प्रचारित मुद्दाले पीडितमा जागरुकता जगाउने र न्याय सुरक्षित गर्ने अवसर प्रदान गर्छ, तर हामी बेचबिखन रोक्न गम्भीर छौँ भने यो जवाफदेहितालाई सामुदायिक शिक्षासँग पनि जोड्नुपर्छ । धेरैजसो पीडितलाई अपहरण गरिएको हुँदैन । तिनको हेरचाह गर्ने र प्रायः उनीहरूले विश्वास गर्ने व्यक्तिद्वारा बिस्तारै शोषण गरिन्छ र यो प्रायः अनलाइनमा हुन्छ । यसको मतलब हाम्रो सबैभन्दा प्रभावकारी माध्यम शिक्षा, जागरुकता र प्रारम्भिक हस्तक्षेप नै हुन् । जब कुनै ठुलो अपराधका घटना देखिन्छन्, अनि मात्र यसलाई गम्भीरतापूर्वक



तस्बिर स्रोत : युरोपाडटइयूबाट

लिइन्छ, जुन हरेक अभिभावकको कमजोरी हो ।

आफ्ना बच्चालाई सुरक्षित राख्न सक्ने तीन तरिका यहाँ दिइएका छन्, पहिलो- सानै उमेरदेखि सुरक्षाबारे बच्चाहरूसँग खुलेर कुरा गर्नुहोस् । सीमा, अनलाइन व्यवहार र शंकास्पद वयस्कले बालबालिकामाथि गरेका व्यवहारबारे आफ्ना सन्तानसँग राम्रो व्यवहार गर्नुहोस्, ताकि बालबालिकालाई आत्मविश्वास दिन सकियोस् ।

दोस्रो- तपाईंको बच्चाको पहुँच केमा छ भनेर जान्नुहोस् । घरमा भएका सबै डिजिटल उपकरणको हिसाब राख्नुहोस् र खेल, एप र सामाजिक सञ्जालमा तपाईंको बच्चाको अनलाइन व्यवहारको निगरानी गर्नुहोस् । गत वर्ष यो रिपोर्ट गरिएको थियो कि युटाहकी एक किशोरीले दुर्व्यवहारकारीसँग भेट्नुअघि इन्टरनेटमा जोडिन पुरानो र विवरणमा नराखिएको फोन प्रयोग गरेकी थिइन् । यी घटना आफूलाई नपरेसम्म असम्भव लाग्न सक्छ, तर हाम्रा बच्चालाई सुरक्षित राख्नु हाम्रै दायित्व हो ।

तेस्रो- खतराको चेतावनीबारे राम्रोसँग जान्नुहोस् र अवलोकन गर्नुहोस् । बालबालिकाको व्यवहारमा अचानक परिवर्तन, उपकरण (मोबाइल, ट्यापलगायत)लाई गोपनीय राख्न खोज्ने बालबालिकाको आदत, कसैबाट पाउने अस्पष्ट उपहार वा फिर्ता सबै चेतावनीका संकेत हुन सक्छन् । यसबारे पूर्वसावधानी अपनाएमा बालबालिकामा हुन सक्ने सम्भावित शोषणलाई चाँडै रोक्न मद्दत पुग्छ । मानव बेचबिखन रोकथाम महिना पुनः प्रयोग गरिएको आक्रोश वा प्रतीकात्मक इसाराबारे हुनुहुँदैन ।

अहिले बालबालिकाको तस्करी भइरहेको छ- धनी र शक्तिशालीका लागि गोप्य आश्रयमा मात्र होइन, हाम्रा समुदायमा पनि यस्ता गतिविधि भइरहेका छन् । हामी यो शोषण रोक्न चाहन्छौँ भने हामीले यसलाई दुर्लभ रूपमा व्यवहार गर्न बन्द गर्नुपर्छ । चरम घटनाले हानि गर्नुअघि बालबालिकालाई सुरक्षित राख्ने कदम तत्काल चाल्नुपर्छ । मौनता तस्करको सबैभन्दा ठुलो सहयोगी हो । कर्तव्य हाम्रो हो । तसर्थ, आजैदेखि जागरुक बनौँ ।

(बुक अमेरिकी बालबालिकासम्बन्धी अधिवक्ता तथा पूर्वशिक्षिका हुन्)
न्युजविकबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

डेढ महिनाअघि बेपत्ता रौतहटकी बालिकाको अवस्था अझै अज्ञात

दुर्गाभगवती गाउँपालिका- ४ का वडाध्यक्षसहित चारजनाविरुद्ध पक्राउ पुर्जी

नयाँ पत्रिका

रौतहटको दुर्गाभगवती गाउँपालिका- ४ का वडाध्यक्ष रामानन्द प्रसादसहित ६ जनाविरुद्ध बालिका अपहरण गरेको कसुरमा अनुसन्धान सुरु भएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरले वडाध्यक्ष रामानन्दसहित चारजनाविरुद्ध पक्राउ पुर्जीसमेत जारी गरिसकेको छ।

प्रहरीका अनुसार गत २ पुसदेखि बेपत्ता दुर्गाभगवती गाउँपालिका- ४, छतौनाकी १४ वर्षीया बालिका अझै फेला परेकी छैनन्। बालिकालाई छतौनाकै २० वर्षीय दिलीप यादवले भारतको बिहार लिएर गएको प्रहरीको भनाइ छ। बालिका फेला नपरेपछि प्रहरीले दिलीपका बुवा रामाज्ञा राय यादव र उनका साथी राजेश यादवलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख एसपी श्यामबहादुर खत्रीले रामानन्दसहित ६ जनाविरुद्ध अपहरण तथा शरीर बन्धक कसुरमा मुद्दा दर्ता भएर अनुसन्धान भइरहेको बताए। 'रामानन्दसहित ६ जनाविरुद्ध अपहरण तथा शरीर बन्धक कसुरमा म्याद थप भई अनुसन्धान भइरहेको छ। जसमध्ये दुईजना पक्राउ परेका छन्। बाँकीको खोजीकार्य जारी छ। १४ वर्षीया बालिकाको अवस्था अझै अज्ञात छ। सोही कसुरमा परिवारका सदस्यले उनीहरूविरुद्ध जाहेरी दिएका थिए,' उनले भने।


रामानन्द प्रसाद वडाध्यक्ष

प्रहरीका अनुसार अपहरण कसुरमा पक्राउ पुर्जी जारी भएका रामानन्दसहित दिलीप, शंकर राय यादव, बुचानी भनिने राजेश यादव र अनितादेवी यादव छन्। बालिकालाई छतौनाकै २० वर्षीय दिलीपले गत २ पुस राति मकवानपुरको हेटौंडाबाट भगाएर लगेका थिए। त्यसयता बालिका र दिलीप सम्पर्कमा छैनन्। रामाज्ञा राय दिलीपका बाबु र राजेश उनका साथी हुन्। बालिका परिवारका सदस्यसँगै हेटौंडा उपमहानगरपालिका- ४ स्थित भुटनदेवी मार्विमा कक्षा १० मा अध्ययनरत थिइन्। उनलाई सोही स्थानबाट भगाएर लगेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक उमाशंकर दास गुप्ताले बताए। 'बालिकालाई २० वर्षीय दिलीपले भगाएको सम्बन्धमा हामीकहाँ जाहेरी परेको थियो। बालिका र युवा अफै फेला पर्न सकेका छैनन्। उनीहरूलाई भगाउन सहयोग गर्ने राजेश यादव र दिलीपको बुवा रामाज्ञा पक्राउ परेका छन्। त्यसबाहेकका व्यक्तिविरुद्ध पक्राउ पुर्जी जारी भएको छ,' उनले भने।

प्रहरीका अनुसार एकाएक सम्पर्कविहीन भएलगत्तै बालिकाका बुवा नेमलाल राय यादवले जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला प्रहरी कार्यालय रौतहटमातहतको इलाका प्रहरी कार्यालय गंगापिपरामा जाहेरी दिएका थिए। त्यसलगत्तै प्रहरी बालिका र युवा खोजीमा जुटेको थियो। यही क्रममा दिलीपका बुवा रामाज्ञालाई पक्राउ गरिएको थियो। यसपछि पनि बालिका फेला नपरेपछि नेमलालले घटनामा संलग्नविरुद्ध अपहरण तथा शरीर बन्धक कसुरमा जाहेरी दिएका थिए। 'छोरी बेपत्ता भएको साढे एक महिना हुन लाग्यो। हालसम्म फेला परेकी छैनन्। घटनामा वडाध्यक्ष नै संलग्न छन्। तैपनि प्रहरीले पक्राउ गर्न सकेको छैन। म साह्रो पीडामा छु,' उनले नयाँ पत्रिकासँग भने।

बुवा नेमलालका अनुसार दिलीपले बालिकालाई भारतको बिहार लगेका छन्। घटनामा दुर्गाभगवती गाउँपालिका- ४ का वडाध्यक्ष रामानन्द प्रसादको भूमिका शंकास्पद रहेको उनको दाबी छ। उनले भने, 'छोरी २ पुसदेखि बेपत्ता छिन्। गाउँकै दिलीप यादवले भगाएको सूचना छ। दुवैजना सम्पर्कमा छैनन्। उनीहरूले छोरीलाई बिहार लगेको सूचना छ। सकुशल छन् या तलमाथि केही भयो बुझ्न सकिएको छैन। हामी बडो चिन्तामा छौं।'

■ आमाछोरा हत्या प्रकरण

बुहारी र उनका प्रेमी पक्राउ

वीरगन्ज/ बारामा एक महिलाले विवाहेत्तर सम्बन्धकै कारण सासू र श्रीमानको हत्या गरेको खुलेको छ। परवानीपुर गाउँपालिका- १, रहरिया टोलमा मंगलबार राति आमाछोराको हत्या भएको घटनामा प्रहरीले शंकाको आधारमा २८ वर्षीया मनिता देवी र उनका प्रेमी धर्मेन्द्र महतोलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।

अज्ञात व्यक्तिको आक्रमणबाट ४६ वर्षीया सुमित्रा देवी र उनका छोरा ३० वर्षीय रामेश्वर मण्डलको हत्या भएको हो। घटनाको केही घण्टामा मनिता देवीलाई पक्राउ गरेर अनुसन्धान सुरु भएपछि उनका प्रेमी पनि पक्राउ परेको बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुवँरले जानकारी दिए। प्रहरीका अनुसार केही दिनअघि मनिताका प्रेमी विदेशबाट आएको र मंगलबार राति हत्या गरेका हुन्। मनिताले श्रीमान् रामेश्वरको हत्या गर्ने योजनाअनुसार नै प्रेमीलाई घरमा बोलाएको खुलेको प्रहरीले जनाएको छ।

प्रहरी उपरीक्षक कुँवरले आमा र छोराको हत्या घटनामा बुहारी मनितालाई नियन्त्रणमा लिएर सोधपुछ गरेपछि प्रेमी पक्राउ परेको जानकारी दिए।

'घटनाबारे मनिता र उनका प्रेमी भनिएकालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेकाले बयानपछि घटनाबारे थप जानकारी आउनेछ,' उनले भने, 'रातिको समयमा के कारणले आक्रमण गरेको हो ? यसबारे बुहारीको बयानको आधारमा उनका प्रेमीलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेका छौं।'

सुदूरपश्चिमका पहाडी जिल्लामा बालेनको अभियान

जनजीवनमा प्रभाव पार्ने योजनाबारे रास्वपाका उम्मेदवारसँग राखे चासो



बैतडी/ चुनावी अभियानका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द शाह बालेन सुदूरपश्चिमको पहाडी जिल्ला पुगेका छन्। मंगलबार कैलाली र कञ्चनपुरमा चुनावी अभियान चलाएका बालेन बुधबार डडेल्धुरा पुगे। उनले डडेल्धुराको साहुखर्कस्थित 'बाजेको खिर पसल'मा खिर खाए। त्यसपछि लगत्तै उनले भीमदत्त राजमार्गमा उभिएर सुदूरपश्चिमेली शैलीको स्टाटस लेखे।

हिमपातले सेताम्मे सडकको बिचमा उभिएर सामाजिक सञ्जालमा 'सुदूर अब दूर नाई, झिकै झिकै माया तमलाई' भन्दै लेखेको स्टाटस भाइरल बन्यो। सडकबाटै सुदूरपश्चिमप्रतिको आत्मीयता व्यक्त गर्न उनले त्यो पोस्ट गरेका थिए।

बर्सात्सँगै परेको हिमपात र चिसो मौसमको सामना गर्दै बालेनले बिहान साढे ९ बजे डडेल्धुराको तुफानडाँडामा रहेको रास्वपाको पार्टी कार्यालयमा कार्यकर्ता र समर्थकसँग भेटघाट गरे। उनले डडेल्धुराबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार डा. तारा जोशीसँग कुराकानी गरे। जोशीले बालेनसँग स्थानीय तथा राष्ट्रियस्तरको विषयमा छलफल भएको बताए। 'सुदूरपश्चिमको आर्थिक जीवनमा प्रभाव पार्ने योजनाबारे चासो राख्नुभएको थियो,' उनले भने, 'हामीले पश्चिम सेती, डडेल्धुरामा विमानस्थल, मेडिकल कलेजको स्तरोन्नतिलगायत विषयमा छलफल गर्‍यौं।' बालेनले जोशीलाई चुनाव जितेर आउन शुभकामना दिँदै बाँकी जिम्मेवारी पार्टीले लिने बताए।

त्यसपछि बालेनको टोली बैतडीतर्फ लाग्यो। घनघस्याको लेक काट्दै उनले बैतडीको खोड्पे बजारमा कार्यकर्तासँग भेटघाट गरे। दिउँसो साढे १२ बजे पाटन पुगेर बैतडीबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार हरिमोहन भण्डारी र जिल्लाको नेतृत्वसँग छलफल गरे। 'बालेनसँग जिल्लाको भूगोल र चुनावी अवस्थाबारे छोटो छलफल भयो,' रास्वपाका उम्मेदवार भण्डारीले भने, 'जिल्लाको अवस्थाबारे विस्तृतमा बतार्यौं।' समर्थकका लागि केही बोलिदिन अनुरोध गरे पनि बालेनले नबोल्ने बताएका थिए। त्यसपछि उनी दार्चुला हिँडे।

चमेलिया नदी किनार, दार्चुलाको गोकुलेश्वरमा समर्थकको भिड लागेको थियो। उनको स्वागतमा स्थानीयले छलिया नाच्दै, दमाहा बजाउँदै ज्याली आयोजना गरेका थिए। त्यहाँ बालेनले पार्टी सम्पर्क कार्यालयमा घन्टी बजाउँदै समर्थकलाई अभिवादन गरेका थिए। त्यहाँबाट फर्केर बालेनको समूह पुनः बैतडीको पाटन, खोड्पे हुँदै बझाङतर्फ लागेको थियो। उनी बुधबार राति बझाङ पुगेका छन्।

सुरक्षागार्डलाई चक्कु प्रहार गर्ने पक्राउ

कास्की/ बैंकको सुरक्षागार्डलाई चक्कु प्रहार गरेको आरोपमा एकजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा स्याङ्जाको बिरुवा गाउँपालिका- १ बस्ने ३० वर्षीय महेन्द्रनारायण श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रसन्नराज चौधरीले बताए। श्रेष्ठले बिरुवा- १ स्थित गरिमा विकास बैंकका सुरक्षा गार्डलाई चक्कु प्रहार गरी घाइते बनाएका थिए। मंगलबार बिहान बैंकमा गएका श्रेष्ठ गार्डको शरीरका विभिन्न भागमा चक्कु प्रहार गरी घाइते बनाएर फरार भएका थिए। चक्कु प्रहारको सूचनापछि प्रहरी चौकी बिरुवा अर्चलेबाट खटिएको प्रहरी टोलीले बुधबार श्रेष्ठलाई बिरुवा बजारबाट नियन्त्रणमा लिएको चौधरीले जानकारी दिए। श्रेष्ठलाई ज्यान मार्ने उद्योग कसुरमा स्याङ्जा जिल्ला अदालतबाट बुधबार सात दिन म्याद थप अनुमति लिई घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान प्रक्रिया अगाडि बढाएको जनाएको छ।

स्वास्थ्यमा गण्डकी प्रदेशले फड्को मारेको छ : मन्त्री पाठक

बागलुङ/ गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले स्वास्थ्य क्षेत्रमा प्रदेशले फड्को मारेको बताएका छन्। धौलागिरि आयुर्वेद अस्पतालमा नवनियुक्त अस्पताल व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यको पदभार ग्रहण कार्यक्रममा उनले बुधबार गण्डकी प्रदेश स्वास्थ्य क्षेत्रमा सातवटै प्रदेशमा उत्कृष्ट रहेको दाबी गरेका हुन्। उनले आफू स्वास्थ्यमन्त्री भएको १७ महिना पुगेको र यो अवधिमा प्रदेशभरका अस्पतालमा कुल तीन सय शय्या रहेकोमा हाल आठ सय शय्या बनाएको बताए। उनले अस्पतालका भौतिक पूर्वाधार निर्माणलगायत काममा पनि उल्लेखनीय प्रगति भएको दाबी गरे।

'मन्त्रालय सम्हालेको १७ महिनाजति भयो, प्रदेशभरका ११ जिल्ला अस्पतालमा जम्मा तीन सय शय्या थिए, यसलाई आठ सय बनार्यौं,' पाठकले भने, 'सात सय दरबन्दी पनि सिर्जना गरिएको छ, नयाँ ओएनएम गरिएको छ। साँच्चै प्रदेशका अस्पताललाई अस्पतालका रूपमा विकास गरिएको छ। गण्डकीले स्वास्थ्यमा फड्को मारेको छ।' उनले प्रदेश सरकारमताहत रहेका अस्पतालमा औजार उपकरणका साथै विशेषज्ञ डाक्टरहरूको व्यवस्थापन पनि भएको बताए। पाठकले धौलागिरि प्रादेशिक अस्पताल बागलुङलाई ५० शय्या बाट सय शय्या र नवलपुरमा रहेको मध्यविन्दु अस्पताललाई २५ शय्याबाट सय शय्यामा स्तरोन्नति गरेको बताए।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
Hattisar, Kathmandu
Tel 4544039 • Fax 4543414
Email info@goodwill.net.np

Branches

Dillibazar	Indrachowk	Bhaktapur	Kumaripati	Tripureshwor	Nayabazar	Itahari, Sunsari	Birtamod	Nepalgunj	Ghorai, Dang	Ilam	Phidim	Butwal	Bardibas	Dhangadi	Nawalpur	Gaindakot	Bhairahawa
4422290	5329554	6620067	5408690	5331533	5910738	025-587051	023-530548	081-532056	082–563350	027-520949	024-521068	071–537282	044–550102	091-417357	046-570060	078-501411	071-590963

CONDENSED STATEMENT OF FINANCIAL POSITION (QUARTERLY)

As on Poush end 2082 (Mid Janaury of 2026)

Figures in NPR

Assets	This quarter Ending	Immediate Previous Year Ending
Cash and cash equivalent	573,896,690	1,823,491,434
Due from Nepal Rastra Bank	2,271,126,877	594,876,533
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and advances to B/FIs	219,914,353	221,827,233
Loan and Advances to Customers	8,435,277,236	8,413,552,721
Investment Securities	2,564,275,744	2,333,777,763
Current Tax Assets	72,103,422	81,596,475
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investment Property	522,365,164	546,632,732
Property and Equipment	637,125,402	642,200,566
Goodwill and Intangible assets	-	-
Deferred Tax Assets	-	
Other Assets	866,106,370	100,210,437
Total Assets	**16,162,191,258**	**14,758,165,894**
Liabilities	**This Quarter Ending**	**Immediate Previous Year Ending**
Due to Bank and Financial Institutions	11,283,390	14,691,960
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	12,729,745,599	12,121,270,244
Borrowings	-	-
Current Tax Liabilities		
Provisions		
Deferred Tax Liabilities	205,093,777	205,093,777
Other Liabilities	538,670,627	318,602,054
Debt securities issued	249,158,147	249,158,147
Subordinated Liabilities	-	-
Total Liabilities	**13,733,951,539**	**12,908,816,182**
Equity	**This Quarter Ending**	**Immediate Previous Year Ending**
Share Capital	946,115,200	946,115,200
Share Premium	2,475,548	2,475,548
Retained Earnings	(569,204,255)	(588,587,017)
Reserves	2,048,853,225	1,489,345,980
Total equity attributable to equity holders	**2,428,239,718**	**1,849,349,711**
Non-controlling interest	-	-
Total Equity	**2,428,239,718**	**1,849,349,711**
Total Liabilities and Equity	**16,162,191,258**	**14,758,165,894**

CONDENSED STATEMENT OF PROFIT OR LOSS

For the month ended Poush 2082

Figures in NPR

Particulars	Current Year		Corresponding Previouse year	
	This Quarter	Up to This year (YTD)	This Quarter	Up to This Quarter (YTD)
Interest Income	411,444,527	679,424,441	275,187,832	611,894,572
Interest expense	(179,786,610)	(374,425,636)	(229,510,770)	(491,016,156)
Net interest income	**231,657,917**	**304,998,806**	**45,677,062**	**120,878,416**
Fees and Commission Income	12,751,900	26,351,907	8,717,934	18,579,617
Fees and Commission Expense	-		-	
Net fee and commission income	**12,751,900**	**26,351,907**	**8,717,934**	**18,579,617**
Net interest, fee and commission income	**244,409,817**	**331,350,713**	**54,394,996**	**139,458,033**
Net trading income				
Other operating income	17,974,004	27,947,970	6,105,118	15,285,910
Total operating income	**262,383,821**	**359,298,683**	**60,500,114**	**154,743,943**
Impairment charge/(reversal) for loans and other losses	93,572,074	66,926,019	49,657,579	39,912,887
Net operating income	**168,811,747**	**292,372,664**	**10,842,535**	**114,831,056**
Operating Expenses				
Personnel Expense	(38,562,607)	(79,993,367)	(23,779,609)	(58,460,994)
Other Operating Expense	(20,805,502)	(45,109,989)	(23,065,002)	(40,888,979)
Depreciation and Amortization	(3,600,000)	(8,400,000)	(6,300,000)	(10,800,000)
Operating profit	**105,843,639**	**158,869,308**	**(42,302,075)**	**4,681,083**
Non operating Income	333,395	647,286	3,410,686	10,069,742
Non operating expense				
Profit before Income tax	**106,177,035**	**159,516,595**	**(38,891,389)**	**14,750,825**
Income tax Expenses				
Current Tax	(31,853,110)	(47,807,975)	(132,697)	(4,261,081)
Deferred Tax	-	-	-	-
Profit/(loss) for the period	**74,323,924**	**111,708,620**	**(39,024,086)**	**10,489,744**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Corresponding Previouse year	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Profit/(loss) for the period	74,323,924	111,708,620	(39,024,086)	10,489,744
Other Comprehensive Income	475,104,764	467,181,387	88,227,772	103,517,578
Gains/(losses) from investments in equity instruments measured at fair value	475,104,764	467,181,387	88,227,772	103,517,578
Total Comprehensive Income	**549,428,688**	**578,890,007**	**49,203,686**	**114,007,322**
Basic earning per share	-	11.81	-	1.11
Annualized Basic earning per share	-	23.61	-	2.22
Diluted earning per share	-	23.61	-	2.22
Profit attributable to:				
Equity holders of the Bank	-	578,890,007	-	114,007,322
Non-controlling interests	-	-	-	-
Total	**-**	**578,890,007**	**-**	**114,007,322**

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Capital fund to RWA		11.15%		13.19%
Total Loan Loss provision to Total NPL		110.52%		95.80%
Total nonperforming loan(NPL) to total loan		6.70%		6.77%
Cost of Funds		5.52%		6.89%
Credit to Deposit Ratio		72.24%		69.52%
Base Rate		7.50%		8.87%
Interest Rate Spread		4.44%		4.36%

Notes to Financial Statement

1. Above Financial Statements are prepared in accordance with the Nepal Financial Reporting Standards (NFRS) and certain carve -outs as issued by ICAN.
2. These figures may vary with the audited figures at the instance of external auditor and regulator.
3. Figures have been regrouped and rearranged wherever necessary.
4. Loans and advances consist of accrued interest receivable net of interest suspense and have been presented in net of any impairment charges. Impairment charge on loans and advances have been taken as calculated as per NRB directives using carve out no. 5 issued by Institute of Chartered Accountants of Nepal (ICAN) being higher of impairment charge calculated as per NAS 39.
5. Loans and advances to customers include loan to customers and Loan to Employees which have been measured at amortised cost.
6. Personnel expenses include employee bonus provision and amortization of the Deferred employee benefits of subsidized loans provided as per Employees byelaws of the bank.
7. NFRS adjustments which are subject to regulatory adjustments as per NRB directives have been shown as regulatory adjustments.
8. Interest on staff loan provided at nominal rate has been calculated for the FY 2082.83 and divided equally among four quarters.
9. Reclassification has been done whereever necessary.
10. **The detailed interim report has been published in the bank's website https://www.goodwillfinance.com.np**

STATEMENT OF DISTRIBUTABLE PROFIT OR LOSS

For the Month Ended Poush, 2082

Figures in NPR

Particulars	Amount (Rs)
Opening Retained Earnings as on year ended 2081-82	**(588,587,016.51)**
Net Profit For the month ended Poush 2082	**111,708,620.24**
1. Appropriations	
1.1 Profit required to be appropriated to statutory reserve	**(23,276,754.25)**
a. General Reserve	(22,341,724.05)
b. Capital Redemption Reserve (Debenture Redemption Reserve)	-
c. Exchange Fluctuation Fund	
d. Corporate Social Responsibity Fund	(1,117,086.20)
e. Employees Training Fund	
f. Other	182,056.00
1.2 Profit required to be transfer to Regulatory Reserve	**(69,049,104.25)**
a. Interest Receivable (-)/Previous accrued interest received (+) (AIR)	(66,416,411.97)
b. Short provision for possible losses on Non Banking Assets (-)/Reversal(+)	(2,632,692.29)
Net Profit for month ended Poush 2082 available for distribution	**19,382,761.73**
Closing retained Earnings as on Poush end 2082	**(569,204,254.78)**

धितोपत्र दर्ता निष्काशन नियमावली २०६५ को अनुसुची १४

(नियम २६ को उप नियम (१) सँग सम्बन्धित)

आ. ब. २०८२/८३ को दोश्रो त्रैमासिक प्रतिवेदन

1. Financial Statements Highlights

1. Ratios as on second quarter end
2. Quarter ending 2082-2083

Particulars	This Quarter Ending	Previous Quarter Ending
Liquidity (CRR)	35.23%	33.25%
Value of per share on total assets	Rs. 1708.27	Rs. 1587.76
Number of equity shares	9461152	9461152
Earnings per share (Annualized)	Rs. 23.61	Rs. 15.81
Net worth per share	Rs. 256.65	Rs. 200.26
Price earnings ratio	28.12	35.49

2. Management's analysis of performance

a. As per NFRS reporting, during this second quarter for the year 2082-83, company's profitability posted Rs. 11,17,08,620.00 as compare to profit posted Rs.1,04,89,744.00 in2nd quarter of previous year 2081-2082. Likewise, loans & advances are increased by 0.23% and deposit also increased by 4.99% respectively as compare to 2nd quarter of previous year 2081-082.

3. Legal proceedings

a. No law suit has been filed by or against the company in the last quarter.
b. No such information has been received of law suit filed by or against the promoters or directors of the company involving violation of statutory regulation or criminal offences.
c. No such information has been received of law suit filed against any promoters or directors of the company for economic offences.

4. Analysis of stock performance

a. During the second quarter of FY 2082/83, total volume of 895685 no. of shares were transacted in 6261 transactions. And share price was of NPR 673.00- at the highest, Rs. 550.00 was the lowest and NPR 664.00 was the closing price at the end of the 2nd quarter.

5. Problems and challenges

A. Internal Problems:
- Challenges of retaining & maintaining skilled man power.
- Building adequate leadership capabilities.

B. External Problems
- Scarcity of skilled & competent man power.
- Very limited investment opportunities.
- Demand for quality loan in decreasing trend

C. Strategy:
- Closely monitoring the internal and external environmental changes and adopting proactive approach.
- Undertaking various initiatives to engage employees for better performance and retention.
- Introducing new products for better serving the market.
- Achieving excellence in service for delighting the customers.
- Emphasizing on quality rather than quantity.

6. Corporate Governance

That we deal with other people's savings and we have to be a role model in management of custodial capital is made clear to everyone at Goodwill, from the members of the Board to entry level staff. The decisions at the company are taken after adequate and open deliberation by committees at different level depending on the decisions.

- The Board of Directors meets regularly to formulate and review the strategies and policies, and monitor the performance
- The Audit Committee, headed by a non-executive director, meets minimum every quarter to review the performance of the company and continually suggest measures to enhance compliance and control mechanisms.
- The Management Committee, chaired by the CEO, meets regularly to review performance and make business decisions.

7. Declaration by CEO on the truthfulness of information

To the best of my knowledge and belief, I, the Chief Executive Officer, declare that the information disclosed in this report are true reflection of the company's position and performance and I have not purposefully concealed any relevant data or information that in my assessment would adversely affect the investment decision of any depositor / investor.

इरानमा किन यति बलिया छन् खामेनी ?

हजारौँ धर्मगुरु, सुरक्षा अधिकारी र टेक्नोक्रेटहरू दिनरात सैन्य, गुप्तचर, आर्थिक, न्यायिक र सांस्कृतिक क्षेत्रमा खामेनीको भूमिका बढाउन सक्रिय

इरानमा उठेको पछिल्लो विरोध प्रदर्शन चलिरहँदा पर्यवेक्षकमाझ एउटा परिचित बहस फेरि थियो, के इस्लामिक गणतन्त्र पतनको डिलमा पुगेको हो ? चर्किंदो महँगी, मुद्राको अवमूल्यन, एकपछि अर्को मजदुर हडताल र धर्मगुरुप्रतिको खुला अवज्ञाले शासन ढल्न सक्ने विश्लेषण तीव्र बनेको थियो । तर, इरानमा यसअघि बारम्बार उठेका प्रदर्शनजस्तै यसपटकको आन्दोलन पनि पश्चिमले चाहेजस्तो राजनीतिक परिवर्तनमा अनुवाद हुन असफल भएको छ । बरु यस पटक प्रदर्शनमाथि भएको हिंसात्मक कारबाहीमा हजारौँ मारिएको तथ्यांक बाहिरिइरहेका छन् ।

वर्तमान शासन व्यवस्था अत्यन्त अलोकप्रिय छ, त्यसविरुद्ध प्रदर्शन पनि उठ्ने गर्छ । त्यसका बाबजुद तेहरानको वर्तमान शासक कसरी टिकिरहेका छन् । यो बुझ्न इरानको वर्तमान इस्लामिक गणतन्त्रमा शक्तिले कसरी काम गर्छ भन्ने तथ्यमा ख्याल गर्नुपर्छ । इस्लामिक गणतन्त्र धार्मिक सैन्य प्रणाली हो, जो आज आयतोल्लाह अली खामेनी र उनको परिवार वरिपरि गोलबन्द छ । राज्यशक्ति आयतोल्लाहनजिकको वृत्तमा केन्द्रित छ, जसमा खामेनी, उनको परिवार र अन्य तीन तहको बलियो गठजोड छ ।



● सय्यद गोलकर

गोलकर टेनेसी विश्वविद्यालयका राजनीतिशास्त्रका सह-प्राध्यापक हुन् ।

खामेनीको नेतृत्वलाई कठोरता, अनुशासन र गहिरो व्यक्तिगत उद्देश्यको भावनाद्वारा परिभाषित गरिएको छ । खामेनी केवल राजनीतिक केन्द्र मात्र होइनन्, इस्लामिक गणतन्त्रको संरक्षण गर्ने ईश्वरीय प्राधिकार पनि हुन् । सन् १९८९ मा सर्वोच्च नेताको पद ग्रहण गरेदेखि खामेनीले शासन प्रणालीलाई निरन्तर धार्मिक सैन्य राज्यमा रूपान्तरण गर्दै लगे । यसै रूपान्तरणकै कारण इरानको शासन टिक्न लोकप्रिय सहमतिभन्दा दमन बढी महत्त्वपूर्ण हुने गरेको छ । दमन कार्यान्वयनको लागि राज्यले अति संस्थागत तथा वैचारिक रूपमा प्रतिबद्ध दमनकारी उपकरण निर्माण गरिएको छ । यही संरचनात्मक वास्तविकताले नै इरानको राजनीतिक परिवर्तनको स्थिति निर्धारण गर्छ ।

खामेनीलाई केन्द्र बनाएर बनेको केन्द्रमा खामेनीका परिवार लगत्तै आउँछ, बेइत-ए रहबारी अर्थात् देशको सर्वोच्च नेताको कार्यालय । यो कार्यालय इस्लामिक गणतन्त्रको सबैभन्दा शक्तिशाली तर सबैभन्दा कम देखिने संस्था हो । व्यवहारतः इरानको वास्तविक कार्यकारी अधिकारको अभ्यास यही निकायले नै गर्छ । विगत तीन दशकको अवधिमा यस कार्यालय संविधान, संसद् र राष्ट्रपति पदभन्दा माथिको विशाल र अपारदर्शी समानान्तर राज्यसंयन्त्रको रूपमा विकसित भएको छ ।



इरानमा अहिले विरोध प्रदर्शनलाई सुरक्षा बलले नियन्त्रण गर्छ, धर्मगुरु प्रवचनमार्फत राज्यको बल प्रयोगलाई सही ठहऱ्याउँछन्, जसलाई सर्वोच्च नेताको कार्यालयद्वारा नियन्त्रित प्रचार संयन्त्रले व्यापक बनाउँछ

खामेनीप्रति बफादार हजारौँ धर्मगुरु, सुरक्षा अधिकारी र वैचारिक टेक्नोक्रेटले भरिएको बेइतले सैन्य, गुप्तचर, आर्थिक, न्यायिक र सांस्कृतिक क्षेत्रमा गरिने निर्णयलाई आकार दिन्छ । खामेनीले यसै कार्यालयको समन्वयमा राज्यका विभिन्न निकायमा विश्वसनीय व्यक्ति पसाएर शासन गर्छन् । बेइत खामेनीको परिवार अझ विशेषतः उनका छोराहरूले आफ्नो शक्ति अभ्यास गर्ने मुख्य माध्यम पनि हो । बेइत अहिले खामेनीको शासनलाई जोगाउने र वर्तमान शासनविरुद्ध आउने धक्कालाई सोस्ने र अदृश्य रूपमा सञ्चालन हुने संयन्त्र बनेको छ ।

बेइटभन्दा ठिक बाहिरको तहमा धर्मगुरुहरूको ठुलो सञ्जाल छ, जसले प्रणालीलाई धार्मिक वैधता प्रदान गर्छ । धार्मिकस्थलमा शुक्रबारको प्रार्थना गराउने गुरुहरू, प्रान्तीय प्रतिनिधिहरू, र शासननजिक वरिष्ठ धर्मगुरु खामेनीको अधिकारलाई ईश्वरीय रूपमा स्वीकृत भएको भाष्यलाई फैलाउँछन् । तिनले खामेनी एक राजनीतिक नेता मात्र नभई मुस्लिम सम्प्रदायले मान्ने इमामका प्रतिनिधिको रूपमा चित्रण गरिन्छ । यस धार्मिक प्रस्तुतिले शासनप्रति निष्ठावान् हुनुलाई धार्मिक कर्तव्यमा परिणत गरेको छ । यस्तोमा राज्यले गर्ने दमनलाई राजनीतिक छनोटभन्दा पनि धर्म रक्षाको आवश्यकताको रूपमा प्रस्तुत गरिन्छ ।

धार्मिक गुरुहरूका लागि अलग रूपमा 'विशेषज्ञको सभा' र 'अभिभावक परिषद्'जस्ता संस्था गठन गरिएको छ । तिनले राज्यप्रति धार्मिक प्रतिष्ठानभित्र उठ्ने आमअसहमतिलाई मिलाउने सक्रिय भूमिका खेल्छ । धर्मगुरुलाई राज्यका सुरक्षा संयन्त्रभित्रसमेत स्थान दिने व्यवस्था गरिएको छ, जसले सुरक्षा संयन्त्रको धार्मिक कर्तव्य सम्झाउने काम गर्छन् । उदाहरणका लागि सशस्त्र बलको वैचारिक-राजनीतिक ब्युरोको नेतृत्व गर्ने होजातोलेस्लाम अली सइदीले भर्खरै इस्लामिक सरकारको रक्षाका लागि हजारौँको मृत्युलाई जायज ठहऱ्याइरहेका थिए । पछिल्लो प्रदर्शनपछि राज्य संरचनाका धर्मगुरुका प्रतिष्ठानले प्रदर्शनकारीलाई 'मोहरेब' (ईश्वरका शत्रु) को रूपमा प्रस्तुत गरिरहेका छन्, जुन आरोपपछि प्रदर्शनकारीमाथिको हिंसा र दमन धार्मिक रूपमा सही ठहरिन्छ । यही वर्गीकरणले आजको इरानमा क्रान्तिकारी परिवर्तनको सीमालाई औंल्याउँछ ।

धर्मगुरुहरूको वृत्तभन्दा बाहिर छ, 'इस्लामिक रिभोलुस्नरी गार्ड कोर्प (आरआरजिसी)' र बृहत्तर सुरक्षा संरचना । यसले शासनको बलियो ढालको काम गर्छ । इस्लामिक गणतन्त्रको रक्षा गर्न गठन गरिएको रिभोलुस्नरी कोर्पको स्थापनादेखिकै मुख्य लक्ष्य शासनको संरक्षण गर्नु रहेको छ । त्यसअन्तर्गत खामेनीविरुद्ध हुन सक्ने जुनसुकै कु प्रयास रोक्ने, विरोध असहमतिलाई दबाउने र सर्वोच्च नेतालाई जुनसुकै हदमा गएर बचाउने लक्ष्य रहेका छन् । समय बित्दै जाँदा रिभोलुस्नरी कोर्प आफूलाई सैन्य कार्यमा मात्र सीमित नभई गुप्तचर, रिजर्भ फोर्स र बासिज मिलिसियासहितको बहुशाखा सुरक्षा संगठनमा विस्तार भएको छ । र, यी प्रत्येक हिस्सा इरानी समाजमा गहिरो रूपमा समाहित देखिन्छ । खामेनीलाई केन्द्र बनाएर बनेका यी तीन तह मिलेर वर्तमान शासनको चरित्र निर्धारण गर्छन् र यसलाई टिकाउन सक्रिय पनि हुन्छन् । मानव शरीरसँग तुलना गर्ने हो भने खामेनी टाउको हुन्, भने बेइट-ए रहबारी मुख्य शरीर हो, जसले बाँकी अंगसँग समन्वय र नियन्त्रण गर्छ । शासनका दुई हात भने रिभोलुस्नरी कोर्प र धर्मगुरुहरूको सञ्जाल हुन्, जसले अधिकार लागू गर्छन् र धार्मिक वैधता प्रदान गर्छन् ।

उल्लिखित तीन तहको मुनि बल्ल इरानको सरकार (राष्ट्रपति नेतृत्वमा रहने) र सार्वजनिक प्रशासन रहन्छन् । सरकार र प्रशासनले प्रणालीलाई भरथेग त गर्छन्, तर यसलाई दिशा दिन सक्दैनन् । सरकारका मन्त्रालय, नगरपालिका र सेवा प्रदायक निकायले दैनिक शासनको व्यवस्थापन गर्छन् । राज्यका आमगतिविधि सञ्चालन गर्ने यी निकायले आमनागरिकको आक्रोशलाई सोस्ने काम गरे पनि तीसँग थोरै मात्र वास्तविक शक्ति हुन्छ । हुन पनि नोकरशाहीले प्रशासन त चलाउँछ, तर यसले शासन चलाउँदैन ।

उल्लिखित संरचनात्मक स्वरूपका कारण आमअसन्तुष्टिले अभिजात वर्गमा विभाजन गर्न दिँदैन, जुन अधिनायकवादी विघटनका लागि आवश्यक हुन्छ । विरोध प्रदर्शनलाई सुरक्षा बलले नियन्त्रण गर्छ, धर्मगुरु प्रवचनमार्फत राज्यको बल प्रयोगलाई सही ठहऱ्याउँछन्, जसलाई सर्वोच्च नेताको कार्यालयद्वारा नियन्त्रित प्रचार संयन्त्रले व्यापक बनाउँछ । प्रशासनले राज्यले दिने सेवा दिइरहकै हुन्छ, जसले गर्दा मानिसलाई राज्यले काम गरिरहेको भान दिन्छ । यस्तोमा शक्तिलाई जोगाउने यस्तो संरचना सक्रिय गरिएका छन्, जसको अस्तित्व केन्द्रको संरक्षणमा निर्भर छ । इस्लामिक गणतन्त्रको रक्षामा यही संरचनागत स्वरूपले मुख्य भूमिका खेलेको छ । इस्लामिक गणतन्त्र आमवैधता वा लोकप्रिय सहमतिका कारण सबल बनेको होइन, बरु यसलाई त केन्द्रमाथिको दबाब अन्यत्र मोड्ने, शक्ति भने आफूमा केन्द्रित गर्ने र सर्वोच्च नेतालाई समाज र राज्यका अन्य निकायबाट जोगाउन बनाइएका संरचनाले बलियो बनाएको हो । यस्तोमा इरानको राजनीतिक भविष्यको बहस आवेगभन्दा यही कठोर संरचनाबाट सुरु हुनुपर्छ ।

फरेन अफेयर्सबाट

Nepal Electricity Authority

Invitation for Electronic Bids

(Date of publication 29 January, 2026 (15/10/2082)

Name of Office	Tender No./Types of Bidding	Description of Works/Jobs
Grid Operation Department (Tel No : 01- 4106919)	GOD/2082/083-07	Supply and Delivery of Instrument Transformer, LA, CB and Isolator
Bagmati Provincial Offcie, Kathmandu (Tel No : 01-4153169)	NEA/BPO/STAT/2082/083(SQ)-01(RE)	Supply and Delivery of Printing and Stationery Goods.
Lumbini Provincial Office, Butwal (Tel No : 071-438536)	NEA-LPO-2082/83-07(SQ)	Supply and Delivery of Stationery, Printing and Miscellaneous Items
Lumbini Province Division Office, Nepalgunj (Tel No. 081-531783)	NEA-LPDON-2082/083-BayDiv-12	Supply, installation, testing, and commissioning of substation equipment under Lumbini Province Division Office
Kohalpur Grid Branch (Tel No: 081-533551)	SQ/KGB/2082/083-05	Supply and Delivery of 11KV VCB Trolley and Breaker spare parts at Kohalpur Substation
Attariya Grid Division (Tel No : 091-550670)	AGD/2082/083-06	Supply, Testing and Delivery CIF Site of 132kV SF6 and 33kV Vacuum, Three Pole Operating Type Circuit Breaker at Attariya Grid Division
	AGD/2082/083-07(SQ)	Building and Premises Improvement Works and Open Yard Construction at Attariya Grid Division Office.
	AGD/2082/083-08(SQ)	Laying of Gabion Wall and Installation of Fencing at Syaule Substation
Birgunj Distribution Centre (Tel No :051-521050)	NEA/BDC-2082/083-SQ-01(Re)	Supply and Delivery of Printing and Stationery Materials.
Kalikot Distribution Centre (Tel No.: 087-440236)	KDC/2082/083-CSQ-01	Construction of Canal Slab Works.
Dhading Distribution Centre (Tel No. : 010-520952)	NEA/DDC/2082/083/SQ01	Supply and delivery of line material items
Ilam Distribution Centre (Tel No :027-520054)	NEA-ILAMDC-2082/083-03SQ	Construction of LT Line and Wooden Pole Replacement on LT line
Parasi Distribution Centre (Tel No: 078-520536)	NEA/PDC-2082-083- ESQ -04	Pole dismantelling works at different places of Parasi DC along with pole upgrading at HT/LT Line hight maintaining works.
Nayamil Distribution Centre (Tel No: 071-561050)	NMDC/2082/083-SQ-03	Supply & Delivery of Tools & line Materials
Bhairahawa Distribution Centre (Tel No: 071-570654)	NEA/BHW/2082/83-SQ-08	Kawadi Material Lilami (Auction) Air condition, Freeze, Transformer copper wire scrap, Single, Three Phase Electromechanical Meter, 12 V Battery and Vehical Matel parts.
१५	एमबीएल ईक्वीटी फण्ड	३००,०००	२,८९५,०००
१६	रिलायबल समृद्धि योजना	३००,०००	२,९३७,०००
१७	ग्लोबल आईएमई समुन्नत योजना २	१,५००,०००	१३,६५०,०००
१८	एच एल आई लार्ज क्याप फण्ड	१,०००,०००	९,०००,०००
	लगानी समूह		
१	नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड	२०२,७३५	५२,७११,१००
२	नागरिक लगानी कोष	१००,०७६	१७७,५३४,८२४
३	हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (संस्थापक सेयर)	६०७,५१३	१०९,८९९,१०२
	अन्य		
१	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	१५६,४३५	२०५,०८६,२८५
२	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	३२३,१८४	२७१,६३६,१५२
३	पियोर इनर्जी लिमिटेड	२,३७४	२,४८७,९५२
४	ट्रेड टावर लिमिटेड	५,९०५	४,९३१,८५६
५	झापा इनर्जी लिमिटेड	८४७	१,२०४,४३४
	ट्रेडिङ्ग		
१	साल्ट ट्रेडिङ्ग कपेरेशन लिमिटेड	४,५१४	२५,२५९,८९३
	कुल		**७,३०२,९४५,०११**

कोष प्रवर्द्धक: NIMB नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, दरवारमार्ग, काठमाण्डौ। फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७, Email: info@nimb.com.np, Website: www.nimb.com.np

योजना व्यवस्थापक: NIMB ACE CAPITAL LIMITED एनआइएमबि एस क्यापिटल लिमिटेड, पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोन: ०१-५९७१२३३, Email: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/१०/१५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३/१२/१६ मा दर्ता नं. ४४९३६/०६३/०६४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २ स्थित इष्टर्न म्यानेजमेन्ट प्रा.लि.

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. राम प्रसाद बतासको बुहारी, आनन्द राज बतासको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको उषा बतास (ना.प्र.प.नं.: ४६९९०१५१३२ (झापा), कास्की)
२. जय लाल बतासको नाति, राम प्रसाद बतासको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको आनन्द राज बतास (ना.प्र.प.नं.: ४६५८७/तनहुँ, कास्की)
३. जय लाल बतासको नाति, राम प्रसाद बतासको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको विपेन्द्रराज बतास (ना.प्र.प.नं.: ४६५९४८/तनहुँ, कास्की)
४. जय लाल बतासको नाति, राम प्रसाद बतासको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा.वडा नं. ८ स्थित स्थायी ठेगाना भएको शान्त राज बतास (ना.प्र.प.नं.: ४६४५६२/तनहुँ, कास्की)
५. राम प्रसाद बतासको बुहारी, शान्त राज बतासको पत्नी, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको दया लक्ष्मी बतास (ना.प्र.प.नं.: ४६१९९/०३५(चितवन), कास्की)

शाखा कार्यालय: न्युप्लाजा, काठमाण्डौ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०१/१७ मा दर्ता नं. ४५६००/०६३/०६४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १ स्थित बतास एसोसिएट्स प्रा.लि.

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. जय लाल बतासको नाति, राम प्रसाद बतासको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको आनन्द राज बतास (ना.प्र.प.नं.: ४६५८७/तनहुँ, कास्की)
२. जय लाल बतासको नाति, राम प्रसाद बतासको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको विपेन्द्रराज बतास (ना.प्र.प.नं.: ४६५९४८/तनहुँ, कास्की)
३. जय लाल बतासको नाति, राम प्रसाद बतासको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा.वडा नं. ८ स्थित स्थायी ठेगाना भएको शान्त राज बतास (ना.प्र.प.नं.: ४६४५६२/तनहुँ, कास्की)

शाखा कार्यालय: वि.पि. चोक, कास्की

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/०१/०७ मा दर्ता नं. १३४८७८/७१/०७२ कायम भई दर्ता भएको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ९ स्थित बतास ब्रदर्श प्रा.लि.

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. राम प्रसाद बतासको बुहारी, आनन्द राज बतासको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको उषा बतास (ना.प्र.प.नं.: ४६९९०१५१३२ (झापा), कास्की)
२. जय लाल बतासको नाति, राम प्रसाद बतासको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको आनन्द राज बतास (ना.प्र.प.नं.: ४६५८७/तनहुँ, कास्की)
३. जय लाल बतासको नाति, राम प्रसाद बतासको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको विपेन्द्रराज बतास (ना.प्र.प.नं.: ४६५९४८/तनहुँ, कास्की)
४. जय लाल बतासको नाति, राम प्रसाद बतासको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा.वडा नं. ८ स्थित स्थायी ठेगाना भएको शान्त राज बतास (ना.प्र.प.नं.: ४६४५६२/तनहुँ, कास्की)
५. राम प्रसाद बतासको बुहारी, शान्त राज बतासको पत्नी, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको दया लक्ष्मी बतास (ना.प्र.प.नं.: ४६१९९/०३५(चितवन), कास्की)
६. राम प्रसाद बतासको बुहारी, विपेन्द्रराज बतासको पत्नी, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको रेजी बतास (ना.प्र.प.नं.: ४६१६१६२ (दोलखा), कास्की)

सातामै दोस्रोपटक पश्चिममा हिमपात

बागमतीदेखि पश्चिमी क्षेत्रमा मध्यम वर्षा

बैतडीमा **लोकेश साउद**
बाजुरामा **गगन अयडी**
जुम्लामा **मानदत्त रावल**

सातामै दोस्रोपटक अर्थात् शुक्रबार र शनिबार हिमपात भएकामा बुधबार पनि फेरि हिमपात भएको छ। बागमतीदेखि पश्चिमका क्षेत्रमा मध्यम वर्षा भए पनि पूर्वी नेपाल र मधेश प्रदेशमा भने हल्का मात्र वर्षा मापन भएको छ। बुधबार सबैभन्दा बढी सुर्खेतको खानीखोलामा ४३ मिलिमिटर वर्षा मापन भएको छ।

पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावका कारण पश्चिम नेपालबाट मंगलबार रातिदेखि वर्षा र हिमपात सुरु भएकामा बुधबार देशका धेरैजसो ठाउँमा वर्षा भएको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात पनि भएको छ। यसअघि गत शनिबार पश्चिम नेपालका गण्डकीसम्म हिमपात र वर्षा भएको थियो।

पुनः हिमपात भएपछि उच्च पहाडी र हिमाली क्षेत्र सेतामे बनेका छन्। दार्चुला, बझाङ, बाजुरा र हुम्लालगायत हिमाली जिल्लामा मंगलबार साँझ नै वर्षासँगै हिमपात सुरु भएको थियो। बैतडी, डडेलधुरा, जुम्ला, मुगु, जाजरकोट, डोल्पा, मनाङ, मुस्ताङलगायत जिल्लामा बुधबार बाक्लो हिमपात भएको छ। मुस्ताङमा दुई फिटसम्म हिमपात भएको छ। पूर्वी क्षेत्रका हिमाली क्षेत्रमा भने हल्कादेखि मध्यम हिमपात भएको छ।

बैतडीका उच्च भेग खोड्पे, श्रीभावर, अनारखोली, सिगास, ग्वाल्लेक, सतबाँझलगायत क्षेत्रमा बाक्लो हिमपात भएको छ। डाँडाकाँडामा बाक्लो हिउँ थुप्रिएको अपिहिमाल गाउँपालिकाका हेमन्त बोहराले बताए। हिमपातले अपिनाम्पा हिमाली क्षेत्रको पर्यटनमा पनि सकारात्मक प्रभाव पर्ने उनले बताए।

'हामीले अपिहिमाल घुम्न पर्यटकलाई आकर्षित गर्दै आएका छौं, तर हिउँ नै नभएपछि हिमालको सुन्दरता पनि घट्दो रहेछ,' उनले भने। हिमपातले उच्च क्षेत्रमा चिसो बढेर जनजीवन भने कष्टकर बनेको बोहराले बताए। बाजुराको त्रिवेणी, गौमूल, बडिमालिका, बुढीनन्दा, हिमाली, स्वामीकार्तिक खापर, जगन्नाथ र खप्तड छेडेदहलगायत ठाउँमा उच्च भेगमा भारी हिमपात भएको छ।

हिमपातले चिसो बढेपछि जनजीवन कष्टकर बनेको छ। विशेषगरी वृद्धवृद्धा, बालबालिका र विपन्नवर्ग बढी प्रभावित भएको बुढीनन्दा नगरपालिका- ९ का स्थानीय कुलबहादुर भोटेले बताए।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् सञ्जीव अधिकारीका अनुसार वर्षा थामिएको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा हल्का हिमपात हुने सम्भावना छ। तर, बिहीबार पहाडी क्षेत्रमा घामबादल हुनेछ भने तराईमा बिहानपख हुस्सु लाग्नेछ।

हिमपात हुन थालेपछि किसान उत्साहित

ढिलै भए पनि हिमपात हुन थालेपछि उच्च पहाडी तथा हिमाली क्षेत्रका किसान खुसी बनेका छन्। उच्च हिमाली क्षेत्रमा बाक्लो हिमपातले माटोमा चिस्यान बढाएपछि गहुँ, जौ, आलु र उवाजस्ता हिउँदेबाली सप्रिने छायानाथ रारा नगरपालिका- ६ का रूपबहादुर सेजुवालले बताए। उनका अनुसार पहिला-पहिला असोज-कात्तिकमै घरमै घुँडासम्म हिमपात हुने गर्थ्यो।

५-६ वर्षयता समयमै हिमपात हुन छाडेको छ। हिउँदे सिजनमा लामो समयदेखि हिमपात र पानी नपर्दा बाली सुक्ने अवस्थामा पुगेको बताउँदै उनले भने, 'हिमपातले जमिनमा आवश्यक चिस्यान दिएको छ, अब उत्पादन राम्रो हुने आशा गरेका छौं।'

मुगुम कार्मारोङ गाउँपालिका- ७ का छिरिङ फोन्जक लामा पनि बाक्लो हिमपात र पानीले जडीबुटीलाई पनि राम्रो गरेको बताउँछन्। 'यो गाउँपालिका जडीबुटी र पशुचौपायामा आत्मनिर्भर पालिका हो। समयमै बाक्लो हिमपात र पानी नपरे मुख्य आम्दानीको आयस्रोत जडीबुटीलाई ठुलो असर पर्छ,' उनले भने। हिमपात हुँदा केही राहत महसुस भएको उनले बताए।

कृषि विकास कार्यालय मुगुका प्रमुख गणेश अधिकारी



बैतडीको अपिहिमाल गाउँपालिका- ४, खण्डेश्वरीमा परेको हिमपात

हिमपातले माटोको उर्वराशक्ति बढाउने, किरा-फट्यांग्रा नियन्त्रण गर्ने र हिउँदेबालीको उत्पादनमा वृद्धि हुने बताउँछन्। 'यो समय स्याउ, ओखरलगायत बिरुवा रोप्ने, काँटछाँट गर्ने भएकाले सबै फलफूललाई समेत सहयोग पुग्छ,' उनले भने, 'कृषि क्षेत्रका लागि यो सिजनमा हिमपात आवश्यक मानिन्छ।'

वर्षासहितको हिमपात मंसिरमा छरेका गहुँ, जौ, उवालगायतका अन्नबालीका लागि फाइदा हुने भएको सिँजा गाउँपालिका- ३, मोफ्लाका गोपाल रोकायाले बताए। उनले भने, 'पुस महिनामा परेको हिउँ चाँडै बिलाउँदैन। अन्नबाली र फलफूलका बिरुवालाई सहज हुन्थ्यो। माघमा हिउँ परे पनि किसानलाई फाइदा नै पुग्छ।' जुम्लाका किसान अहिले स्याउ बर्गैंचा व्यवस्थापन, काँटछाँट र सिँचाइमा जुटेका छन्।

कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले कर्णालीमा हिमपात र कृषि क्षेत्रको पारस्परिक सम्बन्ध रहेको बताए। 'खेताली तथा लेकाली क्षेत्रमा हिउँदमा लगाइएको बालीको सिँचाइ हिउँले मात्रै गर्छ,' उनले भने, 'पछिल्लो केही वर्षयता हिउँ ढिला पर्दा स्याउ बर्गैंचा व्यवस्थापनदेखि अन्य बालीनालीमा समस्या हुने गरेको छ। फागुनमा नयाँ स्याउका बिरुवा रोप्न माटोमा चिस्यान कायम राख्न पनि हिउँ जरुरी छ।'

कर्णाली प्रदेशका नागरिकको मुख्य पेसा र जीविकोपार्जनको मूल आधार नै कृषि हो। फलफूल, तरकारी, मसलाबाली, मौरीपालन, स्थानीय रैथानेबाली, खाद्यान्न बालीका साथै पशुपालन यहाँका नागरिकको जीविकाको आधार हो।

धेरैजसो विकट पहाडी क्षेत्र भएको कर्णाली प्रदेशमा जम्मा ३० लाख २० हजार नौ सय हेक्टर जमिनमध्ये दुई लाख ६०२ हेक्टरमा मात्रै खेती हुने गरेको छ। कुल खेतीयोग्य जमिनमध्ये ३८ हजार २३३ हेक्टरमा मात्रै वर्षैभरि सिँचाइ सुविधा उपलब्ध छ। बाँकी सिँचाइ नहुने खेतीयोग्य जमिनमा अकासेपानीको भरमा खेतीपाती गर्ने गरिन्छ।

बैतडीस्थित सतबाँझ सुक्खा फलफूल विकास केन्द्रका प्रमुख अर्जुन खड्काले हिमपातले हिउँदे बाली तथा फलफूल सप्रिने बताए। 'अकासेपानीको भरमा गरिएको खेती सप्रिन्छ, बालीनाली, फलफूलको गुणस्तर वृद्धि हुन्छ,' उनले भने, 'हिमपातले हिउँदे बालीमा लाग्ने रोगकिरा पनि कम हुन्छन्।'

काठमाडौंमा ८६ दिनपछि वर्षा

काठमाडौंमा ८६ दिनपछि बुधबार वर्षा भएको छ। यो हिउँदकै पहिलो वर्षा हो। जल तथा मौसम विज्ञान विभागका अनुसार बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल केन्द्रमा २.२ मिलिमिटर वर्षा मापन भएको छ। यो केन्द्रमा यसअघि १६ कात्तिकमा १.४ मिलिमिटर वर्षा मापन भएको थियो। 'त्यतिखेर लगातार तीन दिन (१४, १५ र १६ कात्तिक) मा ठुलो पानी परेको थियो। तर, त्यसपछि बुधबार मात्र वर्षा रेकर्ड भएको छ,' जल तथा मौसम विज्ञान विभागका मौसमविद् सञ्जीव अधिकारीले बताए। रेकर्डअनुसार १५ कात्तिकमा १६.१ मिलिमिटर र १४ कात्तिकमा ४७ मिलिमिटर वर्षा भएको थियो। १६ मंसिर अर्थात् हिउँद लागेपछि काठमाडौंमा वर्षा हुन नसकेकामा बुधबार भएको हो। पश्चिमी न्यूनचापीय प्रणालीले बागमतीदेखि पश्चिमका क्षेत्रमा मध्यम वर्षा गराउँदा काठमाडौंमा पनि हल्का वर्षा भएको छ। विभागका अनुसार बुधबार उपत्यकामा सबैभन्दा बढी ललितपुरको टीकाथलीमा पाँच मिलिमिटर वर्षा रेकर्ड भएको छ।

नयाँ सरकारका...

पृष्ठ १ बाट क्रमशः

(ब्लु-प्रिन्ट) बनाउँदै छ।

जेन-जी आन्दोलनको मागअनुसार भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि काम गर्न नसकेको गुनासो उठिरहँदा सरकार आमनिर्वाचनबाट आउने सरकारलाई दिने गरी सुशासनको मार्गचित्र बनाउन कस्सिएको हो। यस्तो मार्गचित्र तयारीको चरणमा बुधबार अर्थमन्त्री रामेश्वर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार अजयभद्र खनाल र जनसम्पर्क सल्लाहकार गोविन्दनारायण तिमिल्सिना, मुख्यसचिव सुमनराज अर्याल, सचिव तथा सहसचिवहरू र तीनै सुरक्षा निकायका प्रमुखसहित पाँच सय उच्चपदस्थको संयुक्त मन्थन भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले बुधबार नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज)मा उच्चपदस्थ पदाधिकारीहरूको सहभागितामा आयोजना गरेको कार्यशालामा बृहत् छलफल भएको हो।

प्रधानमन्त्री कार्कीले सुशासन मार्गचित्र तयार गर्न दुई महिना समय दिएर १४ पुसमै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय मामिला क्षेत्र हेर्ने सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा १५ सदस्यीय उच्चस्तरीय समिति गठन गरेकी थिइन्। प्रधानमन्त्रीको निर्णयबमोजिम कार्यालयले विभिन्न मन्त्रालयका प्रतिनिधि, जेन-जी प्रतिनिधि, निजी क्षेत्र, गैरसरकारी तथा नागरिक समाज, विज्ञलगायत समावेश गरेर समिति गठन गरेको थियो। जेन-जी आन्दोलनको मर्म र उनीहरूसँग गरेको सम्झौताका अतिरिक्त सार्वजनिक प्रशासन एवं सेवा-प्रवाहमा जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता बढाउनेबारे सुझाव लिन र सिफारिस गर्न समितिलाई कार्यादेश छ।

एक महिना अवधि गुजारिसकेको उच्चस्तरीय समितिले अहिले मन्त्रालयगत सुझाव पनि संकलन गरिरहेको छ। प्रशासक र प्राज्ञिक क्षेत्रबाट व्यावहारिक र नीतिगत सुझाव संकलनका उद्देश्यले प्रधानमन्त्री कार्यालयले बुधबार कार्यशाला आयोजना गरेको हो। कार्यशालामा सुशासनका विभिन्न आयाममा केन्द्रित रहेर कार्यपत्र प्रस्तुत गरी छलफल भएको थियो। सरकारी निकाय र सार्वजनिक संस्थानमा भ्रष्टाचार हुन सक्ने क्रियाकलाप, क्षेत्र र कारण, सार्वजनिक सेवा प्रवाहको अवस्था र चुनौती, सेवा प्रवाह प्रभावकारी बनाउन गर्नुपर्ने पहल र सुधार, भ्रष्टाचार नियन्त्रणमा चाल्नुपर्ने कदम तथा राष्ट्रसेवक कर्मचारीलाई प्रोत्साहन र दण्डलगायत विषयमा छलफल भएको थियो।

सुशासन मार्गचित्र बनाउन गठित उच्चस्तरीय समितिका संयोजक कार्कीले नागरिक सरकारको मुख्य म्यान्डेट निर्वाचनसँगै सुशासन प्रवर्द्धन पनि रहेकाले यसका लागि काम गरिरहेको बताए। 'चुनावपछि आउने नयाँ सरकारलाई पहिलो दिनमै सुशासनको मार्गचित्र दिने गरी तयारी गरिएको छ,' उनले भने, 'छलफलबाट प्राप्त रायलाई पनि समेटेर मार्गचित्रलाई अन्तिम रूप दिइन्छ।'

कार्यशालामा सहसचिवद्वय पद्मकुमार मैनाली र ईश्वरराज पौडेल तथा स्टाफ कलेजका वरिष्ठ निर्देशक त्रिलोचन पोखरेलले क्रमशः 'विकास व्यवस्थापन र भ्रष्टाचार नियन्त्रण', 'सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि एवं सदाचार प्रवर्द्धन' र 'नागरिक अपेक्षा, सरकारप्रतिको विश्वास अभिवृद्धि र सार्वजनिक सेवाको भावी रूपान्तरणका मुख्य क्षेत्र' शीर्षकमा कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यशालामा १० विषयगत समूह बनाएर छलफल गरिएको थियो। सम्बन्धित विषय क्षेत्रका समस्या, सेवाग्राहीका दृष्टिकोण, समाधानका उपायसहितको सवालमा सामूहिक छलफल भएको थियो। अन्तरसरकारी समन्वय, अर्थ-उद्योग-वाणिज्य-पर्यटन, सुरक्षा र विपत् व्यवस्थापन, कृषि-पशुपन्छी-वन तथा वातावरण-भूमि व्यवस्थाको विषयगत क्षेत्रमा छलफल भएको थियो। त्यस्तै, सामाजिक सुरक्षा-गरिबी निवारण-रोजगारी-सामाजिक समावेशीकरण, उच्चतम कार्यकारी निकाय-संवैधानिक-नियामक निकाय, नागरिकका आधारभूत आवश्यकता, पूर्वाधार विकास, कानुन-न्याय-प्रहरी र सार्वजनिक खरिद-डाटा गभर्नेन्सका विषयगत क्षेत्रमा छलफल भएको थियो। ती समूहगत छलफलको निचोडमाथि सहसचिवहरू एकदेव अधिकारी, सुमन दाहाल, आनन्द काफ्ले, गोविन्दप्रसाद रिजाल, अनिता निरौला, मुक्तिप्रसाद पाण्डे, राधिका थपलिया, विजय जोशी, अरुणा जोशी र मुकेश रेग्मीले प्रस्तुति दिएका थिए।

कार्यशालामा मुख्यसचिव अर्यालले कर्मचारी र सेवा प्रवाहको परिपाटीमाथि असन्तुष्टि जनाए। 'हामीले सानो कुरा गर्ने छाड्यौं, ठुलो कुरा गर्न थाल्यौं। हामीले ठुला-ठुला कुरा गर्‍यौं, ती ठुला कुराले सुधारका सामान्य कुरालाई छोपिदियो। यसले हामीलाई समस्यामा पारेको छ,' उनले समस्याको कारण खुलाए।

अर्यालले २३ र २४ भदौको जेन-जी विद्रोह नै सुशासनको प्रस्थानविन्दु बन्न सक्ने चर्चा गरे। 'निजामती कर्मचारीमा व्यक्तिवादी सोच हाबी भयो। समाजले हामीलाई राम्रो किसिमबाट हेर्दैन। व्यक्तिगत स्वार्थलाई किनारामा राखेर हामी राष्ट्रिय स्वार्थमा केन्द्रित होऔं। अब हाम्रो सुशासनको प्रस्थानविन्दु भनेको २३ र २४ भदौ नै हो,' उनले कार्यशालामा सचिव र सहसचिवहरूलाई भने, 'आउने सरकारलाई हामीले त्यसको मार्गचित्र दिन सकेनौं भने निकम्मा ठहरिन्छौं, यसमा हामी सबै स्पष्ट हुनुपर्छ। अब आउने सरकारलाई सुधारका लागि ब्युरोक्रेसीले रिपोर्ट तयार गरेर बसेको छ भन्ने सन्देश दिऔं। नीतिगत, कानुनी होस् वा अन्य विषयका होस् १५-२० एजेन्डा तयार गरेर राख्न सकियो भने तपाईं हाम्रो उपस्थिति, व्यावसायिकता र राष्ट्रप्रतिको समर्पणभाव देखिन्छ।'

जेन-जी आन्दोलनले खोजेको पृष्ठभूमिमा कर्मचारीले आफूलाई सुधार गर्नुपर्ने उनको भनाइ थियो। कर्मचारीमा व्यक्तिवादी सोच हावी भएको पनि उनी बताउँछन्। 'तपाईंहरूले धेरै पढ्नुभएको होला। यो तरिकाले सुधार हुँदैन। समाजले तपाईं-हामीलाई इतिहासमा राम्रो किसिमबाट हेर्दैन। हामीले मिहिनेत गरेका छौं, ज्ञान पनि छ, तर नतिजा नै आएन,' उनले भने। अर्यालले सुशासनको पहल र कार्यान्वयन कर्मचारीबाटै हुनुपर्ने बताए।

प्रशासनिक पुनर्संरचना र सेवा प्रवाहको सरलीकरण गर्नेलगायत सम्झौता २४ मंसिरमा सरकार र जेन-जी प्रतिनिधिबिच भएको थियो। जनआन्दोलनपछिका नवनिर्माणका हरेक क्रियाकलापलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जवाफदेही, चुस्त, मितव्ययी, प्रभावकारी र स्वार्थको द्वन्द्वरहित बनाउने प्रण सम्झौताको प्रस्तावनामै गरिएको थियो। सम्झौताको ३.१ (घ) मा 'नेपालको सार्वजनिक निकायमा हुने अनियमितता तथा भ्रष्टाचार निवारण, प्रशासकीय प्रणालीको पुनर्संरचना, सार्वजनिक सेवा प्रवाहको सरलीकरण, सहज पहुँच, गुनासो सुनुवाइको व्यवस्था र विद्युतीय सुशासन प्रवर्द्धन'लगायतका विषय समावेश छन्। यही सम्झौतालाई सार्थकता दिने उद्देश्यसहित ७ पुसमा बसेको सचिवहरूको बैठकले सार्वजनिक सेवालाई चुस्त, मितव्ययी, पारदर्शी र प्रविधिमैत्री बनाउन एक सुशासन मार्गचित्र तयार गर्ने निर्णय गरेको थियो। यसैका लागि १४ पुसमा प्रधानमन्त्री कार्कीले उच्चस्तरीय समिति गठन गरेकी थिइन्।

उच्चस्तरीय समितिका सदस्यसचिवसमेत रहेका प्रधानमन्त्री कार्यालयको शासकीय सुधार महाशाखा प्रमुख सहसचिव डा. भीष्मकुमार भुसालले भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापनाका लागि स्पष्ट बाटो यकिन गर्नुपर्ने अवस्था रहेको बताए। जेन-जी आन्दोलनपछि सरकार र जेन-जी प्रतिनिधिबिच भएको सम्झौताको मर्ममा 'डाउन टु अर्थ' मोडेलमा सुधार गर्न जरुरी रहेको उनको भनाइ छ। 'नेपालको प्रशासनिक इतिहासमा यो बृहत् छलफल भएको छ,' उनले भने, 'यसको पृष्ठपोषणका आधारमा ब्लु-प्रिन्ट (मार्गचित्र) तयार हुनेछ। ता कि आउने सरकारलाई पनि गाइडबुक बनोस् भन्ने अपेक्षा हो।'

स्टाफ कलेजका कार्यकारी निर्देशक रामशरण पुडासैनीले सरकारका सचिव र सहसचिवलाई एकै ठाउँमा राखेर यसरी पहिलोपटक छलफल भएको बताए। भावी राजनीतिक नेतृत्वका लागि शासकीय सुधारमा यो महत्त्वपूर्ण पहल हुने उनको भनाइ थियो। 'यो प्रतिवेदन पनि अरूभैं कार्यान्वयन नहुने नहोस् भन्न चाहन्छु,' उनले भने, 'सक्ने कुरा प्रतिवेदनमा राखेर कार्यान्वयनमा प्रतिबद्ध होऔं।'

आचारसंहिता...

पृष्ठ १ बाट क्रमशः

आचारसंहिता, २०८२ लागू गरेको छ।

आचारसंहिता लागू भएपछि संघ, प्रदेश, स्थानीय सरकार, सार्वजनिक संस्थान, निजी क्षेत्र, सञ्चार क्षेत्र र मतदातालाई के-के गर्न हुँदैन भनेर उल्लेख छ। यसै आधारमा गर्न नहुने काम गरेका दल, उम्मेदवार र संस्थानलाई आयोगले स्पष्टीकरण सोधेको हो। आचारसंहिता उल्लंघन प्रमाणित भए जरिवानादेखि उम्मेदवारी रद्दसम्म हुन सक्छ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले आयोगमा प्राप्त उजुरी वा आयोग स्वयंको अनुगमनमा देखिएका उल्लंघनमा आयोगले स्पष्टीकरण सोध्ने गरेको बताए। 'कुनै उजुरी आयो वा आयोगले स्वयंले थाहा पाएपछि आयोगमा रहेको उच्चस्तरीय आचारसंहिता समितिले स्पष्टीकरण सोध्ने निर्णय गर्छ। अनि सम्बन्धित शाखाले चिठी पठाउँछ,' उनले भने, 'पत्र प्राप्त गरेको तीन दिनभित्र स्पष्टीकरण पेस गर्न भनिएको छ। तर, बुधबारसम्म कसैले पनि जवाफ बुझाएका छैनन्।'

आयोगले आचारसंहिताविपरीतका सामग्री राख्ने व्यक्तिगत सामाजिक सञ्जाल एकाउन्ट साइबर ब्युरोबाट बन्द गराउँदै आएको छ। यसैगरी वेबसाइटहरू नेपाल टेलिकम, समाचारहरू प्रेस काउन्सिलमार्फत हटाउन लगाउँदै आएको छ।

कसलाई कुन कसुरमा स्पष्टीकरण ?

१. निर्वाचन आयोगले एमाले अध्यक्ष केपी ओलीको मनोनयनका क्रममा सहभागी भएको भिडियो उजुरीका आधारमा कोशीका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई स्पष्टीकरण।

२. बाजागाजा बजाइरहेको देखिने समूहका सदस्यहरूलाई पाँच सय रुपैयाँको नोटहरू प्रदान गर्दै गरेको भिडियोको आधारमा नेपाली कम्युनिस्ट पार्टी जाजरकोटका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई स्पष्टीकरण।

३. आचारसंहिताविपरीत दलको झन्डाको प्रयोग र आचारसंहिताले तोकेको २५ जनाभन्दा बढीको जुलुस लिएर मनोनयन गरेको उजुरीका आधारमा रास्वपा ललितपुर २ का उम्मेदवार जगदीश खरेललाई स्पष्टीकरण।

४. लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायलक्षित घृणित अभिव्यक्ति दिएको तथा समाजमा भ्रम फैलाएको कारण निज व्यक्तिलाई तत्काल उम्मेदवारी खारेज गरी हदैसम्मको कारबाही गर्नुपर्ने उजुरीका आधारमा राप्रपा काठमाडौं ४ का उम्मेदवार सुरेन्द्र भण्डारीलाई स्पष्टीकरण।

५. आफ्नो निर्वाचन क्षेत्रको सार्वजनिक स्थान (चौबाटोमा) आफ्नो निर्वाचन चिह्न र झन्डाको तोरण बनाई प्रदर्शन गरेको उजुरीका आधारमा सप्तरी २ का उम्मेदवार एवं जनमत अध्यक्ष सिके राउतलाई स्पष्टीकरण।

६. राष्ट्रिय जनावर गाईलाई लिएर साम्प्रदायिक विद्वेष फैलाउने अभिव्यक्ति दिएको उजुरीका आधारमा रास्वपा बाँके ३ का उम्मेदवार खगेन्द्र सुनारलाई स्पष्टीकरण सोधिएको छ।

७. अस्ट्रेलियामा रहेका नेपालीलाई स्वयंसेवक आवेदन फाराम पठाई क्युआर कोडबाट आफ्नो अभियानलाई सहयोग गर्न सक्नेसमेत व्यहोराको विवरण पठाएको भन्ने उजुरीका आधारमा प्रलोपाबाट काठमाडौं ५ की उम्मेदवार निशा अधिकारीलाई स्पष्टीकरण।

८. जेन-जी आन्दोलनमा रगतबाट लतपतिएको भाइरल र आइकोनिक जुत्ता अमुक व्यक्तिको रहेको र सो जुत्ताको दुरुपयोग भएको उजुरीका आधारमा नेपाल जनसेवा पार्टीबाट रूपन्देही २ का उम्मेदवार कमल भुसाल (डा. निकोलस)लाई स्पष्टीकरण।

९. पब्लिक डिबेटका लागि तयार छौं भन्नेसमेत व्यहोराको नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्षले राखेको स्टाटसमा राखेको प्रतिक्रिया दिएका रास्वपा झापा ५ का उम्मेदवार बालेन्द्र शाहलाई स्पष्टीकरण। ओलीले उक्त स्टाटसमा बालेनलाई 'सिंहदरबार जलाउन भूमिका खेलेको' संकेत गरेका थिए भने बालेनले 'जेन-जी आन्दोलनमा ओलीकै कारण ७६ जना मारिएको' आशयको जवाफ दिएका थिए।

१०. सामाजिक सञ्जालमा त्यसै निर्वाचन क्षेत्रका अर्का उम्मेदवार तथा पार्टीविरुद्धमा गलत, भ्रामक वा पूर्ण र व्यक्तिगत मानहानि गर्ने सामग्री प्रसारण गरेको भन्दै नेपाल जनसेवा पार्टीको तर्फबाट भक्तपुर २ की उम्मेदवार जानुका पाठक (शोभा)लाई स्पष्टीकरण।

११. मधेशी समुदायको संस्कृति र पहिचानमाथि प्रहार, भाषिक नश्लवाद र घृणास्पद अभिव्यक्ति दिएकाले कारबाही गरिपाऊँ भन्ने उजुरीको आधारमा एमाले भक्तपुर २ का उम्मेदवार महेश बस्नेतलाई स्पष्टीकरण।

१२. दलको लोगो, दलको नाम, चिह्न र उम्मेदवारको फोटोअंकित टिसर्ट लगाई बालबालिकालाई प्रयोग गरेको भन्ने श्रव्यदृश्यको प्रमाणसहित परेको उजुरीका आधारमा हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीलाई स्पष्टीकरण।

१३. कांग्रेस सुनसरी ४ का उम्मेदवार ज्ञानेन्द्रबहादुर कार्कीको मनोनयन दर्ता गराउने क्रममा सहभागी भएको भिडियोको आधारमा कोशी प्रदेशका उद्योगमन्त्री इम्साइल मन्सुरीसँग स्पष्टीकरण।

१४. उम्मेदवारी मनोनयनमा बाजागाजासहित समूह लगेको भिडियोको आधारमा रास्वपा ओखलढुंगाका उम्मेदवार विश्वराज पोखरेलले स्पष्टीकरण।

१५. आचारसंहिताविपरीत करार सेवामा कर्मचारी छनोटको लिखित परीक्षा सञ्चालन गरेको, परीक्षाफल प्रकाशनको तयारी गरेको उजुरीका आधारमा पूर्वाञ्चल विश्वविद्यालयलाई आयोगको स्पष्टीकरण।

१६. यस्तै कांग्रेसको तर्फबाट दैलेख १ का उम्मेदवार वासना थापा र २ का उम्मेदवार दिक्पालकुमार शाहीका लागि रुख चिह्नमा मत माग्दै आफ्नो फेसबुकमा पोस्ट गरेको उजुरीका आधारमा दैलेख भैरवी-३ स्थित देउती आधारभूत विद्यालयका शिक्षक देवीराम आचार्यलाई स्पष्टीकरण।

१७. यस्तै औतारी धर्मगुरु रिन्पोछेलाई बर्खास्त गर्न लागेको उजुरीका आधारमा त्रिपुरेश्वरस्थित गुठी संस्थानलाई पनि स्पष्टीकरण।

१८. ट्रेड युनियनको अधिवेशन गर्न लागेकाले रोकिपाऊँ भन्ने उजुरीका आधारमा नेपाल स्वास्थ्य स्वयंसेवक संघलाई स्पष्टीकरण।

१९. विद्यालयमा कार्यरत बालविकास शिक्षिका सन्तोषी गुप्तालाई जोरजुलम करकाप प्रयोग गरी सरुवा गरिएको भन्ने उजुरीका आधारमा वीरगन्जको नेपाल राष्ट्रिय आधारभूत विद्यालयलाई स्पष्टीकरण।

२०. आचारसंहिताविपरीत एन्फा निर्वाचन गर्न लागेको भन्दै एन्फालाई स्पष्टीकरण।

२१. यसै विषयमा राष्ट्रिय खेलकुद परिषद्लाई पनि स्पष्टीकरण।

फोटोसहितको मतदाता नामावली छपाइ सकियो

काठमाडौं/ निर्वाचन आयोगले फोटोसहितको मतदाता परिचयपत्र र नामावली छापेर जिल्ला पठाउन थालेको छ। यसअघि पहिलो चरणमा एक करोड ८९ लाख तीन हजार ६९९ जनाको रंगीन फोटोसहितको नामावली ७७ वटै जिल्ला निर्वाचन कार्यालयमा पठाएको आयोगले त्यति नै संख्याका फोटोसहितको नामावलीको छपाइको काम सकेको हो।

उम्मेदवार मनोनयनकै वेला आवश्यक हुने भएकाले सबै निर्वाचन केन्द्रमा एक-एक थान पुग्ने गरी यसअघि रंगीन फोटोसहितको नामावली पठाइएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए। अब दोस्रो चरणमा पठाउन सादा फोटोसहितको त्यति नै नामावली प्रकाशन भइसकेको उनको भनाइ छ। यो नामावली भने थप निर्वाचन सामग्री पठाउँदा सँगै पठाइनेछ। आयोगले लाहाछाप लगाएर प्याक गरी सेनाको सुरक्षामा निर्वाचन सामग्री ढुवानी गर्ने गरेको छ। 'मतदाता नामावली दुई प्रकारको पठाउँछौं, एउटा कलर र अर्को सादा, सबै निर्वाचन केन्द्रमा दुई-दुई थान पुग्ने गरी प्रकाशन गरेका छौं, यदि पुग्यो भने तीन थानसम्म पनि पठाउने कि भन्ने हाम्रो योजना छ,' सूचना अधिकारी घिमिरेले भने, 'तर कम्तीमा दुई/दुई सेट पठाउनैपर्छ, पहिलो चरणमा मतदाताको रंगीन फोटोसहितको नामावली जिल्ला-जिल्लामा पुगिसकेको छ, अब दोस्रो चरणमा पठाउँदै छौं।'

मतदाता नामावलीको एउटा पेजमा २८ जनाको फोटोसहित नाम समावेश हुन्छ। मतदान केन्द्र हेरेर मतदाता नामावली संख्या थोरै-धेरै हुन सक्छ। घिमिरेका अनुसार दोस्रो चरणमा मतदाता नामावली पठाउँदा सबैभन्दा पहिले कर्णाली र उच्च हिमाली जिल्लाहरूमा पठाइनेछ। अन्य मतदान सामग्री पठाउँदा पनि सबैभन्दा पहिले अप्ट्यारा स्थानहरूमा ढुवानी भएपछि मात्रै सहज ठाउँमा ढुवानी गरिनेछ।

■ ०७९ यता थपिएका मतदातालाई मात्रै मतदाता परिचयपत्र

आयोगले ०७९ यता थपिएका मतदाताको मात्रै मतदाता परिचयपत्र छाप्ने भएको छ। आयोगले सीमित प्रिन्टर भएका कारण मतदाता नामावली प्रकाशन गरेपछि बल्ल मतदाता परिचयपत्र छाप्ने तयारी गरेको हो। परिचयपत्र अन्तिम चरणमा मात्रै वितरण गरिने भएकाले ढिलो प्रकाशन गर्दा पनि फरक नपर्ने सूचना अधिकारी घिमिरेले बताए। 'यसपटक हामीले सबै परिचयपत्र र नामावली काठमाडौंमै छापिरहेका छौं। सबैको मतदाता परिचयपत्र छाप्न नपर्ने भएकाले केन्द्रबाटै प्रकाशन गरेर पठाउँदा सहज हुन्छ। ०७९ यता मात्रै थपिएका मतदाताहरूलाई मतदाता परिचयपत्र वितरण गर्छौं,' उनले भने, 'त्यसभन्दा अघिकालाई ०७९ मै मतदाता परिचयपत्र दिएका थियौं, सबै प्रकाशन गर्दा समय र खर्च लाग्ने भएकाले हामीले नयाँलाई मात्रै दिने भनेका छौं।'

१२ औं वार्षिकोउत्सव
प्रतिवद्धता

नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडले स्थापनाको एघार वर्ष पुरा गरी आज देखि बाह्रौं वर्षमा प्रवेश गर्दैछौं । यस अवसरमा हामी प्रति विश्वास र सदभाव राख्नु हुने सम्पूर्ण हाम्रा ग्राहक महानुभावहरू प्रति आभार व्यक्त गर्दछौं। यस अवस्थासम्म आईपुग्न हामीलाई निरन्तर सहयोग, सुझाव, सल्लाह एवं मार्गदर्शन प्रदान गर्ने नेपाल राष्ट्र बैंक, कम्पनी रजिस्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लगायतका नियमनकारी निकाय, शेयरधनी महानुभाव तथा अन्य सम्पूर्ण शुभेच्छुकहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनहरूमा पनि सहयोगको अपेक्षा गर्दछौं ।

समयसँगै उपयुक्त प्रविधिको प्रयोग गर्दै आगामी दिनमा समस्त ग्राहक वर्गलाई प्रदान गर्ने सेवा अझ विश्वसनिय, सरल र गुणस्तरीय बनाई वित्तीय पहुँच अभिवृद्धिमा टेवा पुऱ्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

२०८२ पौष मसान्तसम्म	
कार्यरत जिल्ला	५६
शाखा संख्या	८८
ग्राहक संख्या	७८,३५५
बचत निक्षेप	रू २३४ करोड
लगानीमा रहेको बाकी कर्जा	रू ६२४ करोड

नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड
NADEP Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको ईजाजत पत्र प्राप्त राष्ट्रियस्तरको संस्था)
केन्द्रीय कार्यालय : धुनिबेशी-६, धादिङ्ग

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १५ माघ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

१४औँ साग खेलकुद आगामी वर्षको मार्चमा

२३ देखि ३१ मार्च २०२७ मा इस्लामाबाद, लाहोर र फैसलाबादमा १४औँ दक्षिण एसियाली खेलकुद प्रतियोगिता हुने ओसिएको निर्णय



उज्वेकिस्तानमा बुधबार ओलम्पिक काउन्सिल एसिया (ओसिए)को साधारणसभामा सहभागी सार्क राष्ट्रका ओलम्पिक अध्यक्ष र महासचिवहरू।

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

पाकिस्तानले आगामी २३ देखि ३१ मार्च २०२७ मा १४औँ दक्षिण एसियाली खेलकुद (साग) प्रतियोगिता आयोजना गर्ने भएको छ। सन् २०१९ मा नेपालबाट साग खेलकुदको झन्डा बोकेको पाकिस्तानले अहिलेसम्म प्रतियोगिता आयोजना गर्न सकेको छैन। उज्वेकिस्तानमा बुधबार ओलम्पिक काउन्सिल एसिया (ओसिए)को साधारणसभामा दक्षिण एसियाली ओलम्पिक कमिटीको बैठकले १४औँ सागको मिति तय गरेको हो।

सार्क राष्ट्रका ओलम्पिक अध्यक्ष र महासचिवले १४औँ साग अर्को वर्ष आयोजना हुने तय गरेको नेपाल ओलम्पिक कमिटीले जानकारी दिएको हो। पाकिस्तान ओलम्पिक काउन्सिलले पनि सर्वसम्मत रूपमा दक्षिण एसियाली खेलकुद आगामी वर्षको मार्चमा हुने निर्णय गरेको पुष्टि गरेको छ। 'अर्को वर्ष हामी साग खेलकुद आयोजना गर्दै छौं, सञ्चालन वा व्यवस्थापनका कारण आवश्यक परेमा पाकिस्तानले एक हप्तासम्मको लचकता राखेर मितिमा केही समायोजन गर्न सक्छ,' पाकिस्तानले भनेको छ।

पाकिस्तानले लाहोर, इस्लामाबाद र फैसलाबादमा साग गर्नेछ। सन २००४ मा पाकिस्तानले नवौँ दक्षिण एसियाली खेलकुद प्रतियोगिता आयोजना गरेको थियो। सागको चक्रिय प्रणालीअनुसार प्रतियोगिता प्रत्येक दुई-दुई वर्षमा हुनुपर्छ। नियमअनुसार सन २०२१ मा पाकिस्तानले १४औँ साग गर्नुपर्ने थियो, तर कोभिड-१९ का कारण प्रतियोगिता भएन। यद्यपि, आयोजनाको झन्डा लिएको ६ वर्षसम्म साग गर्न नसकेपछि प्रतियोगिता आयोजना गर्न अन्य सार्क राष्ट्रले चासो देखाएका थिए।

पाकिस्तानले आफूले प्राप्त गरेको आयोजना जसरी पनि पूरा गर्ने प्रतिबद्धता जनाएपछि बैठकमा प्रतिनिधिहरूले सहमति जनाए। बैठकमा नेपालबाट एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठ र महासचिव राजीव श्रेष्ठले भाग लिएका थिए।

बंगलादेश, भुटान, भारत, माल्दिभ्स, पाकिस्तान र श्रीलंकाका ओलम्पिक कमिटीका अध्यक्ष र महासचिव सहभागी थिए। यसैबिच, ओसिएको ४६औँ साधारणसभाले शेख बिन हमद बिनलाई अध्यक्ष चयन गरेको छ। बैठकको अध्यक्षता ओसिएका दक्षिण एसिया उपाध्यक्ष प्रिन्स जिग्येल उग्येन वाङचुकले गरेका थिए।

२७ खेल हुने

दक्षिण एसियाली राष्ट्रका खेलाडीले १४औँ सागमा २७ खेलमा प्रतिस्पर्धा गर्नेछन्। सागमा समावेश खेल संख्या गत वर्ष नै तय भइसकेको थियो। २०२५ फेब्रुअरीमा पाकिस्तानको लाहोरमा भएको कार्यकारी समिति बैठकले २७ खेल समावेश हुने निर्णय गरेको थियो। यद्यपि, यसमा खेल संख्या थपघट हुन सक्ने जनाइएको छ। 'खेलसंख्या अन्तिम भइसकेको छ, यद्यपि प्रतियोगिता आउन अझै एक वर्ष बाँकी छ।

यसमा केही परिवर्तन हुन सक्छ,' पाकिस्तान ओलम्पिक कमिटी अध्यक्ष अध्यक्ष आरिफ सइदले भने, 'हामीले सबैका सहमतिअनुसारै खेलसंख्या समावेश गरेका हौं।'

उज्वेकिस्तानमा भएको बैठकमा दक्षिण एसियाली देशहरूले खेलकुदलाई अझ दिगो र भविष्योन्मुख बनाउने मोडेल विकास गर्न थप छलफल गर्ने सहमति गरेको नेपाल ओलम्पिक कमिटीका महासचिव श्रेष्ठले बताए। 'क्षेत्रीय सहयोग र बहुखेलकुद आयोजनालाई प्रभावकारी बनाउनेमा जोड दिएको छ,' उनले भने। यसैबिच पाकिस्तानले दक्षिण एसियाली राष्ट्रहरूलाई आगामी मेमा पाकिस्तान भ्रमणको निम्तो दिएको छ। सो भ्रमणमा १४औँ सागको तयारीको प्रगति समीक्षा गर्ने, अनुगमन गर्ने र खेलकुदमा क्षेत्रीय सहकार्यको छलफल हुनेछ।

भारतको भूमिका निर्णायक हुने

पाकिस्तानले अर्को वर्ष १४औँ साग आयोजना गर्ने भनेको छ। तर, प्रतियोगिता हुने वा नहुने पक्षमा छिमेकी राष्ट्र भारतको निर्णयमा निर्भर रहनेछ। भारत र पाकिस्तानबिचको सम्बन्ध राम्रो छैन। यसको प्रभाव खेल क्षेत्रमा परेको छ। भारतले पाकिस्तानको भूमिमा आफू सहभागी हुने कुनै पनि अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा नगर्ने अडान राख्दै आएको छ। पाकिस्तानले क्रिकेटको एसिया कप तथा आइसिसी च्याम्पियन्स ट्रफी आयोजना गर्दा भारत छिमेकी राष्ट्रमा गएन। उसले हाइब्रिड शैलीमा तटस्थ भूमिमा पाकिस्तानविरुद्ध खेल्यो। सन २०२४ को एसिया कपमा भारतले पाकिस्तानविरुद्ध श्रीलंकामा खेलेको थियो।

गत वर्ष च्याम्पियन्स ट्रफीमा भारत युएईमा खेल्न गएको थियो। अहिले आसन्न आइसिसी पुरुष टी-२० विश्वकपमा पाकिस्तानले पनि भारतीय भूमिमा प्रतिस्पर्धा नगर्ने भनिरहेको छ। साग खेलकुदमा सातै राष्ट्रहरू सहभागी हुनुपर्ने प्रावधान छ। यस्तोमा भारतले सहभागिता नजनाउँदा साग हुने वा नहुने भन्ने द्विविधा रहन्छ। पाकिस्तानी ओलम्पिक कमिटीले भने साग खेलमा भारत आउन सक्ने विश्वास गरेको छ। 'दक्षिण एसियाली राष्ट्रका खेलाडीबिच प्रतिस्पर्धा हुँदा भारतले पनि छिमेकी राष्ट्रमा खेलाडी पठाउने विश्वास लिएका छौं,' पाकिस्तानी ओलम्पिक कमिटीले डवान पत्रिकालाई भनेको छ, 'राजनीतिक तनाव खेलकुदमा पर्न नहुने हाम्रो भनाइ हो।'

समावेश खेल

स्विमिङ, आर्चरी, एथलेटिक्स, ब्याडमिन्टन, बिलियार्ड एन्ड स्नुकर, बक्सिङ, फेन्सिङ, गल्फ, जुडो, स्क्वास, कराँते, सुटिङ, टेबुलटेनिस, तेक्वान्दो, टेनिस, ट्रायथलन, भारोत्तोलन, कुस्ती, उसु, बास्केटबल, क्रिकेट, फुटबल, ह्यान्डबल, बिच ह्यान्डबल, कबडडी, रग्बी, भलिबल, बिच भलिबल र रोइङ।

■ राष्ट्रिय लिग २०८२

एपिएफ र मच्छिन्द्रको अपराजित यात्रा



नयाँ पत्रिका

नेपाल एपिएफ र मच्छिन्द्र फुटबल क्लबले राष्ट्रिय लिगमा आफ्नो अपराजित यात्रा चौथो खेलसम्मै पुऱ्याएका छन्। बुधबार भएको चौथो चरणका खेलमा एपिएफ र मच्छिन्द्रले शतप्रतिशत जित निकालेका हुन्। सातदोबाटोस्थित एन्फा मैदानमा एपिएफले सहिद स्मारक 'ए' डिभिजन प्रतिद्वन्द्वी जावलाखेल युथ क्लबलाई २-१ ले हरायो। दुईपटकको सहिद स्मारक 'ए' डिभिजन लिग उपाधि विजेता मच्छिन्द्रले प्रेसिडेन्ट लिगबाट राष्ट्रिय लिगमा छनोट भएको चित्लाङ एफसीमाथि ३-१ को जित निकाल्यो।

एपिएफ र मच्छिन्द्रले चार खेलबाट समान १२ अंक बटुलेका छन्। विपक्षीविरुद्ध एक गोल बढी गरेको एपिएफ शीर्ष स्थानमा छ। एपिएफले नौ गोल गर्दा तीन व्यहोरेको छ। मच्छिन्द्रले विपक्षी पोस्टमा आठ गोल गर्दा दुई खाएको छ। तेस्रो स्थानमा रहेको लालीगुराँस एसोसिएसनले १० अंक जोडेको छ। न्युरोड टिम (एनआरटी) ९ अंकसहित चौथो र ८ अंकको त्रिभुवन आर्मी पाचौँ स्थानमा छन्। पहिलोपटक राष्ट्रिय लिग खेलिरहेका नवजन जागृति युवा र काँक्रेबिहार युथ क्लब अंकविहीन छन्।

> लिगका चार खेलसम्म अपराजित नेपाल एपिएफ र मच्छिन्द्र क्लबले समान १२ अंक जोडेका छन्, गोलअन्तरमा एपिएफ शीर्ष स्थानमा

एपिएफको जितमा समीराज नायक

राष्ट्रिय लिगको ३३औँ खेलमा एपिएफलाई जित दिलाउन समीराज थोकरले दुवै गोल गरेका थिए। खेलमा जावलाखेलले अग्रता लिएको थियो। धर्मेन्द्र कुँवरले खेलको २०औँ मिनेटमा १-० को अग्रता दिलाएका थिए। उनले लिगमा व्यक्तिगत तीन गोल गरिसकेका छन्। दोस्रो हाफमा समीराज चम्किएपछि एपिएफले ३ अंक बटुल्यो। समीराजले ५८औँ मिनेटमा एपिएफलाई १-१ को बराबरीमा ल्याए। खेलको ८४औँ मिनेटमा उनले एपिएफलाई २-१ को जितका लागि गोल गरे। प्रतिस्पर्धामा उनी प्लेयर अफ दी म्याच बने। एपिएफबाट समीराजले लिगमा व्यक्तिगत तीन गोल गरेका छन्। उनले चर्च ब्वाइजविरुद्ध एक गोल गरेका थिए।

मच्छिन्द्रको जितमा विदेशी खेलाडी चम्किए

दुईपटक 'ए' डिभिजन लिग जितेको मच्छिन्द्रको योजना राष्ट्रिय लिग पनि हात पार्ने हो। मच्छिन्द्रले यसै रणनीतिअनुरूप लिगमा प्रतिस्पर्धा गरिरहेको छ।

राष्ट्रिय लिगमा राम्रा विदेशी तथा स्वदेशी खेलाडी अनुबन्ध गरेको छ। मच्छिन्द्रको चार जितमा विदेशी खेलाडी नै नायक बन्दै आएका छन्। चित्लाङविरुद्ध विदेशी खेलाडी जोनाथन जोरिल्ला र एलिजोन एलिजोनोभले समान एक तथा प्रदीप बुढाथोकीले एक गोल गरेका थिए। खेलको ३०औँ मिनेटमा प्रदीपले मच्छिन्द्रलाई १-० को अग्रता दिलाए। मध्यान्तरअघि मच्छिन्द्र एक गोलले अगाडि रह्यो।

खेलमा जोनाथनले ६५औँ मिनेटमा मच्छिन्द्रलाई २-० को स्थितिमा राखे। प्रतियोगितामा उनको यो तेस्रो गोल हो। एलिजोनोभले ६९औँ टोलीको लागि ३-० को अग्रता बनाएका हुन। चित्लाङका विज्ञान खडकाले ७०औँ मिनेटमा एक गोल फर्काएका थिए।

भुवनले लिए ६ स्ट्रोकको अग्रता

नयाँ पत्रिका



सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिपको दोस्रो दिनको खेल समाप्तिमा बुधबार भुवन नगरकोटीले ६ स्ट्रोकको अग्रता लिएका छन्। उनले उपाधि जित्ने सम्भावना मजबुत पारेका पारेका छन्। मिथिला नगरी आर्मी गल्फ क्लबमा भुवनले समग्रमा ७ अन्डर १३७ को स्कोर गरे। उनले दोस्रो स्थानमा संयुक्त रूपमा रहेका टंकबहादुर कार्की र भुवनकुमार रोकालाई ६ स्ट्रोकले पछि पारे। कार्की र रोकाले समग्रमा १ अन्डर १४३ स्कोर बनाए। सुमन परियार इभन पार १४४ स्कोरका साथ चौथो स्थानमा छन्। नेपालका नम्बर एक प्रोफेसनल गल्फर नीरज तामाङ १ ओभर १४५ स्कोरका साथ पाँचौँ स्थानमा रहे।

पाँचौँ स्थानमा सुमन राई (७४) र धनबहादुर थापा (७४) छन। प्रोफेसनल गल्फर जयराम श्रेष्ठ र दिनेश प्रजापतिले ३ ओभर १४७ स्कोरसहित संयुक्त नवौँ स्थान बाँडे। जयरामले दिनकै उत्कृष्ट ३ अन्डर ६९ र दिनेशले २ ओभर ७४ खेले।

८ ओभर १५२ को स्कोरमा कट लागू भएको थियो। जसमा १८ प्रोफेसनल र दुई एमेच्योर अन्तिम राउन्डमा प्रवेश गरेका छन्। प्रोफेसनलमा कुमार कामी, रवि खडका, रमेश अधिकारी, प्रदीपकुमार लामा, सूर्यप्रसाद शर्मा, बलभद्र राई, सविन सापकोटा र दीपक मगरले कट पार गरे। एमेच्योरतर्फ प्रकृत तामाङ ३ ओभर १४७ सहित शीर्ष स्थानमा छन्। उनी समग्रमा नवौँ स्थानमा छन्।

नगरकोटीले फ्रन्ट नाइन २ अन्डर ३४ र ब्याक नाइनमा सबै नौ होलमा पार सेभ गर्दै इभन पार ३६ खेले। उनले पहिलो प्रतियोगितामा ५ अन्डर ६७ स्कोर गर्दै कोर्स रेकर्ड बनाएका थिए। कार्कीले फ्रन्ट नाइन १ अन्डर ३५ र ब्याक नाइन इभन पार ३६ स्कोर गरे। रोकाले दोस्रो र सातौँ होलमा बोगी खेलेपछि आठौँ होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन १ ओभर ३७ मा सकाए।

■ नेदरल्यान्डस र बंगलादेश विश्वकपमा



काठमाडौं/ बंगलादेश र नेदरल्यान्ड्स आइसिसी महिला टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा छनोट भएका छन्। ग्लोबल छनोटअन्तर्गत सुपर सिक्समा दुवै राष्ट्रले बुधबार आ-आफ्नो खेलमा जित निकाल्दै आगामी जुनमा वेल्स र इंग्ल्यान्डले आयोजना गर्ने विश्वकपको स्थान सुरक्षित गरेका हुन्। नेदरल्यान्ड्स पहिलोपटक विश्वकपमा पुगेको हो। नेदरल्यान्ड्स र बंगलादेशले सुपर सिक्समा समान ६ अंक जोडेका छन्।

खेल संक्षेप

एक्सेल्सियर र रिब्स विजयी

काठमाडौं/ आयोजक एक्सेल्सियर र रिब्सले १२औँ एक्सेल्सियर कपअन्तर्गत बास्केटबलको सिनियर महिलामा जित निकालेका छन्। बुधबार भएको खेलमा एक्सेल्सियरले ह्वाइटफिल्डलाई १४-७ ले पराजित गऱ्यो। रिब्सले द चाँदबाग स्कुललाई २२-१२ ले हरायो। एक्सेल्सियर कपअन्तर्गत पुरुष फुटसलको यू-११ मा बोधिवृक्षले बोधिसत्त्वलाई ५-० को फराकिलो अन्तरले पाखा लगायो। यू-१३ मा एक्सेल्सियर (यल्लो)ले बाल दीक्षा सदनलाई ४-० ले पराजित गऱ्यो। यू-१६ पुरुषमा बोधिसत्त्वले संस्कृतिमाथि ३-० को जित निकाल्यो।

फेरिल्यान्ड सेमिफाइनलमा

काठमाडौं/ आयोजक फेरिल्यान्ड इन्टरनेसनल स्कुलका तीनैवटै टोली दोस्रो फेरिल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। बुधबार भएको खेलमा फेरिल्यान्डको जुनियर महिलाका दुई र जुनियर पुरुषका एक टोलीले अन्तिम चारको स्थान पक्का गरेका हुन्। जुनियर महिलामा फेरिल्यान्ड 'ए'ले जेबी स्कुललाई २४-१८ ले पराजित गऱ्यो। फेरिल्यान्ड 'बी'ले वसुन्धरा नेसनल एकेडेमीलाई १९-१५ ले हरायो। जुनियर पुरुषमा फेरिल्यान्डले बिएनएलाई १९-१५ ले पन्छायो। जेबी स्कुलले गोल्डेनपिकलाई १८-१६ र एन्जल्स हार्टले हिमशिलालाई २६-२२ ले पराजित गरे।

केभिकेएसएसको सहज जित

काठमाडौं/ आयोजक केभिकेएसएस 'ए' र ल्यान्डमार्क एकेडेमी पाँचौँ केभिकेएसएस छात्रा अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। केभिकेएसएस 'ए'ले आफनै 'सी' टोलीलाई २६-१२ ले पराजित गऱ्यो। अर्को क्वार्टरफाइनलमा ल्यान्डमार्कले ह्वाइट हेभेनलाई १५-६ ले हरायो। ल्यान्डमार्ककी अञ्जली राईले ६ स्कोर गरिन्। सेमिफाइनल पुग्ने बाँकी दुई टोलीको बिहीबार टुंगो लाग्नेछ। भ्याली पब्लिक र राई स्कुल तथा इडेन ब्रिज एकेडेमी र तेजस्वी एकेडेमीबिचको खेल हुन बाँकी छ।

आठौँ राष्ट्रिय कराँते हुने

काठमाडौं/ नेपाल सोतोकान कराँते संघको आयोजनामा आगामी शुक्रबारदेखि आठौँ राष्ट्रिय खुला कराँते प्रतियोगिता भक्तपुरमा हुने भएको छ। सोतोकान कराँते संघको २८औँ वार्षिकोत्सवका अवसरमा थिमी नगरपालिका- २ मा प्रतियोगिता हुने भएको हो। दुई दिनसम्म चल्ने प्रतियोगितामा काता र कुमुतेतर्फ क्याडेट, जुनियर, सिनियर र भेट्रानतर्फ प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ। ४९ जिल्लाबाट पाँच सय खेलाडी छनोट गरिएको नेपाल सोतोकान कराँते संघका अध्यक्ष हेमकुमार श्रेष्ठले बताए।

यलम्बर कप सुरु

काठमाडौं/ चौथो यलम्बर कप राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिता बुधबारदेखि सुरु भएको छ। प्रतियोगिताको पहिलो दिन यू-१७ पुरुष एकलमा लभ ब्याडमिन्टन एकेडेमीका अस्मित राणाले देवीनगरका सुभाङ आचार्यलाई २-० को सेटमा हराए। आर्मीका प्रतीक विष्टले धन्यन्तरीका सुशान्त प्रजापतिलाई २-१ को सेटमा निराश बनाए। कीर्तिपुर ब्याडमिन्टन क्लबका समन्तभद्र बज्राचार्य र भिन्छेबहाल ब्याडमिन्टन क्लबका रोनिश बज्राचार्यले पहिलो चरण पार गरेका छन्।

टाइगर कपमा न्यु डायमन्डको चौथो जित

कास्कीमा रोहितराज पराजुली

छैटौं टाइगर कप भलिबल च्याम्पियनसिपको महिलातर्फ अपराजित रहँदै न्यु डायमन्ड युथ स्पोर्टस क्लबले थाइल्यान्डको क्विन्स क्लबलाई ३-० को सोझो सेटमा हराएको छ। पोखरामा चलिरहेको च्याम्पियनसिपमा क्विन्सको हारसँगै नेपाल पुलिस क्लब फाइनलमा पुगेको छ। पुलिसले आफ्नो खेलमा अर्को विभागीय क्लब एपिएफलाई ३-० ले हरायो। वर्षाका कारण पोखरा रंगशालाको खुला भलिबल कोर्टमा खेल हुन सकेन। आयोजकले बुधबारका खेल बहुउद्देश्यीय कभर्डहलमा गरेको थियो।



न्यु डायमन्डले क्विन्सलाई २५-२१, २५-२३ र २५-२० ले हरायो। अपराजित न्यु डायमन्ड यसअघि नै अन्तिम दुईमा पुगिसकेको थियो। लिग चरणका चारै खेल जितेको न्यु डायमन्डले सर्वाधिक १२ अंक बटुल्यो। पुलिसले ७ र क्विन्सले ६ अंक जोडेको छ। पूर्वविजेता एपिएफले ५ अंक जोडदा आर्मी जितविहीन बन्यो। अब शुक्रबार न्यु डायमन्ड र पुलिसबिच उपाधि भिडन्त हुनेछ। बिहीबार क्विन्स र एपिएफबिच तेस्रो स्थानका लागि खेल हुनेछ। महिलातर्फ एपिएफले दोस्रो, तेस्रो र चौथो संस्करणको उपाधि जितेको थियो। पुलिसले पहिलो संस्करणको उपाधि चुमेको थियो। फाइनल स्थान बनाउन पुलिसले एपिएफलाई हराउनुपर्ने थियो।

एरिका डब्लुकेएफको १३औँ स्थानमा

कराँते वान प्रिमियर लिगकी रजत विजेता नेपालकी एरिका गुरुङको डब्लुकेएफ वरीयतामा फड्को

नयाँ पत्रिका

नेपालकी कराँते खेलाडी एरिका गुरुङ विश्व कराँते महासंघ (डब्लुकेएफ)ले सार्वजनिक गरेको वरीयताको १३औँ स्थानमा उक्लेकी छिन्। टर्कीमा भएको कराँते वान प्रिमियर लिग (२०२६)मा रजत पदक जितदै इतिहास बनाएपछि गुरुङले डब्लुकेएफ वरीयतामा फडको मारेकी हुन्। मंगलबार इस्ताबुलमा ६८ केजीमाथि तौल समूहको फाइनलमा उनी काजकस्तानकी सोफियाबाट ४-२ ले पराजित भएकी थिइन्।

नेपालको कराँते इतिहासमा डब्लुकेएफको वरीयतामा शीर्ष १५ सम्म स्थान बनाउने एरिका पहिलो खेलाडी हुन्। उनी प्रिमियर लिगमा दोस्रो वरीयतामा रहेकी छिन्। एरिका आफनो तौल समूहमा एसियाली खेलाडीमध्ये दोस्रो स्थानमा रहिन। उनले २१४५ अंक बटुलेकी छिन्। 'डब्लुकेएफ वरीयतामा शीर्ष १३ सम्म पुग्नु अर्को ऐतिहासिक सफतला हो,' एरिकाका प्रशिक्षक कुशल श्रेष्ठले भने, 'अन्तर्राष्ट्रिय खेलमा थप पदक ल्याउँदा वरीयतामा फेरि सुधार आउने विश्वास छ।' अहिले नेपाली कराँते टोली बेलायतमा छ। टोलीले बेलायतमा अन्तर्राष्ट्रियस्तरको कराँते प्रतियोगिता खेल्दै छ।



दुई वर्षदेखि सक्रिय

एरिका पछिल्लो दुई वर्षदेखि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आइरहेकी छिन्। त्यसमा उनले उत्कृष्ट प्रदर्शनसमेत गरेकी छिन्। विश्वस्तरीय कराँते प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेकै कारण उनको डब्लुकेएफ वरीयतामा सुधार आएको हो। कराँते वान प्रिमियर लिगमा दोस्रोपटक सहभागी हुँदा उनी पदकविहीन भइनन्। गत वर्ष पहिलोपटक भाग लिँदा उनले कांस्य पदक जितेकी थिइन्। गत वर्ष प्रिमियर लिग वानमा सहभागी हुँदा उनी २७औँ स्थानमा थिइन्। गत कात्तिकमा इजिप्टको कायरोमा भएको डब्लुकेएफ विश्व च्याम्पियनसिपमा तीन फाइट जिते पनि निर्णायक फाइटमा पराजित हुँदा उनी पदकविहीन भइन्। गत असोजमा मलेसियामा भएको कराँते वान सिरिज 'ए'मा एरिकाले ऐतिहासिक स्वर्ण पदक जितेकी थिइन्। यसैगरी, सन २०२३ मा चीनको हाङझाउमा भएको १९औँ एसियन खेलकुद प्रतियोगितामा ६८ केजीमाथि तौल समूहमा उनले रजत पदक हात पारेकी थिइन्।

सोफिया नै मुख्य प्रतिद्वन्द्वी

काजकस्तानकी सोफिया र एरिकाबिच ६८ केजीमाथि तौल समूहमा कडा प्रतिस्पर्धा भइरहेको छ। एरिकाले सोफियालाई एकपटक हराएकी छिन्। उनले विपक्षीलाई प्रत्येक भेटमा कडा चुनौती दिँदै आएकी छिन्। सन् २०२३ को १९औँ एसियाडमा यी दुई खेलाडीबिच स्वर्ण भिडन्त भएको थियो। चीनमै भएको २०औँ एकेएफ कराँते च्याम्पियनसिपमा एरिकाले सोफियालाई सेमिफाइनलमा हराएकी थिइन्।